# माटाको सुगन्ध

कविता–सङ्ग्रह

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्कायअन्तर्गत रत्नराज्यलक्ष्मी क्याम्पस, नेपाली शिक्षण समिति,
स्नातकोत्तर तह, नेपाली विषयको दसौँ पत्रको
प्रयोजनका लागि प्रस्तुत

# सिर्जनापत्र

प्रस्तुतकर्ता
जीवनाथ अधिकारी
२०६२/०६३
रोल नं. ४४२०
रत्नराज्यलक्ष्मी क्याम्पस
प्रदर्शनीमार्ग, काठमाडौँ

# निर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय, रत्नराज्यलक्ष्मी क्याम्पस, नेपाली शिक्षण समितिअन्तर्गत स्नातकोत्तर तह नेपाली विषयको दसौँ पत्रको प्रयोजनका निम्ति मेरा निर्देशनमा श्री जीवनाथ अधिकारीले 'माटाको सुगन्ध' (कविता-सङ्ग्रह) सिर्जनापत्र मिहिनेतका साथ तयार पार्नुभएको हो । यो सिर्जनापत्र मूल्याङ्कनका निम्ति सिफारिस गर्दछु ।

निर्देशक

........................

यज्ञेश्वर निरौला

उपप्राध्यापक

२०६७ असार

# कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, रत्नराज्यलक्ष्मी क्याम्पसमा २०६२–०६३ मा नेपाली मूल विषय लिई नाम दर्ता गराई अध्ययन प्रारम्भ गरेको हुँ । सो क्रममा दसौँ पत्रका प्रयोजनका लागि शोधपत्र वा सिर्जनापत्र तयार पार्ने वैकल्पिक व्यवस्थाअनुरूप नेपाली शिक्षण समितिमा सिर्जनापत्र तयार गर्ने प्रस्तावसहित अनुरोध गर्दा समितिबाट स्वीकृत भई यो 'माटाको सुगन्ध' कविता-सङ्ग्रह तयार पारिएको हो । मेरो अभिरुचिलाई ख्याल गर्दै मेरो प्रस्तावलाई स्वीकृति दिने रत्नराज्यलक्ष्मी क्याम्पस, नेपाली शिक्षण समिति तथा समिति प्रमुखलाई हार्दिक कृतज्ञता व्यक्त गर्दछु । सिर्जनापत्र तयार पार्ने क्रममा मेरा निर्देशक आदरणीय गुरु उपप्राध्यापक श्री यज्ञेश्वर निरौलाज्यू, जसले विशेष सहयोग, सल्लाह, सुझाव र निर्देशन दिनुका साथै विभिन्न सामग्री उपलब्ध गराइदिनुभएको छ, जुनसुकै बेलामा पनि समय उपलब्ध गराएर परिमार्जन र परिष्कार गर्नका लागि सहयोग र प्रेरणा प्रदान गर्नुभएको छ, उहाँप्रति हृदयैदेखि कृतज्ञता व्यक्त नगरी रहन सक्तिनँ, जसको सहयोगविना यो सिर्जनापत्र यस रूपमा तयार हुन सम्भव थिएन । त्यसैगरी विभिन्न कविता विश्लेषणार्थ आफ्नालगायत अन्य कविका कविता-कृति उपलब्ध गराइदिने कवि देवी नेपालप्रति पनि आभार व्यक्त गर्दछु । यस क्रममा कवि डिल्लीराम गौतमको सहयोग पनि अविस्मरणीय छ । टाइपमा सहयोग पु¥याउने स्नेही छोरी शारदा तथा छोरा आभासलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु । सेटिङमा सहयोग गर्ने विस्का कम्प्युटरका पृथ्वीराम श्रेष्ठ पनि धन्यवादका पात्र छन् । सिर्जनापत्र तयार पार्ने क्रममा अन्य ज-जसबाट यथोचित सल्लाह, सुझाव र सहयोग प्राप्त गरेको छु, उहाँहरू सम्पूर्णप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

जीवनाथ अधिकारी
रोल नं. ४४२०
२०६२।०६३
रत्नराज्यलक्ष्मी क्याम्पस
प्रदर्शनीमार्ग, काठमाडौँ

मिति :-२०६७ असार २५ गते

त्रिभुवन विश्वविद्यालय

# रत्नराज्यलक्ष्मी क्याम्पस

प्रदर्शनीमार्ग, काठमाडौँ

पत्र सङ्ख्या :

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत रत्नराज्यलक्ष्मी क्याम्पसको स्नातकोत्तर तह द्वितीय वर्षका नेपाली विषयका छात्र जीवनाथ अधिकारीले दसौँ पत्रको प्रयोजनका लागि तयार पार्नुभएको माटाको सुगन्ध (कविता-सङ्ग्रह) शीर्षकको सिर्जनापत्र उक्त तहका निम्ति उपयुक्त देखिन आएकाले स्वीकृत गरिएको छ ।

| | | |
|---|---|---|
| )))))))))))))))))))) | ))))))))))))))))) | ))))))))))))))))) |
| (डा.जगदीशचन्द्र भण्डारी) | (यज्ञेश्वर निरौला) | (तुलसीमान श्रेष्ठ) |
| बाह्यपरीक्षक | निर्देशक | विभागीय प्रमुख |

२०६७ असार

# विषय–सूची


| अध्याय/विषय | | पृष्ठसङ्ख्या |
|---|---|---|
| अध्याय एक : सिर्जनात्मक लेखन | | १–२ |
| १ | सिर्जनात्मक लेखनका निम्ति नामदर्ता | १ |
| १.१ | सिर्जनात्मक लेखनसम्बन्धी औपचारिक तथा अनौपचारिक अध्ययन | १ |
| १.२ | सिर्जनात्मक लेखनका निम्ति प्रेरणा | १ |
| १.३ | सिर्जनात्मक लेखनका निम्ति वर्णमात्रिक छन्दका कविताको चयन | २ |
| अध्याय दुई : कविताको सैद्धान्तिक अध्ययन | | ३–१३ |
| २ | "कविता" शब्दको व्युत्पत्ति र अर्थ | ३ |
| २.१ | कविताको विधागत विकासक्रम | ३ |
| २.२ | कविताको परिभाषा | ५ |
| २.३ | कविताका घटकतत्वहरू | ६ |
| २.३.१ | शीर्षक | ६ |
| २.३.२ | संरचना | ६ |
| २.३.३ | लयविधान | ७ |
| २.३.४ | भाषाशैली | ७ |
| २.३.५ | कथन–पद्धति | ७ |
| २.३.६ | केन्द्रीय कथ्य वा भावविधान | ८ |
| २.३.७ | बिम्बविधान | ८ |
| २.३.८ | व्यञ्जना | ८ |
| २.४ | कविताको रूप तथा आयाम | ८ |
| २.४.१ | कविताको लघुतम रूप | ९ |
| २.४.२ | कविताको लघु रूप | ९ |
| २.४.३ | कविताको मध्यम रूप | १० |
| २.४.४ | कविताको बृहत् रूप | १० |
| २.४.५ | कविताको बृहत्तर/बृहत्तम रूप | ११ |
| २.५ | कवितामा छन्द/लयप्रयोग | ११ |
| २.६ | नेपाली कवितामा छन्दको प्रयोग | १२ |
| अध्याय तीन : नेपाली कविताको विकासक्रम | | १४ –२७ |
| ३.१ | पृष्ठभूमि | १४ |
| ३.२ | नेपाली कविताको कालविभाजन | १४ |
| ३.२.१ | नेपाली कविताको पृष्ठभूमिकाल (प्रारम्भदेखि १८ औँ शताब्दीसम्म) | १६ |
| ३.२.२ | नेपाली कविताको प्राथमिक काल (विसं. १८२६-१९४०) | १६ |
| ३.२.२.१ | वीरधारा (विसं १८२६-१८७२) | १७ |
| ३.२.२.२ | भक्तिधारा (विसं १८७३-१९४०) | १७ |
| ३.२.२.२.१ | कृष्णभक्तिधारा | १८ |
| ३.२.२.२.२ | रामभक्तिधारा | १८ |
| ३.२.२.२.३ | निर्गुणभक्तिधारा | १९ |
| ३.३ | नेपाली कविताको माध्यमिक काल (१९४१-१९७४) | १९ |
| ३.४ | नेपाली कविताको आधुनिक काल (१९७५-हालसम्म) | २१ |

| | | |
|---|---|---|
| ३.४.१ | परिष्कारवादी धारा (विसं १९७५-१९९०) | २२ |
| ३.४.२ | स्वच्छन्दतावादी-प्रगतिवादी धारा (विसं १९९१-२०१६) | २३ |
| ३.४.३ | प्रयोगवादी धारा (विसं २०१७-२०२९) | २५ |
| ३.४.४ | समसामयिक धारा (विसं २०३० देखि हालसम्म) | २६ |
| अध्याय चार : प्रगतिवादी नेपाली कविताको विकासक्रम : सङ्क्षिप्त चर्चा | | २८–३४ |
| ४.१ | प्रगतिवादी कवितासम्बन्धी मान्यता | २८ |
| ४.२ | प्रगतिवादी नेपाली कविताको पृष्ठभूमि | २८ |
| ४.३ | प्रगतिवादी नेपाली कविताको विकासक्रम | ३० |
| ४.३.१ | पहिलो चरण (२००७–२०१६) | ३० |
| ४.३.२ | दोस्रो चरण (२०१७–२०४५) | ३१ |
| ४.३.३ | तेस्रो चरण (२०४६ देखि हालसम्म) | ३२ |
| ४.४ | निष्कर्ष | ३४ |
| अध्याय पा“च : पाँचजना कविका कविताको विश्लेषण | | ३५–५२ |
| ५.१ | रामप्रसाद ज्ञवाली | ३५ |
| ५.१.१ | हे देवकोटा भन | ३५ |
| ५.१.२ | स्वतन्त्रदेश बाँच्न द्यौ | ३६ |
| ५.१.३ | म खुम्ची बस्न सक्तिनँ | ३६ |
| ५.१.४ | आजको नेपाल | ३७ |
| ५.१.५ | प्रतिगमन | ३७ |
| ५.२ | देवी नेपाल | ३८ |
| ५.२.१ | जागृति–स्वर | ३८ |
| ५.२.२ | देश हार्दै छ आज ! | ३९ |
| ५.२.३ | कविता लेख्न सक्दिनँ | ३९ |
| ५.२.४ | निडर बन परेवा | ४० |
| ५.२.५ | उज्यालाको खोजी | ४१ |
| ५.३ | जगत् प्रेक्षित | ४२ |
| ५.३.१ | मलाई देश चाहियो | ४२ |
| ५.३.२ | छोड्द्यौ मार्न र बाँच्न द्यौ | ४२ |
| ५.३.३ | चिन्नुपर्ने मान्छे | ४३ |
| ५.३.४ | मेरो मान्छे | ४४ |
| ५.३.५ | यस्तो देखियो | ४४ |
| ५.४ | मित्रलाल पंज्ञानी | ४५ |
| ५.४.१ | मरेकाहरू | ४५ |
| ५.४.२ | राष्ट्रका शत्रु | ४६ |
| ५.४.३ | आयो जमाना नयाँ | ४६ |
| ५.४.४ | टुकी सल्काइरहनु सुन्तली | ४७ |
| ५.४.५ | पैसा-मानव | ४८ |
| ५.५ | जगन्नाथ आचार्य | ४८ |
| ५.५.१ | किसान हूँ | ४९ |
| ५.५.२ | आह्वान | ४९ |
| ५.५.३ | यो देश चम्काउन | ५० |
| ५.५.४ | नारीप्रति | ५१ |
| ५.५.५ | चेली बेचबिखनको पीडा | ५१ |

| | | |
|---|---|---|
| अध्याय छ : आत्मसमीक्षा | | ५३–६५ |
| ६.१ | मेरो देश | ५३ |
| ६.२ | शान्तिको मान रुन्छ | ५३ |
| ६.३ | आँसुमा दुख्छ घाउ | ५४ |
| ६.४ | किन ? | ५४ |
| ६.५ | राष्ट्र नै नाङ्गिएछ | ५५ |
| ६.६ | पीडा व्याप्त | ५६ |
| ६.७ | सफलताको कडी | ५७ |
| ६.८ | फाटेको दिल जुटाऊँ | ५७ |
| ६.९ | अचम्मै छ गाँठे ! | ५८ |
| ६.१० | स्वदेश-गान | ५८ |
| ६.११ | उठून् सारा मान्छे | ५९ |
| ६.१२ | पानी | ६० |
| ६.१३ | लोकको आत्मरक्षा | ६० |
| ६.१४ | भोको बाघ नमारी हुन्न | ६१ |
| ६.१५ | कुर्सी महिमा | ६२ |
| ६.१६ | बत्तीमा तेल हालौँ | ६२ |
| ६.१७ | फूल | ६३ |
| ६.१८ | नयाँ नेपाल | ६४ |
| ६.१९ | छिमेकी | ६४ |
| ६.२० | मन | ६५ |
| अध्याय सात : 'माटाको सुगन्ध' कविता-सङ्ग्रहभित्रका कविताको प्रवृत्तिगत विश्लेषण | | ६६–६९ |
| ७.१ | विषयवस्तुका आधारमा | ६६ |
| ७.१.१ | राष्ट्रियता | ६६ |
| ७.१.२ | द्वन्द्व र शान्ति | ६६ |
| ७.१.३ | प्रकृति-चित्रण | ६७ |
| ७.१.४ | सामाजिकता | ६७ |
| ७.१.५ | आध्यात्मक चेत | ६७ |
| ७.१.६ | स्वर | ६७ |
| ७.२ | शैलीका आधारमा | ६८ |
| ७.२.१ | व्यङ्ग्य | ६८ |
| ७.२.२ | छन्द/लय | ६८ |
| ७.२.३ | शैली | ६९ |
| ७.२.४ | विम्ब-प्रतीक | ६९ |
| ७.२.५ | रस तथा अलङ्कार | ६९ |
| अध्याय आठ : माटाको सुगन्ध (कविता–सङ्ग्रह) | | ७०-९९ |
| ८.१ | मेरो देश | ७१ |
| ८.२ | शान्तिको मान रुन्छ | ७३ |
| ८.३ | आँसुमा दुख्छ घाउ | ७५ |
| ८.४ | किन ? | ७६ |
| ८.५ | राष्ट्र नै नाङ्गिएछ | ७८ |
| ८.६ | पीडा व्याप्त | ७९ |

| | | |
|---|---|---|
| ८.७ | सफलताको कडी | ८१ |
| ८.८ | फाटेका दिल जुटाऊँ | ८२ |
| ८.९ | अचम्मै छ गाँठे ! | ८४ |
| ८.१० | स्वदेश-गान | ८६ |
| ८.११ | उठून् सारा मान्छे | ८८ |
| ८.१२ | पानी | ९० |
| ८.१३ | लोकको आत्मरक्षा | ९२ |
| ८.१४ | भोको बाघ नमारी हुन्न | ९३ |
| ८.१५ | कुर्सीमहिमा | ९४ |
| ८.१६ | बत्तीमा तेल हालौँ | ९५ |
| ८.१७ | फूल | ९६ |
| ८.१८ | नयाँ नेपाल | ९७ |
| ८.१९ | छिमेकी | ९८ |
| ८.२० | मन | ९९ |

सन्दर्भसामग्री–सूची १००

अध्याय एक

# सिर्जनात्मक लेखन

## १. सिर्जनात्मक लेखनका निम्ति नामदर्ता

'माटाको सुगन्ध' कविता-सङ्ग्रह त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङकायअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तहको दसौँ पत्रको प्रयोजनका लागि तयार पारिएको हो । नेपाली विषयको स्नातकोत्तर तहका निर्धारित कक्षाहरूमा सिर्जनात्मक लेखनसम्बन्धी अध्ययन गरेपछि दसौँ पत्रको शैक्षिक प्रयोजनार्थ नमुनास्वरूप यसअगाडि नै प्रकाशित मेरो 'जूनभित्रको आगो' नामक कविता-सङ्ग्रह शोधप्रस्तावका साथ प्रस्तुत गरेँ । उक्त कविताहरूको अध्ययनपश्चात् दसौँ पत्रको शैक्षिक परिपूर्तिका लागि सिर्जनात्मक लेखनअन्तर्गत कविता सङ्ग्रह तयार पार्ने स्वीकृति विभागबाट प्राप्त भएपछि यो कविता-सङ्ग्रह तयार गरिएको हो ।

## १.१ सिर्जनात्मक लेखनसम्बन्धी औपचारिक तथा अनौपचारिक अध्ययन

सिर्जनात्मक लेखन गर्ने व्यक्तिका लागि यससम्बन्धी सैद्धान्तिक ज्ञानको आवश्यकता पर्दछ । सैद्धान्तिक ज्ञानको अभावमा लेखनले परिपक्वता प्राप्त गर्न सक्तैन । कविताको सैद्धान्तिक पक्ष, रूप, विम्ब-प्रतीक, अलङ्कारलगायत कलात्मक पक्षको सैद्धान्तिक ज्ञान कविता-सर्जकमा आवश्यक देखिन्छ । स्नातकोत्तर तहको नियमित विद्यार्थीको हैसियतले सिर्जनात्मक लेखनसम्बन्धी सिद्धान्तको अध्ययन गर्ने अवसर प्राप्त भयो । कविताको परिभाषा, तत्वहरू, विधागत यात्रा आदिको अध्ययनसमेत गरियो । कविता सिर्जनाका लागि कवितामा मौलिकता, भावात्मकता, सहजता, लयात्मकता तथा वर्ण, पद, पदावली, श्लोक, विम्ब–प्रतीक, अलङ्कार आदिको उचित संयोजनबाट मात्रै कविता 'कविता' बन्न सक्छ भन्ने कुराको अनुभवसमेत प्राप्त भयो । लेखनका सन्दर्भमा प्रतिभा, व्युत्पत्ति र अभ्यासलाई निरन्तरता दिएको खण्डमा काव्य चमत्कारपूर्ण बन्न सक्ने निर्विवाद छ । सर्जकमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चेतको पनि त्यत्तिकै आवश्यकता पर्छ । निर्धारित कक्षाहरूको अध्ययनबाट यी कुराहरूको बोध ममा भयो । साथै साहित्य गतिशील हुन्छ, नयाँ प्रवृत्ति अँगाल्दै देश-काल-परिस्थितिअनुरूप युगचित्रण गर्नुसमेत साहित्यको अभीष्ट हो भन्ने कुरासमेत अध्ययनका क्रममा जानकारी प्राप्त गरेँ ।

यसका अतिरिक्त अनौपचारिक अध्ययन पनि गरियो । विभिन्न विद्वान्का सिर्जनात्मक लेखनसम्बन्धी कार्यपत्रहरू तथा पत्रपत्रिकामा प्रकाशित कवितासम्बन्धी लेखरचनाहरूको पनि अध्ययन गर्ने मौका प्राप्त भयो । जानकार विशिष्ट सर्जकहरूसित सम्पर्क गरी कवितालेखनमा महत्त्वपूर्ण सुझावहरू प्राप्त भए । सिर्जनात्मक लेखनकै अध्ययनका क्रममा कविताका पूर्वीय–पाश्चात्य सिद्धान्त, रूप, विधागत विकासक्रम, कवितामा प्रयुक्त सौन्दर्य साधन आदिका बारेमा समेत अध्ययन गरेँ ।

### १.२ सिर्जनात्मक लेखनका निम्ति प्रेरणा

सानैदेखि पितामह तथा पिता र माताले भानुभक्तको रामायण, श्रीकृष्णचरित्र, महाभारत, गुणरत्नमाला, शिखरनाथ भाष्य तथा विभिन्न देवदेवीका स्तोत्रहरू लयात्मक ढङ्गले पाठ गरेको सुन्ने मौका पाएको हुँ । त्यसबाट प्रभावित भई स्वयं पनि लय हालीहाली वाचन गर्ने गर्थें । यसका साथै लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा, धरणीधर कोइराला, माधवप्रसाद घिमिरे आदि मूर्धन्य कविहरूका कविता पनि सानैदेखि पढ्ने अवसर प्राप्त भयो । विद्यालयमा अध्ययनरत रहँदा पद्य तथा गद्य थुप्रै कवितासमेत अध्ययन गर्ने अवसर प्राप्त भयो । यहीँदेखि ससाना फुटकर कविता लेख्नसमेत थालेँ । छन्दमा लेखिएका आफ्ना कविताले गुरुहरूबाट स्यावासी पाउँदा म पनि कविता लेख्न सक्छु भन्ने आत्मविश्वास बढ्ने गर्थ्यो । यहीँबाट म पनि वर्णमात्रिक छन्दका कविता लेख्ने अभ्यासमा लागेँ ।

### १.३ सिर्जनात्मक लेखनका निम्ति वर्णमात्रिक छन्दका कविताको चयन

नेपाली विषयको स्नातकोत्तर तहको दसौँ पत्रको प्रयोजनका लागि सिर्जनात्मक लेखनअन्तर्गत कथा, उपन्यास, नाटक, कविता (फुटकर, खण्डकाव्य, महाकाव्य) आदि विधामध्ये कुनै एक विधा लिन पाइने व्यवस्था छ भने कक्षा अध्ययन तथा शोधपत्र लेखनको पनि व्यवस्था छ तापनि मैले आफ्नो रुचिअनुरूप सिर्जनात्मक लेखनअन्तर्गत फुटकर कविता लेखनलाई चयन गर्ने निर्णय गरेँ ।

अध्याय दुई

# कविताको सैद्धान्तिक अध्ययन

## २. 'कविता' शब्दको व्युत्पत्ति र अर्थ

'कविता' संस्कृत भाषाबाट आएको तत्सम शब्द हो । 'कवि' शब्दमा 'ता' प्रत्यय जोडिएर कविता शब्द बनेको हो । नेपाली कविता भाग २ अनुसार पनि 'कविता' को व्युत्पत्ति 'कवि'+'ता' बाट भएको हो (त्रिपाठी र अन्य, २०४८ : पृ २४७) । यस्तै हिमांशु थापाले पनि कवि शब्दबाटै 'कविता' बनेको उल्लेख गरेका छन् (थापा, २०४७ : पृ ३३) ।

## २.१ कविताको विधागत विकासक्रम

साहित्यिक विधाहरूमध्ये सर्वप्राचीन विधा कवितालाई नै मान्न सकिन्छ । लोकगीत/लोकगाथा आदि साङ्गीतिक विधा मौखिक रूपमा विकास हुने क्रममा कविताको पृष्ठभूमि निर्माण भई यसले विभिन्न चरण पार गर्दै गद्य र पद्यको रूपमा विकसित भई हालसम्म आइपुगेको कुरामा विद्वान्हरू एकमत देखिन्छन् ।

सर्वप्रथम कविताको साङ्केतिक छनक वैदिक सूक्तहरूमा पाइन्छ । ऋग्वेदका केही सूक्तहरूले यसको पुष्टि गर्दछन् । पौराणिक ग्रन्थहरूमा समेत कवित्व भेट्न सकिन्छ । यी ग्रन्थको अध्ययनबाट पूर्वीय साहित्यिक परम्परामा कविता नै जेठो विधा देखिन्छ भने पाश्चात्य साहित्यमा सर्वप्रथम पद्य (भर्स) मा नै साङ्गीतिक लोकगाथाहरू भेटिएकाले पश्चिममा समेत कविता नै जेठो विधाका रूपमा परिचित छ ।

काव्यभेदका सन्दर्भमा पूर्वमा आचार्य भरतले श्रव्य र दृश्य, आचार्य भामहले गद्य र पद्य, आचार्य दण्डीले गद्य, पद्य र मिश्रित (चम्पू) तथा आचार्य वामनले गद्य र पद्य गरी काव्यभेदको चर्चा गरेको पाइन्छ । पूर्वीय काव्यपरम्परामा गद्यभन्दा भिन्न पद्यभेद नै कविताको पूर्व प्रारूप मानिन्छ भने पश्चिमी परम्परामा श्रव्य र दृश्य गरी कलाका दुई भेद देखिन्छन् । आधुनिक गद्य कविताको सुरुवात पश्चिमी परम्पराबाट भएको मानिन्छ, जसमा अङ्ग्रेजी गद्य कविताका प्रवर्तकका रूपमा अमेरिकी कवि वाल्टर ह्विटमन मानिन्छन् । नेपाली गद्य कविताको आरम्भ पनि यसै पृष्ठभूमिमा भएको देखिन्छ । नेपाली साहित्यका सन्दर्भमा कविता नै सबैभन्दा पुरानो विधाका रूपमा रहेको देखिन्छ । लोकगीत, लोकगाथालगायत श्रुतिरमणीय मौखिक लोकपरम्पराकै पृष्ठभूमिमा नेपाली कविताको लेखनपरम्परा पल्लवित हुँदै अगाडि बढेको पाइन्छ । नेपाली कविताको प्रारम्भिक लिखित रूप सुवानन्ददासको 'पृथ्वीनारायणसम्बन्धी १८२६' कविता नै नेपालीको जेठो कविता मानिन्छ । यसपछि भानुभक्त, मोतीराम, लेखनाथ आदि हुँदै आधुनिक नेपाली पद्य कविताले आफूलाई विकसित गर्दै लगेको पाइन्छ ।

अर्कातिर पाश्चात्य शैलीमा विकसित गद्य कविताले नेपाली साहित्यमा विसं २००० तिरदेखि प्रवेश गरी अघि बढेको पाइन्छ । गद्य कविताको प्रारम्भ पछि भएको भए पनि नेपाली साहित्यमा यसकै बोलबाला बढी रहन गएको देखिन्छ तापनि पचासको दशकतिरदेखि पद्य कविता–क्षेत्रमा पुनर्जागरण नै आएको मान्न सकिन्छ ।

कविताको आयाम कत्रो हुनुपर्छ ? यो कुनै सीमाबद्ध भएको पाइँदैन । पूर्वीय तथा पाश्चत्य दुवै क्षेत्रमा यो लघुतमदेखि वृहत्तम रूपसम्मका आयाममा फैलिएको पाइन्छ । पूर्वीय संस्कृत साहित्यमा लघुतम, फुटकर, खण्डकाव्य तथा वृहत्–वृहत्तर–वृहत्तम काव्य रचना भएको देखिन्छ, जसमा बाल्मीकीय *रामायण* तथा व्यासीय *महाभारत* अति विशालकाय महाकाव्यका रूपमा छन् भने पाश्चात्य साहित्यमा पनि लघुतम, फुटकर, लामा कविता तथा महाकाव्यजस्ता आयामका कविता संरचित छन्, जसमा *इलियड* तथा *ओडेसी* अति विस्तारित महाकाव्य रहेका छन् । यसै सन्दर्भमा नेपाली कविताले पनि लघुतम रूपदेखि महाकाव्यसम्मको स्वरूप प्राप्त गरेको छ ।

नेपाली कविताको शिष्ट लेखनपरम्परा आजसम्म लगभग २४० वर्षको परिपक्व भइसकेको छ । यस अवस्थामा नेपाली कविताको प्राथमिक कालको पूर्वार्द्धमा वीरधारा तथा उत्तरार्द्धमा भक्तिधारा (कृष्णभक्तिधारा, रामभक्तिधारा तथा निर्गुणभक्तिधारा) प्रमुख रूपमा स्थापित भएको पाइन्छ भने माध्यमिक कालमा शृङ्गारिक भावधाराको परिपाक भएको देखिन्छ । नेपाली कविताले आधुनिक कालमा पाइला टेकेपछि भने यसले विविध धाराहरू पक्रिँदै अगाडि बढेको पाइन्छ । यस कालमा परिष्कारवदी, स्वच्छन्दतावादी-प्रगतिवादी, प्रयोगवादी र समसामयिक धाराहरूको विकास क्रमशः भएको पाइन्छ । आधुनिक कालको सुरुवातसँगै गद्य कविताको मूलप्रवाह देखिए पनि पद्य कविता पनि त्यससँगसँगै अघि बढेको पाइन्छ र हाल आएर यसले आफूलाई अझ क्रियाशील बनाएको पाइन्छ । विषयवस्तु, प्रवृत्ति, लय, प्रस्तुति, समसामयिकता आदिको सेरोफेरोमा पद्य कविताले वैविध्य प्राप्त गर्दै विकसित हुन सफल भएको छ ।

साहित्यिक अन्य विधा र कविताका बीचमा भावसघनता र वाह्य/आन्तरिक श्रुतिमाधुर्यले भिन्नता देखाउँछ । हामी नेपाली कविताको विकासक्रममा पनि यिनै कुरा देख्तछौं । नेपाली कवितामा आत्मकथन शैली र तृतीय पुरुष शैलीको अधिक प्रयोग पाइन्छ भने द्वितीय पुरुष शैली न्यून मात्रामा देखिन्छ । भावको गतिमा तीव्रता ल्याउन नेपाली खण्डकाव्यमा वैकल्पिक रूपमा तथा महाकाव्यमा अनिवार्य रूपमा आख्यान तथा नाटकीय सङ्कथन पद्धति अङ्गीकार गरेको पाइन्छ । नेपाली कविताको विकासमा उपमा, रूपक, उत्प्रेक्षा, अनुप्रास आदि अलङ्कार तथा नवीन विम्ब-प्रतीक र सङ्केतका प्रयोगले नेपाली कविता उच्च, परिष्कृत र विकसित हुँदै फस्टाउन सफल भएको छ ।

२.२ कविताको परिभाषा

कविता पूर्ण रूपमा परिभाषित हुन नसके पनि पूर्वीय, पाश्चात्य तथा नेपाली विद्वान्हरूले भाव, विचार, लय, भाषा, प्रवृत्ति, प्रयोग र विषयवस्तु आदिका आधारमा केही मात्रामा परिभाषा गर्ने प्रयास गरेको देखिन्छ । पूर्वीय परम्परामा भामह, दण्डी, रुद्रट आदि अलङ्कारवादी विद्वान्हरूले अलङ्कारलाई कविताको आत्मापक्ष मानेका छन् भने वक्रोक्तिवादी कुन्तकले घुमाउरो भनाइ नै काव्य हो भनेका छन् । रीतिवादी आचार्य वामनले काव्यात्माको रूपमा रीतिलाई लिएका छन् भने ध्वनिवादी आचार्य आनन्दवर्द्धनले वाच्यार्थ र लक्ष्यार्थभन्दा भिन्न अर्थध्वनित गराउने शब्दार्थ नै काव्यको आत्मा मानेका छन् । उता रससम्प्रदायका विश्वनाथ, जगन्नाथ आदि आचार्यहरूले काव्यका रूपमा रसात्मक वाक्यलाई लिएका छन् । यी विद्वान्हरूले कल्पना, भाव, शैली आदिलाई काव्यतत्त्व मानी कविताको परिभाषा गरेका छन् (सिग्द्याल, २०१६) । पश्चिमी साहित्यमा कविताको परिभाषाको परम्परा खोज्दा होमरको परिभाषासम्म पुगिन्छ । उनले कवितालाई काव्यकलाको स्रोतको रूपमा जादुमय दिव्य प्रेरणालाई मान्दै आह्लादमय अनुकरणात्मक तत्त्वका रूपमा परिभाषित गरेका छन् (त्रिपाठी, २०४८ : पृ ६) । त्यसैगरी वर्डस्वर्थले प्रबल मनोवेगको स्वच्छन्द प्रवाहलाई कविता मानेका छन् (थापा, २०४७ : पृ ४०) । हडसन, सेली, कलरिज, गेटे, टिएस इलियटलगायत थुप्रै व्यक्तिले पनि कविताको परिभाषा गर्न खोजेको पाइन्छ । पाश्चात्य काव्यपरम्परामा पनि सबैको एउटै मत नदेखिए तापनि अनुकरणात्मकता, सम्प्रेषणीयता, वस्तुगत समीकरण, भावनात्मकता, सौन्दर्यपरकता, स्वच्छन्दता, कलात्मकता, निर्वैयक्तिकता, रागात्मकता, संवेद्यता, श्रुतिरमणीयता, साङ्गीतिकताजस्ता विशेषताहरू कवितामा हुनुपर्नेमा सबैको जोड देखिन्छ । कविताको परिभाषा गर्ने सन्दर्भमा नेपाली विद्वान्हरूमा पूर्वीय तथा पाश्चात्य काव्यचिन्तनको प्रभाव केही मात्रामा परेको देखिए पनि कवितासम्बन्धी मौलिक परिभाषा दिने प्रयास पनि भएका छन् । बालकृष्ण समका विचारमा कविता भावनाको बौद्धिक कोमलता हो (थापा, २०४७ : पृ ४०) । यता केदारमान व्यथितका अनुसार तीव्रगामी कल्पनाको घोडामाथि अनुभूतिको काठी कसी विचारको लगाम कसेर भावुकता चढेको नै कविता हो (थापा, २०४७ : पृ ४०) । राष्ट्रकवि माधवप्रसाद घिमिरेले शब्द र सङ्गीत, अर्थ र अभिप्रायमा तदाकार भएर जो अनौठो अनुभूति हुन्छ, त्यही नै कविता हो भनेका छन् (घिमिरे, २०३० : पृ २७) । समालोचक डा. वासुदेव त्रिपाठीका अनुसार कविता लयात्मक भाषिक कलाका रूपमा चिनिन्छ अनि यो सौन्दर्यपरक लयात्मक भाषिक अभिव्यक्ति हो, वाङ्मय पनि हो, भाषिक प्रयोग क्षेत्रको लयात्मक सौन्दर्य-उपज पनि हो (त्रिपाठी र अन्य, २०५३ : पृ १५) । यी परिभाषाहरू हेर्दा कवितामा भावात्मकता, कोमलता, बौद्धिकता, कलात्मकता रहने; कल्पना, अनुभूति, भावको सहकारिता तथा जीवन-जगत्को लयात्मक सौन्दर्यपरक र साङ्गीतिक भावविधान नै कविता हो भन्ने कुरा देखिन्छ भने महाकवि देवकोटाले भावनाको स्वच्छन्द उडानलाई कविता मानेका छन् । निष्कर्षमा नेपाली कवि/समालोचकहरूको कवितासम्बन्धी परिभाषा अध्ययन गर्दा भावनाको

स्वच्छन्द उडान , कल्पना, विचार र भावको समायोजन, कलात्मक भावविधान, भावनाको बौद्धिक कोमलता, साङ्गीतिक झङ्कार, सौन्दर्यपरकताजस्ता तत्त्वहरू कवितामा विद्यमान रहनुपर्ने देखिन्छ ।

२.३ कविताका घटकतत्त्वहरू

साहित्यका अन्य विधामा झैँ कवितामा पनि यसका सामान्य तत्त्वहरू हुन्छन् । कविताको विधागत निजी तत्त्वका रूपमा लयात्मकतालाई लिइन्छ तापनि अन्य विधाले अँगाल्ने कतिपय तत्त्वहरूसमेत कविताले अङ्गीकार गरेको हुन्छ । कविताका खास तत्त्व भावविधान, भाषा, रूप र साङ्गीतिकता नै हुन् तापनि समग्र साहित्यले अँगाल्ने तत्त्वहरू तथा कविताका लघुतमदेखि महाकाव्यसम्मका स्वरूपले अँगाल्ने मुख्य तत्त्वहरू यसप्रकार देखिन्छन् : (१) शीर्षक (२) संरचना (३) लयविधान (४) भाषाशैली (५) कथनपद्धति (६) केन्द्रीय कथ्य तथा भावविधान (७) विम्ब–प्रतीक र अलङ्कार (८) व्यञ्जना

२.३.१ शीर्षक

शीर्षक कविताको सिङ्गो भावको सूचना दिने तत्त्व हो । यसले कविताको समग्र भाव समेट्न सक्नुपर्छ । मूल्य र रूपसँग समेत शीर्षकको अभिन्न सम्बन्ध हुने गर्छ । त्यसैले कविताको वाहय तथा आन्तरिक पक्षसँग शीर्षकको सङ्गति अत्यावश्यक हुन्छ । कविले कविताको केन्द्रीय कथ्य र शीर्षकबीचको सङ्गति गराउन नसके कविताले सार्थकता प्राप्त गर्न सक्तैन । यसका लागि शीर्षक चयनको सतर्कता निकै महत्त्वपूर्ण देखिन्छ ।

२.३.२ संरचना

कविताको संरचना वाहय र आन्तरिक दुई किसिमको हुन्छ ।

*(क) वाहय संरचना*

वाहय संरचनाअन्तर्गत पद, पदावली, श्लोक वा अनुच्छेद हुँदै खण्डकाव्यसम्ममा पुग्दा सर्गयोजनासमेत पर्दछ । खण्डकाव्यमा सर्गयोजना वैकल्पिक रूपमा रहे पनि महाकाव्यमा यो अनिवार्य हुन पुग्दछ । यहाँ प्रयुक्त सर्ग शब्दको अर्थ अध्याय, परिच्छेद, भाग, खण्ड आदिका रूपमा बुझिन्छ । वाहय संरचनाभित्रै कविताको आन्तरिक संरचना विद्यमान रहन्छ ।

*(ख) आन्तरिक संरचना*

कविताको आन्तरिक संरचना भन्नु केन्द्रीय भावको कलात्मक सङ्गठनको परिणति हो । द्वन्द्वात्मकता, समन्वय आदिबाट कविताको आन्तरिक संरचनाले आकार प्राप्त गर्दछ । आख्यानहीन कविताको आन्तरिक संरचनामा समयान्विति, स्थानान्विति र भावान्वितिको सङ्गतिबाट कविताले

विस्तारित आकार प्राप्त गर्दछ । विम्बप्रतीक, अलङ्करण, व्यञ्जना, लय पनि कविताका आन्तरिक संरचनाकै विविध तत्त्वहरू हुन् । केन्द्रीय भावपुष्टिमा यिनको सहयोग रहन्छ ।

### २.३.३ लयविधान

कविताको प्रमुख तत्त्व लयविधान हो । यसले नै साहित्यका अन्य विधा र कविताका बीचमा विभेद देखाउँछ । लय पनि कवितामा बद्ध र मुक्त दुई किसिमको हुन्छ । शास्त्रीय नियममा रहेर छन्दोबद्ध रूपमा रचिने कवितामा बद्ध लय स्थापित भएको हुन्छ । बद्ध लयमा चरण/पङ्क्तिमा वर्ण, वर्णमात्रा तथा अक्षरको वितरणक्रम नियमित तथा अनुशासनयुक्त मानिन्छ । गद्य कवितामा पनि लयविधान अनिवार्य मानिन्छ । तर यसमा मुक्त लय प्रयुक्त हुन्छ । लयविधान पनि आन्तरिक र बाहृय गरी दुई प्रकारको मानिन्छ । आन्तरिक लयअन्तर्गत चरण वा पङ्क्तिपङ्क्तिबीच अनुप्रास, प्रभावैक्यता, सामान्य ध्वनिको पुनरावृत्ति, अन्तर्लयको झङ्कार पर्दछन् भने वाहृय लयअन्तर्गत वर्ण, अक्षर, मात्रा, गण आदिको प्राधान्य रहन्छ । कविताको लयविधानले नै कवितालाई जीवन्त बनाउँछ ।

### २.३.४ भाषाशैली

भाषाको माध्यमबाट कवित्व प्रवाहित हुने भएकाले भाषाशैलीलाई कविताको प्रमुख तत्त्वका रूपमा मानिन्छ । कवितालाई लालित्यपूर्ण, रागात्मक, व्यञ्जनात्मक तथा लयात्मकतापूर्ण बनाउने शक्ति भाषामा रहेको हुन्छ । भाषाशैलीको सशक्तीकरणमा केही मात्रामा व्याकरणात्मक अनुशासनमा विचलन आए पनि उच्च भाषिक शैलीले कविताका अन्य तत्त्वलाई पनि प्रभावकारी बनाउन भूमिका खेलेको हुन्छ ।

### २.३.५ कथन–पद्धति

कविले आफ्नो कवितात्मक अभिव्यक्ति कोद्वारा प्रस्तुत गर्दछ, त्यो नै कथन–पद्धति हो । कवि आफैँले आफ्नो अभिव्यक्तिको प्रस्तुति गर्छ भने कवि प्रौढोक्ति कथनपद्धति हुन्छ तथा कविले अर्को वक्ता खडा गरी अभिव्यक्ति प्रस्तुत गर्छ भने कविनिबद्ध प्रौढोक्ति कथनपद्धति हुन्छ । खण्डकाव्य/महाकाव्यमा प्रायः कविनिबद्ध प्रौढोक्ति रहेको हुन्छ । कवि प्रौढोक्तिमा आत्मपरकता प्रधान भएर रहने भएकाले भावकसँग सोझै कविले कुरा गर्दछ । कहिलेकहीँ द्वितीय पुरुष शैली प्रयोग भए पनि प्रायः प्रथम तथा तृतीय पुरुष शैली नै प्रयोग भएको हुन्छ । लघु कवितामा कहिलेकहीँ सूक्ष्म आख्यान आउन सक्ने हुँदा त्यहाँ पनि सूक्ष्म रूपमा कथानक, पात्रविधान, संवाद, वातावरण, दृश्य आदि समावेश हुन सक्छन् । अतः कविताका लघुतम तथा लघु रूप र कुनै खण्डकाव्यमा समेत कविप्रौढोक्ति तथा आख्यानीकृत/नाटकीकृत खण्डकाव्य/महाकाव्यमा कविनिबद्ध प्रौढोक्ति कथन-पद्धति प्रयोग गरिएको पाइन्छ ।

२.३.६ केन्द्रीय कथ्य वा भावविधान

कवितामा भनिने मुख्य विषयवस्तु नै कथ्य हो । कवि हृदयले आर्जेको अनुभवपुञ्जलगायत जीवन-जगत्का कुराहरू, इतिहास, पुराण, सामाजिक विषयवस्तु, दर्शन, ज्ञानविज्ञान आदि कुराहरू कविताका कथ्य हुन सक्छन् । कविताको केन्द्रीय कथ्य नै यसको भावविस्तार हो जो कविताको सारतत्त्व पनि हो ।

२.३.७ विम्बविधान

कविताको अर्को महत्त्वपूर्ण तत्त्व विम्बविधान हो । यसले केन्द्रीय कथ्यलाई सहज ढङ्गले अर्थपूर्ण बनाउँछ । विम्ब व्यञ्जनाधर्मी हुने भएकाले वक्रोक्ति तथा अतिशयोक्तियुक्त विम्बालङ्कारहरू बढी व्यञ्जनामूलक देखिन्छन् । कवितामा विम्बविधानको सङ्गतिबाट कवितालाई कलात्मक तथा सौन्दर्यपरक बनाउन सहज हुन्छ । त्यसकारण कवितामा सम्प्रेषणीय विम्बविधानको अपेक्षा गरिन्छ ।

२.३.८ व्यञ्जना

अभिधा, लक्षणा र व्यञ्जनामध्ये कुनै पनि रूपमा कथनलाई प्रस्तुत गर्न सकिन्छ । अभिधाले उक्तिको सोझो अर्थ प्रकट गर्छ, लक्षणा कुनै प्रसिद्ध अर्थसँग सम्बन्धित हुन्छ । कथनको प्रसिद्ध वा अप्रसिद्ध अर्थ बुझाउन सक्ने सामर्थ्य राख्ने भएकाले व्यञ्जना कथनको चामत्कारिक शक्ति हो । यसर्थ व्यञ्जनाको कविता विधामा अनिवार्य उपस्थिति मानिन्छ । यो सिङ्गै कवितामा वा अंश विशेषमा सम्बन्धित भएर आउँछ । व्यञ्जनाले कवितालाई विशेष कलात्मक बनाउन महत्त्वपूर्ण भूमिका खेल्दछ ।

२.४ कविताको रूप तथा आयाम

आन्तरिक संरचना र बाह्य संरचनाको सङ्गतिमा कविताको आयाम निर्माण भएको हुन्छ । वर्ण, पद, पदावली, वाक्य, चरण/पङ्क्ति वा श्लोक/अनुच्छेद आदिको सङ्ख्याको गणना गरी बाह्य आयाम निर्धारण हुन्छ । यस्तै पङ्क्तिको लमाइ, अनुच्छेदको विस्तार, पृष्ठसङ्ख्या, कथन-श्रवण अवधिको लमाइजस्ता कुराहरूलाई लिएर पनि कविताको आकार निर्धारण गर्न सकिन्छ । कविताको आकारको निर्धारण बाह्य संरचनाका आधारमा मात्र नगरेर आन्तरिक संरचनाअनतर्गत पर्ने कथ्य/भावविचारको लमाइ, चौडाइ, गहिराइसमेतको आँकलन गरी यसका रूपात्मक भेद छुट्याउनुपर्ने हुन्छ । कवितामा अनुभूतिको झिल्कोदेखि जीवन-जगत्को व्यापकता अटाउन सक्तछ । यहाँ कविताका मुख्य पाँच रूपहरूको चर्चा गरिएको छ । ती पाँच रूपहरू यसप्रकार छन् : १.लघुतम २.लघु (फुटकर) ३.मध्यम (खण्डकाव्य) ४.वृहत् (महाकाव्य) ५.वृहत्तर/वृहत्तम (विकसशील/आर्ष महाकाव्य) ।

### २.४.१ कविताको लघुतम रूप

भाषाका माध्यमबाट व्यक्त हुने कलात्मक-लयात्मक अभिव्यक्तिको सबैभन्दा सानो एकाइ कविताको लघुतम रूप हो । यसैलाई सामान्यतया मुक्तक भनेर पनि चिनिन्छ । सूक्ष्म आयाममा रहेर पनि भावमा पूर्णता हुनु मुक्तकको खास विशेषता हो । कविताको यो लघुतम रूप प्राचीन वैदिक संस्कृतका कवितामा पनि पाइन्छ । द्विपदी, त्रिपदी, वा चतुष्पदी ढाँचाका ऋचाहरू लघुतम रूपमा भेटिन्छन् भने कतिपय वैदिक सूक्तहरू मुक्त छन्दमा समेत पाइन्छन् । लौकिक संस्कृत परम्परामा आइपुग्दा भने अन्त्यानुप्रासहीन वार्णिक वा वर्णमात्रिक छन्दमा रचित चतुष्पदी श्लोक नै लघुतम रूपमा भेटिन्छन् । हाल प्रचलित मुक्तक त्यही चतुष्पदी श्लोकबाटै आएको देखिन्छ । पूर्वीय आचार्यहरूले कविताको विधागत वर्गीकरण गर्ने परिपाटी सुरु गरेको देखिन्छ । कवितालाई वर्गीकरण गर्ने सन्दर्भमा मुक्त र प्रबन्ध भनेर दुई रूपमा बाँडिएको देखिन्छ । मुक्तअन्तर्गत लघुतम रूप तथा दुईदेखि नौ श्लोकसम्मका युग्मक, कुलक भनिने तथा लघु कवितासम्मलाई राखिएको पाइन्छ । लघुकाव्यलाई कोशकाव्य, अलि बढी विस्तारित रूपका कवितालाई खण्डकाव्य तथा जीवनजगतका सम्पूर्ण पक्षलाई समेट्ने लामा कवितालाई महाकाव्य तथा आर्ष महाकाव्यलाई भने प्रबन्धकाव्यका रूपमा लिने गरेको पाइन्छ । पाश्चात्य कवितापरम्परामा छोटो र लामो कविता भनी वर्गीकरण गरिएको छ । नेपाली कवितापरम्परामा माध्यमिक कालदेखि गजलको सुरुवात भएको देखिन्छ जो कविताको लघुतम रूप मानिन्छ । सामान्यतया कविताको लघुतम रूप मुक्तक चार पङ्क्तिको देखिन्छ । यही चार पङ्क्तिको संरचनामा सङ्गठित मुक्तक स्वयंमा पूर्णता प्राप्त गर्न सक्ने क्षमता बोक्तछ । नेपाली कविताको समसामयिक धारामा आइपुग्दा मुक्तकले आफ्नो छुट्टै विशिष्ट स्थान ओगट्न सफल भएको देखिन्छ । अहिले आएर हाइकु, ताङ्काजस्ता कविता पनि लघुतम रूपकै देखिन्छन् ।

### २.४.२ कविताको लघु रूप

लघुतम रूपभन्दा लामो र मध्यम रूपभन्दा छोटो संरचना भएको लघु रूपको कवितालाई फुटकर कविता भनिन्छ । अनुभूतिको कलात्मक झिल्को लघुतम रूपको कविताले दुई वा चार पङ्क्तिमै पूर्णता प्राप्त गर्छ तर लघु वा फुटकर कविताको संरचनाको आयाम यति नै हुन्छ भन्ने निश्चित देखिँदैन ।

पूर्वीय साहित्य सिद्धान्तले युग्मक, कुलक आदिको अवस्था पार गरेपछिको र खण्डकाव्यसम्मको स्थिति प्राप्त नगरिसकेको अवस्थाको कवितालाई लघु रूपको कविता मानेको छ । पाश्चात्य साहित्यपरम्परामा छोटा र लामा गरी कविताको वर्गीकरण गरिएको पाइन्छ ।

नेपाली कविताको इतिहास हेर्दा मागल, सगुन, फागजस्ता लोकसामग्रीहरू लघु रूपका कविताका प्रारूप देखिन्छन् । नेपालीमा लघु कविताको जन्ममा देवस्तुति, शासकस्तुति, वीरस्तुतिजस्ता

फुटकर कविताले समेत योगदान पुऱ्याएका छन् । नेपाली साहित्यको माध्यमिक कालदेखि नेपाली लघु कविताले गतिशीलता पाएको हो । यस कालमा मुद्रण प्रविधिको विकासले लघु कविताले समेत फस्टाउने अवसर प्राप्त गऱ्यो । यस अवधिमा शासकहरूका दरवारमा हिन्दी/उर्दूका गीतगजलको बढी प्रयोगले पनि नेपालीमा गीत/गजल लेखनमा प्रेरित गरेको देखिन्छ । लघु कविताको बाहृय संरचनाका आधारमा लघु कविताको आन्तरिक संरचनाभित्र केन्द्रीय भाव लम्बिन जान्छ । यसरी हेर्दा आत्मपरकता, वस्तुपरकता वा अवचेतनमूलक सूक्ष्म आख्यान अँगाल्दै सामान्य चरणभन्दा बढी चरणको संयोजन भएको, लयात्मक/कलात्मक प्रभावैक्य अभिव्यक्तिको रूप नै लघु वा फुटकर कविता हो भन्ने देखिन्छ ।

### २.४.३ कविताको मध्यम रूप

लघु कविता र बृहत् कविताको बीचको आयाम भएको कविता मध्यम रूपको कविता मानिन्छ । नेपाली तथा पूर्वीय काव्यपरम्परामा मध्यम रूपको कविता खण्डकाव्य भनेर चिनिन्छ साथै लघुकाव्य, खण्डकाव्य र लामो कवितालाई मझौला रूपको कविता भन्ने गरिएको पाइन्छ । पूर्वमा खण्डकाव्य र पश्चिममा लामो कविता भनेर चिनिने कविताको मध्यम रूप बाहृय तथा आन्तरिक संरचनाको विस्तारसँगै विकसित हुन्छ । मध्यम रूपका कवितामा आख्यानको सूक्ष्म वा स्थूल रूप पाइन्छ । स्थूल आख्यानको प्रयोग नगरिए पनि उत्कृष्ट खण्डकाव्यको रचना भएको पाइन्छ । कुनै घटना, प्रसङ्ग, स्थान, विचारविशेष, भावविशेष आदिलाई केन्द्रविन्दु मानेर रचना गरिएका कविताले मध्यम रूप लिई खण्डकाव्य बन्न पुग्दछन् । 'ऋतुविचार', 'आगो र पानी' यस्तै खण्डकाव्य हुन् । यस प्रकारका खण्डकाव्यको सुसङ्गठन अन्तराख्यान, अन्तर्नाटकीयता, भावान्विती आदिमा आधारित हुन्छ । 'मुनामदन' स्थूल आख्यानयुक्त खण्डकाव्य हो । लामो कविताका रूपमा चिनिने 'लामा कविता' पनि यही मध्यम रूपमै पर्दछन्, जसलाई समष्टि प्रभावले भावसंप्रेषण गर्दछ । नेपाली कवितापरम्परामा लामो कविताका रूपमा 'सूर्यदान', 'गङ्गाप्रवास' आदि कवितालाई लिन सकिन्छ । खण्डकाव्यका विशेषताका रूपमा कवित्व, आख्यानयुक्तता वा आख्यानहीनता, जीवनको एक पक्षीयता, काल-स्थान र भाव-विचारको अन्विती तथा मध्यम ढाँचाको संरचना आदि देखिन्छन् भने खण्डकाव्यका आधारभूत तत्त्वका रूपमा बद्ध वा मुक्त लय, भाषाशैली, विम्बविधान, व्यञ्जना, कथनपद्धति, स्थूल वा सूक्ष्म कथानक, पात्रविधान आदि रहेका देखिन्छन् । यिनै तत्त्वका आधारमा कविताका अन्य उपविधाबाट मध्यम रूप छुट्टिन्छ ।

### २.४.४ कविताको बृहत् रूप

विस्तृत आयामिक कविता महाकाव्य हो । कविताको बृहत् तथा बृहत्तर/बृहत्तम रूपलाई महाकाव्य भनिन्छ । बृहत् महाकाव्यका रूपमा ललित महाकाव्यलाई लिइन्छ । संस्कृतका 'रघुवंश',

'कुमारसंभव' आदि बृहत् रूपका महाकाव्य मानिन्छन् भने पाश्चात्य साहित्यमा 'एनियड', 'डिभाइन कमेडी' आदि बृहत् महाकाव्य हुन् । बृहत् रूपका नेपाली महाकाव्यमा 'शाकुन्तल', 'चिसो चुह्लो', 'आदर्श राघव' आदि पर्दछन् ।

### २.४.५ कविताको बृहत्तर/बृहत्तम रूप

आर्ष वा विकसशील महाकाव्य बृहतत्तर/बृहत्तम महाकाव्य मानिन्छ । संस्कृत काव्यपरम्परामा वाल्मीकिको 'रामायण' तथा व्यासको 'महाभारत' आर्ष वा विकसशील महाकाव्य हुन् भने पाश्चात्य महाकाव्यपरम्परामा होमरका 'इलियड' र 'ओडिसी' आर्ष वा विकासशील महाकाव्य हुन् । नेपाली महाकाव्यले बृहतत्तर/बृहत्तम रूप लिइसकेको देखिँदैन ।

महाकाव्यमा कविताका सामान्य विशेषताका अतिरिक्त यसका छुट्टै निजी वैशिष्ट्यसमेत रहेका पाइन्छन् । खण्डकाव्यको अपेक्षा यसमा सर्ग योजनाको अनिवार्यता देखिन्छ । खण्डकाव्यमा जीवनजगत्को लयात्मक एकपक्षता रहन्छ भने महाकाव्यमा समग्र जीवनजगत्को लयात्मक अभिव्यक्ति रहन्छ । समग्र जीवनको बहुपक्ष महाकाव्यमा समेटिने भएकाले यसको आयाम विशाल हुन्छ ।

महाकाव्यमा आख्यान तत्त्व अनिवार्यतः देखिन्छ कारण केन्द्रीय भावविचार अति विस्तृत रूपमा रहन्छ । केन्द्रीय आख्यान प्रवाहित हुने क्रममा अन्य उपाख्यानहरू पनि समानान्तर रूपमा प्रवाहित हुन्छन् । महाकाव्यमा कविप्रौढोक्ति कथनपद्धतिभन्दा कविनिबद्ध कथनपद्धतिको प्राधान्य रहन्छ । समग्रमा, कविताका सामान्य तत्त्वहरूसमेत समेट्ता महाकाव्यमा क्षीण वा स्थूल आख्यानीकरण, जीवनजगत्को समग्र कथन, पात्रविधान, दृश्यविधान, परिवेश, विचार/भावविधान, बद्ध वा मुक्त लयविधान, विम्बविधान, व्यञ्जनाविधान, सर्ग आदि समेटिएका हुन्छन्, जसमा अभिव्यक्तिको लमाइ, चौडाइ, गहिराइ, उचाइको विस्तृत समायोजनबाट कविताको बृहत् वा बृहत्तर/बृहत्तम रूप सिर्जित हुन्छ ।

## २.५ कवितामा छन्द/लयप्रयोग

'छन्द' शब्द संस्कृतको 'छद्' धातुमा 'असुन' प्रत्यय लागेर बनेको हो । 'छद्' धातुको अर्थ 'बाँध्नु', 'प्रसन्न गर्नु' र 'रक्षा गर्नु' हो (थापा, २०४७ : पृ २७८) । संस्कृतमा छन्द शब्दको व्युत्पत्ति 'छन्दयति आनन्दयति इति छन्द' भनेर गरिएको पाइन्छ । अङ्ग्रेजी भाषामा छन्दलाई 'मिटर' भनिन्छ जसको अर्थ मापक हो । छन्दमा गति र यतिको संयोजन हुने भएकाले अभिव्यक्तिको लयात्मक मापन नै छन्द हो भन्ने कुरा देखिन्छ । गद्य वा पद्य अभिव्यक्ति भनेर छुट्ट्याउने मूल आधार नै छन्द वा लय हो । पूर्वपश्चिम दुवैतिर कवितामा छन्द वा लयको आवश्यकता अनिवार्य मानिन्छ । अझ पूर्वमा छन्दको व्यापकता रहेको पाइन्छ । पद्य कवितामा छन्दको अनुशासन कडा रूपमा रहन्छ भने गद्य

कवितामा पनि न्यूनतम आन्तरिक लयात्मकता अनिवार्य रहन्छ । यसरी कविताको सौन्दर्य प्रभावकारी बनाउन छन्दको अहं भूमिका रहन्छ ।

छन्दको ऐतिहासिक पृष्ठभूमि खोज्दै जाँदा विश्वकै सर्वप्राचीन रचना वेदमा पुग्नुपर्ने हुन्छ । वैदिक ऋचाहरूमा वैदिक छन्द पाइन्छ । पाणिनीले 'छन्दः पादौ तु वेदस्य' भनेर लेखेका छन् । यसबाट पनि छन्दको सम्बन्ध वेदसँग जोडिएको पाइन्छ (नेपाल, २०६२ : पृ २) । वेदलाई अलौकिक रचना मानिन्छ । त्यसैले छन्दको उत्पत्ति पनि अलौकिक रूपमै भएको मानिन्छ । छन्दको अलौकिकताको पुष्टि गर्ने सम्बन्धमा एघारौँ शतव्दीका आचार्य यादवप्रकाशले गुरुशिष्य परम्पराको शृङ्खला प्रस्तुत गरेका छन् : जस्तो–"छन्दको ज्ञान सर्वप्रथम भगवान शिवले प्राप्त गरे । यसपछि क्रमशः शिवबाट विष्णुले, विष्णुबाट इन्द्रले, इन्द्रबाट वृहस्पतिले, वृहस्पतिबाट माण्डव्यले, माण्डव्यबाट सैतवले , सैतवबाट यास्कले र यास्कबाट पिङ्गलले छन्दको ज्ञान प्राप्त गरे" (नेपाल, २०६२ : पृ २) । लौकिक वा शास्त्रीय छन्दको प्रयोगमा वैज्ञानिकता ल्याउने काम भने आचार्य पिङ्गलले गरेका हुन् । रामायण तथा महाभारतमा शास्त्रीय छन्दको प्रयोग भएपछि विस्तारै संस्कृत, हिन्दी, नेपाली भाषाका कविताहरूले पनि यही छन्द प्रयोग गर्न थालेको प्रस्टिन्छ । यसरी हेर्दा कवितामा छन्दको अनिवार्यता र प्राचीनता स्पष्ट हुन्छ ।

२.६ नेपाली कवितामा छन्दको प्रयोग

नेपाली कवितापरम्परा निकै पुरानो देखिन्छ । सुवानन्द दासको 'पृथ्वीनारायण' कविता नेपाली शिष्ट लेख्य कवितापरम्पराको प्रथम कविता देखिन्छ, जुन कविता कवित् वा कवित्त छन्दमा रचिएको छ ( त्रिपाठी र अन्य, २०४७ : पृ ७०) । सुवानन्ददासपछिका कवि शक्तिवल्लभ अर्यालले आफ्नो दुई श्लोकको कविता 'तनहुँ भकुण्डो' मा स्वागता छन्दको प्रयोग गरेका छन् (श्रेष्ठ, २०४७ :पृ २६) । नेपाली कवितामा वर्णमात्रिक शास्त्रीय छन्दको प्रथम प्रयोक्ता यिनै शक्तिवल्लभ अर्याल भएको कुरा हालसम्मको खोजले देखाएको छ । त्यस्तै उदयानन्द अर्ज्याल, विद्यारण्यकेशरी, वसन्त शर्मा, रघुनाथ पोखरेललगायतले नेपाली कवितामा शास्त्रीय छन्दको प्रयोग गरेका छन् । यी सबैको तुलनामा आदिकवि भानुभक्त आचार्य शास्त्रीय छन्दको प्रयोगमा सर्वाधिक सफल देखिन्छन् । भानुभक्तपछि मोतीराम भट्ट, शम्भुप्रसाद ढुङ्गेल, लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा, युद्धप्रसाद मिश्र, माधव घिमिरे आदिले यस परम्परालाई अगाडि बढाए भने वासुदेव त्रिपाठी, घनश्याम उपाध्याय कँडेल, दैवज्ञराज न्यौपाने, कञ्चन पुडासैनी, घटराज भट्टराई, भरतराज पन्त, भरतराज मन्थलीय हुँदै गणेश विषम, प्रह्लाद पोखरेल, रामप्रसाद ज्ञवाली, वासुदेव अधिकारी, देवी नेपाल आदिले छन्दपरम्परालाई जीवित राख्दै अगाडि बढाइरहेका छन् ।

नेपाली कविता लेखनपरम्परामा मुख्यतया चार किसिमका छन्दको प्रचलन रहेको देखिन्छ । जस्तै : क) मात्रिक छन्द ख) वर्णमात्रिक वा वार्णिक छन्द ग) गीति लय वा लोक छन्द घ) मुक्त छन्द । मात्रिक छन्दमा मात्राको गणना गरिन्छ । यसमा गणको छुट्टै व्यवस्था हुँदैन तापनि दीर्घ अक्षरजति

सबैलाई दुई मात्रा र ह्रस्व अक्षरजति सबैलाई एक मात्राको रूपमा गणना गरिन्छ । यसमा अक्षरको एक रूपता हुँदैन । यी छन्दहरू पनि सम, अर्द्धसम र विषम गरी तीन प्रकारका हुन्छन् (नेपाल, २०६२ : पृ ३४) । नेपाली कवितालेखन परम्परामा मात्रिक छन्दलाई अँगालेर कवितालेखनलाई अगाडि बढाउने कविहरू लेखनाथ पौड्याल, सिद्धिचरण श्रेष्ठ, दुर्गालाल श्रेष्ठ, पूर्णप्रकाश नेपाल यात्री, रामप्रसाद ज्ञवाली, प्रह्लाद पोखरेल, रमेश खकुरेल, उमानाथ शास्त्री सिन्धुलीय, सोमनाथ सिग्द्याल, माधव वियोगी आदि रहेका छन् । वर्णमात्रिक वा वार्णिक छन्दमा अक्षरको सङ्ख्यालाई महत्त्व दिइन्छ । गणव्यवस्थामा ह्रस्व र दीर्घको रूपमा सम्पूर्ण स्वर/व्यञ्जन वर्णलाई विभाजन गरी निर्धारित सङ्ख्याको पाउको संरचना गरिन्छ । यसमा गणका रूपमा आउने अक्षरसमूहलाई निर्देशित ह्रस्वदीर्घमा कडा अनुशासन कायम गरिन्छ । ह्रस्वदीर्घको कारणबाट छन्द भङ्ग गर्न पाइँदैन । भनिएको छ, “अपि मास मसं कुर्यात् छन्दोभङ्गम् नकारयेत् ।” (बरु मासलाई ‘मस’ गरियोस् तर छन्दको नियम नबिगारियोस् ।)

नेपालीमा वर्णमात्रिक छन्दलाई अँगालेर कविता लेख्ने कविहरूमा भानुभक्त आचार्य, लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, माधव घिमिरे, युद्धप्रसाद मिश्र हुँदै अगाडि बढेर वासुदेव अधिकारी, रामप्रसाद ज्ञवाली, देवी नेपाल आदि कविले यस परम्परालाई निरन्तरता दिइरहेका छन् ।

नेपाली कवितालेखन परम्परामा गीति लय/लोक छन्दले प्रशस्त प्रश्रय पएको देखिन्छ । यस्ता लोकभाकाहरू युगौँदेखि नेपाली पाखापखेरामा घन्किएका पाइन्छन् । अशिक्षित ग्रामीण जनताले सृजना गरेका यस्ता लोक छन्दमा पनि उत्कृष्ट काव्यरचना भएको पाइन्छ । यस छन्दमा अक्षरसङ्ख्यालाई आधार मानिन्छ । नेपाली झ्याउरे छन्दमा ‘मुनामदन’ जस्तो उत्कृष्ट काव्य रचना गरेर सर्वप्रथम महाकवि देवकोटाले लोकछन्दलाई काव्यिक उचाइ दिएका हुन् । लोकछन्दलाई अगाडि बढाउने कविहरूमा दैवज्ञराज न्यौपाने, माधव घिमिरे, केवलपुरे किसान, ठाकुर शर्मा, शारदाप्रसाद शर्मा, मित्रलाल पंज्ञानी, नरनाथ लुइँटेल, अनिल पौडेल, जयन्ती स्पन्दन, नारायणकुमार आचार्य, लाटो साथी, नर्मदेश्वरी सत्याल, जनकप्रसाद हुमागाईं, वासुदेव अधिकारी चर्चित रहेका छन् । यसका अतिरिक्त अन्य थुप्रै कविहरूले लोकछन्दमा कलम चलाएको पाइन्छ ।

कवितालाई मुक्त छन्दमा पनि अभिव्यक्त गर्ने गरिन्छ । वर्तमानमा धेरैजसो कविहरूले मुक्त लयलाई अँगालेर कविता लेख्ने गरेका छन् । आधुनिक नेपाली गद्य कविताका प्रवर्तक गोपालप्रसाद रिमाल मानिन्छन् । मुक्त छन्दमा छन्दको अनुशासन रहँदैन तापनि आन्तरिक लयको सङ्गठन भने अनिवार्य हुन्छ । न्यूनतम साङ्गीतिक चेतनायुक्त तर वर्ण, मात्रा, गण आदिको अनुशासन नभएको रचना गद्य कविता हो । रिमालद्वारा मुक्त लयका कविताको प्रयोगपश्चात् प्रयोगवादी धारा र समसामयिक धाराका कविहरूले मुक्त छन्दका कवितालाई अगाडि बढाउँदै आएका छन् । यस्ता कविहरूमा मोहन कोइराला, जगदीश शमशेर राणा, वैरागी काइँला, ईश्वरवल्लभ, भूपि शेरचन, हरिभक्त कटुवाल, मञ्जुल, दिनेश अधिकारीलगायत थुप्रै कविहरू रहेका छन् । अहिले मुक्त छन्दमा कवितालेखन निकै झ्याङ्गिएको देखिन्छ ।

अध्याय तीन

# नेपाली कविताको विकासक्रम

## ३.१ पृष्ठभूमि

नेपाली कविताले मौखिक अभिव्यक्तिका रूपमा नेपाली भाषाको प्राचीनतासँगै आफूलाई अगाडि बढाएको कुरालाई नकार्न सकिन्न । अनुसन्धानका क्रममा नेपाली भाषाको प्राचीन लिखित रूप लगभग १००० वर्षअगाडि सम्मको भेटिएको देखिन्छ । खोजकै क्रममा त्यसभन्दा अझ अगाडि पुग्न सक्ने सम्भावना पनि त्यत्तिकै छ । यसै क्रममा प्रा. बालकृष्ण पोखरेलले नेपाली भाषाको पहिलो लिखतका रूपमा भूपाल दामुपालको समयको सं. १०३८ को दुल्लु अभिलेख फेला पारेका छन् (पोखरेल, २०६२ : पृ १) । हालसम्म यसै अभिलेखलाई सबैभन्दा पुरानु मानिएको छ तापनि अनुसन्धानका क्रममा अझ प्राचीनतामा पुग्न नसकिने भने होइन । कुनै पनि भाषाको साहित्यिक रूप प्रथमतः पद्यबाट नै सुरु भएको देखिन्छ । भाषाको स्थूल रूपको प्रयोगसँगसँगै भाषाविकासको क्रममा यसको सूक्ष्म प्रयोग हुन थाल्नु भनेको साहित्यिक रूप प्राप्त गर्नु हो । भाषाको सूक्ष्म उपयोग भनेको कलात्मक रूप भएकाले यसमा विशिष्ट अभिव्यक्ति हुन्छ । बोलीचालीमा उपयोग गरिने भाषाको स्थूल रूप गद्यमै हुन्छ । तर जब त्यसले साहित्यिक रूप प्राप्त गर्दछ, तब त्यसको प्रारम्भ पद्यबाट भएको पाइन्छ । संसारको सर्वप्राचीन ग्रन्थ 'ऋग्वेद' पद्यमै भएकाले पनि यो कुरा पुष्टि हुन आउँछ । साहित्यमा पद्य नै गद्यभन्दा जेठो विधाका रूपमा अगाडि आउनुमा यसका खास विशेषताले गर्दा नै हो जो गद्यमा विद्यमान रहँदैनन् । गद्यभन्दा पद्य भावावेगयुक्त, सम्बद्ध, बढी अर्थछायायुक्त तथा बढी ध्वनिविधानसम्पन्न हुन्छ (श्रेष्ठ र शर्मा, २०४० : पृ २३) । यसलाई स्मृतिमा धारण गर्न सजिलो हुने भएकाले पनि कुनै पनि भाषाको आरम्भिक साहित्य पद्यमै रचना भएको पाइन्छ । यस पृष्ठभूमिलाई हेर्दा नेपाली साहित्यले पनि आफूलाई आरम्भमा पद्यबाटै स्थापित गरेको देखिन्छ ।

## ३.२ नेपाली कविताको कालविभाजन

साहित्यिक विधाको कालविभाजनकार्य त्यति सजिलो हुँदैन तापनि नेपाली विद्वान्हरूले नेपाली कविताको कालचक्रमा आ-आफ्नै ढङ्गले विभाजन गरेको पाइन्छ । कसैले प्रतिभा र कृति, कसैले राजनैतिक घटनाक्रम र कसैले उपलब्धि र प्रवृत्तिहरूलाई आधार बनाई नेपाली कविताको कालखण्ड छुट्याएको देखिन्छ । यस क्रममा इतिहासकार बालचन्द्र शर्माले गरेको विभाजन यस्तो छ :

१. उत्पत्तिकाल (कविताको शिष्ट लेखनपरम्परा सुरु हुनुअघि)

२. प्रयोगकाल (कवि इन्दिरस, बसन्त शर्मा, यदुनाथ पोखरेल, रघुनाथ पोखरेल आदिको समयलाई प्रवृत्तिको आधारमा)

३. पूर्व मध्यकाल (भानुभक्त आचार्यको समयावधि)

४. मध्यकाल (मोतीराम भट्टको अवधि; मुद्रण, प्रचार र विस्तारको युग) र

५. आधुनिक काल (चक्रपाणि चालिसे, लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा र त्यसपछिको अवधि) (शर्मा, बालचन्द्र : २०३९) ।

डा. तारानाथ शर्मा नेपाली साहित्यको इतिहास लेख्ने अर्का इतिहासकार हुन् । उनले वैज्ञानिक काल विभाजनको औचित्य देखाउँदै नेपाली कविताको विकासक्रमलाई विशेष कालखण्डमा छुट्याउने जमर्को गरेका छन् । उनका अनुसार नेपाली कविताको शिष्ट लेखनपरम्पराभन्दा पहिलेको समय तथा सुवानन्द दासदेखि भानुभक्त आचार्यको उदय हुनुपूर्वको समयलाई नेपाली कविताको भानुभक्तपूर्व युग, सं. १८७२ देखि १९३९ सम्मको समयलाई भानुभक्त युग, सं. १९४० देखि १९७६ सम्मको समयावधिलाई मोतीराम युग, सं. १९७७ देखि २००७ सम्मको अवधिलाई क्रान्तिपूर्व युग र त्यसपछिको समयलाई क्रान्तिउत्तर युग भनेर वर्गीकरण गरिएको छ (शर्मा, तारानाथ, २०५१ : पृ ५, ६) ।

त्यसैगरी नेपाली कविताको कालविभाजनकै क्रममा मोहनराज शर्मा र डा. दयाराम श्रेष्ठको विचार पनि महत्त्वपूर्ण रहेको छ । उनीहरूका अनुसार नेपाली कविताको काल विभाजन यस प्रकार रहेको छ –

१. आदिकाल वा वीरगाथा काल (सं. १८०१–१८७२ सम्म)

२. पूर्वमध्यकाल वा भक्तिकाल (सं.१८७३–१९३९ सम्म)

३. उत्तरमध्यकाल वा शृङ्गारकाल (सं. १९४०–१९७४ सम्म)

४. प्राक्-आधुनिककाल वा नव्यकाल (सं. १९७५-२००७ सम्म)

५. आधुनिककाल (सं. २००८ देखि हालसम्म) (श्रेष्ठ र शर्मा, २०४६ : पृ २७) ।

त्रिभुवन विश्वविद्यालयको मानविकी र सामाजिक शास्त्र सङ्कायअन्तर्गतको नेपाली विषय समितिले तयार पारेको पाठ्यसामग्रीमा पनि नेपाली कविताको काल विभाजन गरिएको छ । नेपाली भाषाको उद्गम र विकास, नेपाली भाषामा प्रवाहित लोकस्तरीय मौखिक सृजनात्मक परम्परा, लेख्य नेपाली भाषाको लेखनपरम्पराको विकासप्रक्रिया, साहित्येतर वाङ्मयको लेखनक्रम तथा शिष्ट साहित्यिक लेखनको विकासप्रक्रियाजस्ता कुरालाई आधार बनाई नेपाली कविताको इतिहासको कालविभाजन गरेको छ नेपाली विषय समितिले । त्यसैको आधारमा यहाँ नेपाली कविताको काल विभाजनसम्बन्धी चर्चा गरिनेछ । यसअनुसार शिष्ट साहित्यिक लेखनपरम्पराको थालनी हुनुभन्दा पहिलेका मौखिक लोकसामग्रीहरू (लोकगीत, लोकगाथा, लोकपद्य आदि) लाई पृष्ठभूमिकालअन्तर्गत राखिएको छ भने शिष्ट साहित्यिक लेखनपरम्पराको थालनीका नेपाली कवितालाई प्राथमिक काल (सं. १८२६–१९४०), माध्यमिक काल (सं. १९४१–१९७४) र आधुनिक काल (सं. १९७५–हालसम्म) भनेर कालविभाजन गरिएको छ (त्रिपाठी र अन्य, २०५३) । यहाँ पनि त्रिविको पाठ्यसामग्रीलाई आधार

बनाई नेपाली कविताको कालविभाजन, यसका प्रमुख धारा/उपधाराका प्राप्ति र प्रवृत्तिगत विशेषताहरूको चर्चा गर्ने प्रयास गरिएको छ ।

### ३.२.१ नेपाली कविताको पृष्ठभूमिकाल (प्रारम्भदेखि १८ औँ शताब्दीसम्म)

नेपाली भाषाको उत्पत्तिसँगै लोकगीतका रूपमा प्रवाहित हुँदै आएको मौखिक लोकधारासँगै नेपाली कविताको प्रारूप समाहित भएको देखिन्छ, जसले विक्रमको ११-१८ औँ शताब्दीको समयावधिलाई ओगटेको पाइन्छ । शिष्ट लेखनपरम्परा सुरु हुनुअघिका यी सामग्री लघुतम, लघु र मझौला रूपको खण्डकाव्यका समकक्ष देखा परेका छन् । यी लोकसामग्रीहरूका विषयवस्तु बढी मात्रामा देवगाथा र वीरगाथातिर उन्मुख देखिन्छन् । दुई हरफ वा त्यसभन्दा बढी हरफका उखान, गाउँखाने कथा, सुभाषितजस्ता लोकसामग्रीमा पाइने लय, अनुप्रास र सूत्रात्मक कथनको प्रवृत्तिले नेपाली कविताको प्रारूपको आभास पाइन्छ भने बनोट र संरचनाका दृष्टिले लोकस्तरका टुक्के गीत, झ्याँगा वा गौँडे गीत र स्फुट पद्यहरूमा कविताको लघुतम रूप देखा पर्दछ । भेटिएका लोकगीतहरूमा कविताको लघु रूपको छनक पाइन्छ भने अधिकांश गाथामा कविताको मझौला रूप खण्डकाव्य वा लघुकाव्यको आभास पाइन्छ तथा नाट्यगाथा भारतमा कविताको वृहत् रूप महाकाव्यतर्फको उन्मुखता केही मात्रामा पाइए पनि आयामविस्तारका दृष्टिले पूर्णता प्राप्त गर्न सकेको पाइँदैन । प्रा.बालकृष्ण पोखरेलले यस कालको एउटा वंशावलीको एक अंशलाई 'बडे राजा मलय बम्म' (१४५०) नामक कविता भनी प्रस्तुत गरेका छन् । अनुसन्धानका क्रममा अन्य नमुना पनि प्राप्त हुने संभावना त्यतिकै छ । जे भए पनि नेपाली कविताको पृष्ठभूमि कालमा लोकस्तरीय मौखिक सामग्रीहरू, वंशावली वा जीवनीजस्ता लेख्य रचनामा पाइने कवितात्मक चेष्टाले नेपाली कविताको आधार बोकेको छ ।

### ३.२.२ नेपाली कविताको प्राथमिक काल (विसं. १८२६-१९४०)

नेपाली कविताको प्राथमिक काल (विसं १८२६-१९४०) शिष्ट लेख्य नेपाली कवितापरम्पराको लेखोटकालका रूपमा रहेको छ । यस कालमा कवितालेखनका लागि पृथ्वीनारायण शाहद्वारा थालिएको नव नेपाल-निर्माणको अभियान, नेपाल-अङ्ग्रेज युद्ध तथा सुगौली सन्धि (विसं. १८७२-७३), कोतपर्व, जङ्गबहादुर तथा राणाशासनको उदयजस्ता घटनाक्रम प्रेरक परिवेशका रूपमा रहेका देखिन्छन् । यस कालका कविताहरूको प्रवृत्तिगत विशेषतामा विविधता देखिएकाले विभिन्न धारामा राखेर तिनको चर्चा गर्ने गरिएको छ । यो काल नेपाल एकीकरणको प्रारम्भिक चरणदेखि सुरु भएर युवाकवि मोतीराम भट्टको साहित्यिक लेखनको उदयकालपूर्वसम्म रहेको छ । प्राथमिक कालको अवधिलाई पनि प्रारम्भदेखि सुगौलीसन्धिसम्म यसको पूर्वार्द्धकाल मान्न सकिन्छ, जसमा वीर धाराका कवितालेखनको प्राचुर्य रहेको पाइन्छ भने त्यसपछि देखि १९४० सम्मको समयलाई उत्तरार्द्ध मान्न सकिन्छ, जसमा

भक्तिधाराका कविताको बाहुल्य रहेको पाइन्छ । प्राथमिक कालका कविहरूमा कल्पनाशक्ति र सौन्दर्यचेत केही मात्रामा प्रस्फुटित भएको पाइन्छ ।

यस कालका कविताका प्रवृत्तिगत विशेषताका आधारमा वीर तथा भक्तिधाराका कविताहरू लेखिएका देखिन्छन्, जसको सङ्क्षिप्त चर्चा तल गरिएको छ ।

### ३.२.२.१ वीरधारा (विसं १८२६-१८७२)

नेपाली कविताको प्राथमिक कालको पूर्वार्द्धमा लेखिएका कविताहरूमा वीरधाराको प्रवाह सशक्त देखिन्छ । यस कालका कविहरू पृथ्वीनारायण शाहको नेपालनिर्माण अभियानबाट बढी प्रभावित भई वीररस प्लावित कविता रचना गर्न पुगेका देखिन्छन् । नेपाली कविताको उठानका क्रममा अहिलेसम्मको प्राप्तिअनुसार प्रामाणिक रूपमा सुवानन्द दासको 'पृथ्वीनारायणसम्बन्धी कविता' (१८२६) नै जेठो कविता हुन पुगेको छ । यस धाराको प्रतिनिधित्व गर्ने अन्य कविहरूमा शक्तिवल्लभ अर्याल (तनहुँ भकुण्डो, १८३९ तिर), उदयानन्द अर्ज्याल (बेताल पचीसी खण्डकाव्य, १८७२ तिरको; पुरानु बातको अर्जी, १८४३-१८५० तिर; पृथ्वीन्द्रोदय, पृथ्वीनारायण शाहसम्बन्धी खण्डकाव्य) आदि महत्त्वपूर्ण रहेका छन् (श्रेष्ठ र शर्मा, २०४६ : पृ ३२) । यस धाराको प्रतिनिधित्व गर्ने कविताहरूमा वार्णिक छन्द, गीति छन्दको प्रयोग पाइन्छ भने लोकविम्ब, अलङ्कार, प्रतीक प्रयोग भएको पाइन्छ । भाषाशैली कथ्यभाषानिकट देखिन्छ भने कविताको आयाम महाकाव्योन्मुख रहे पनि लघुतम स्फुट काव्यदेखि लघु फुटकर तथा खण्डकाव्यसम्मको देखिन्छ ।

### ३.२.२.२ भक्तिधारा (विसं १८७३–१९४०)

विसं १८७३–१९४० सम्मको अवधि प्राथमिककालीन उत्तरार्द्धको भक्तिधारा काल मानिन्छ । यस उत्तरार्द्धकालमा केन्द्रीय धाराको रूपमा भक्तिधारा प्रवाहित छ । धार्मिक–आध्यात्मिक भावको घनिभूतता रहेको यस धारामा पुरोहित–पण्डित तथा सन्तकविहरूले महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । यस धाराको प्रादुर्भाव हुनुका पछाडि थुप्रै कारणहरू रहेका देखिन्छन् । नेपाल एकीकरण-अभियानको समाप्ति, सुगौली सन्धि, भीमसेन थापाको पतन, कोतपर्व, जङ्गबहादुरको उदयजस्ता ऐतिहासिक घटनाक्रमले कविहरूमा वीरप्रवृत्तिप्रति शिथिलता आई ईश्वरप्रतिको भक्तिभावमा तन्मयता बढेको देखिन्छ जसको परिणाम नेपाली कवितामा भक्तिधाराको सूत्रपात भएको पाइन्छ । यस धाराका कवितामा अपेक्षाकृत रूपमा अनुवाद र रूपान्तरण-प्रवृत्ति ज्यादा देखिएको छ । तर पनि रचना परिणाम, शिल्प आदिका दृष्टिले वीरकालीन कविताभन्दा यस धाराका कविता ज्यादा परिष्कृत देखिन्छन् । यस धाराअन्तर्गत पनि प्रवृत्तिगत रूपमा तीन मुख्य उपधाराहरू देखिएका छन्- कृष्णभक्तिधारा, रामभक्तिधारा र निर्गुणभक्तिधारा । भक्तिधाराका प्रमुख कविहरूमा वसन्त शर्मा (कृष्णभक्तिधारा), भानुभक्त आचार्य

(रामभक्तिधारा), सन्त ज्ञानदिलदास (निर्गुणभक्तिधारा) आदि रहेका छन् । भक्तिधाराको बोलबाला भएको प्राथमिक कालको उत्तरार्द्धमा लघुतम, लघु-फुटकर कविता, खण्डकाव्य तथा महाकाव्यको हाराहारीमा पुग्ने आयामका कविता देखा परेका छन्, जसमा मौलिकता, सौन्दर्यचेतना, संरचना-शिल्पका दृष्टिले यी कविताहरू निकै सफल देखिन्छन् । स्वागता, शार्दूलविक्रीडित, शिखरिणी, वसन्ततिलका आदि वार्णिक छन्द तथा लोक छन्द र सिलोक पाराका छन्द प्रयोग गरिएका छन् । यमक, उपमा, अनुप्रासजस्ता अलङ्कारको प्रयोग पनि यस धाराको वैशिष्ट्य हो । यस धाराले अँगालेको मूल अभिव्यक्ति सगुण र निर्गुण भक्तिभाव नै देखिन्छ ।

३.२.२.२.१ कृष्णभक्तिधारा

भगवान विष्णुका अवतार मानिने श्रीकृष्णको जीवनचरित्रको सेरोफेरोमा केन्द्रित रहेर कविता रचना गरिएको अवस्थालाई कृष्णभक्तिधारा मानिएको छ । ब्रज-अवधि भाषाबाट प्रभावित नेपाली भाषाको बढी प्रयोग भएका यस धाराका कविताहरूमा वार्णिक तथा मात्रिक छन्दहरू (सवाई, लहरी) प्रयुक्त छन् भने रूपक, अनुप्रास, उपमाजस्ता अलङ्कार प्रयोग भएका छन् । इन्दिरसको 'गोपिकास्तुति', विद्यारण्यकेशरी अर्ज्यालको 'द्रौपदीस्तुति', वसन्त शर्माको 'श्रीकृष्ण चरित्र' (१८८४), वीरशाली पन्तको 'विमलबोधानुभव' (खण्डकाव्य), उनकै 'सरल प्रेमावली' (महाकाव्योन्मुख), हीनव्याकरणी विद्यापतिको 'गीतगोविन्द' (१८८८) , पतञ्जली गजुऱ्यालको 'हरिभक्तमाला' जस्ता कवि र कवितात्मक रचनाहरू सगुण कृष्णभक्तिधाराका प्रतिनिधि कवि र रचनाहरू हुन् ) (श्रेष्ठ र शर्मा, २०४६ : पृ २७) । यस धाराका केन्द्रीय प्रतिभा वसन्त शर्मा हुन् र उनको प्रतिनिधि काव्य 'श्रीकृष्णचरित्र' नै हो । वीरभाव, सामाजिक-नैतिक चेतनाजस्ता प्रवृत्ति पनि यस धाराका गौण प्रवृत्तिका रूपमा रहेका देखिन्छन् ।

३.२.२.२.२ रामभक्तिधारा

नेपाली कविताको प्राथमिक कालको उत्तरार्द्धको प्रमुख उपधाराका रूपमा रामभक्तिधारा रहेको छ । भगवान विष्णुका अवतार रामप्रतिको आस्थालाई केन्द्र बनाई यस धारामा कविताहरू रचना गरिएका छन् । यो धारा पनि सगुण भक्तिधाराकै रूपमा देखा परेको छ । मौलिकता, अनुवाद, रूपान्तरणजस्ता प्रवृत्ति देखिए पनि सरलता र सरसता, काव्यगत स्तरीयता, भाषा र शैलीगत परिष्कारको चेष्टा यस उपधाराका प्रमुख कवितात्मक विशेषता हुन् । वार्णिक वा वर्णमात्रिक छन्दको बढी प्रयोग गरिएका यस उपधाराका कविताहरूमा उपमा, अनुप्रास, रूपक आदि अलङ्कार प्रयोग पनि यस धाराका वैशिष्ट्य हुन् । रामभक्तिधाराका कविताले फुटकर, खण्डकाव्य हुँदै महाकाव्यसम्मको आयाम विस्तार गरेका छन् । यस धाराका केन्द्रीय प्रतिभा आदिकवि भानुभक्त आचार्य हुन् भने उनको 'रामायण' (१९१०) यस धाराको सर्वोच्च उपलब्धि हो । भानुभक्तको 'रामायण' संस्कृतको अध्यात्म

रामायणमा आधारित भए पनि नेपाली सामाजिक आवश्यकताअनुरूपको मौलिकता भानुभक्तले स्थापित गरेका छन् । भानुभक्तरचित अन्य कृतिहरूमा 'भक्तमाला' (मौलिक, १९१० तिर), 'बधूशिक्षा' (मौलिक, १९१९), 'प्रश्नेत्तर' (अनुदित, १९१० पछिको), 'रामगीता' (अनुदित, १९२६) लगायत अन्य थुप्रै फुटकर कविताहरू रहेका छन् । भानुभक्तका कवितात्मक प्रवृत्तिका रूपमा रामभक्ति, नेपालीपन , देशप्रेम, सामाजिक-नैतिक चेत, सौन्दर्य चेत, संस्कृतिप्रेम रहेका छन् । उनका कविताहरू वार्णिक छन्दमा उनिएका छन् भने शार्दूलविक्रीडित छन्दलाई नेपाली जातीय छन्दको रूपमा यिनले नै स्थापित गरेका छन् ।

भानुभक्तपछि रामभक्तिधाराका अर्का प्रतिभा रघुनाथ पोखऱ्याल हुन्, जसका रामायणको सुन्दरकाण्डको पद्यानुवाद उपलब्ध छ । रचनाशैलीमा केही जटिलता भए पनि उनमा कविप्रतिभा देखिन्छ । त्यस्तै अन्य कविमा पतञ्जली गजुऱ्याल, रामदास आदि रामभक्तिधाराका प्रतिभा हुन् । यस धाराका वैशिष्ट्य भनेको साङ्ख्य र वेदान्त दर्शनबाट प्रभावित भई धार्मिक-आध्यात्मिकतातिर उन्मुख रहनु नै हो भन्ने देखिन्छ ।

### ३.२.२.२.३ निर्गुणभक्तिधारा

नेपाली कविताको भक्तिधाराका उपधाराको रूपमा प्रसिद्ध निर्गुणभक्तिधारा प्राथमिक कालको उत्तरार्द्धमा प्रवाहित भएको पाइन्छ । साधु-सन्त कविहरूद्वारा प्रतिपादित निर्गुणभक्तिधाराको मूल केन्द्र निर्गुण सच्चिदानन्द ब्रह्मस्वरूपमा आधारित छ । सामाजिक विसङ्गति, अन्धविश्वास तथा रुढिवादप्रति व्यङ्ग्य गर्ने प्रवृत्ति निर्गुणभक्तिधारामा देखिन्छ । यस धाराका केन्द्रीय प्रतिभा कवि सन्त ज्ञानदिलदास हुन्, जसले एक सय नौ श्लोकको 'उदयलहरी' रचना गरेका छन् । अरू कविहरूमा अगमदिलदास, अखडदिलदासजस्ता सन्त कविहरूले निर्गुणभक्तिधाराका कविता रचना गरेको पाइन्छ तापनि ज्ञानदिलदनसका कवितामा सरल, सरस र परिमार्जित नेपाली भाषा प्रयोग भएको छ, जुन विशेषता अन्य कविहरूमा पाइँदैन । त्यसैले यस धाराको सर्वोच्च प्राप्ति भनेको पनि ज्ञानदिलदासको 'उदयलहरी' नै रहेको छ ।

## ३.३ नेपाली कविताको माध्यमिक काल (१९४१-१९७४)

नेपाली कविताको विकासक्रममा सं. १९४१ देखि १९७४ सम्मको अवधिलाई माध्यमिक कालको संज्ञा दिइन्छ । माध्यमिक कालले बोकेका प्रमुख दुई वैशिष्ट्यमा मुदण तथा प्रचारप्रसारको विकास र शृङ्गारिकता रहेका छन् । यसअघिसम्म नेपाली कविता लेखोटमै सीमित थियो भने मोतीराम भट्टले भानुभक्तको रामायणको 'बालकाण्ड' वनारसबाट छपाई प्रकाशन गरेपछि नेपाली साहित्यले मुद्रणयुगमा प्रवेश गरेको मानिन्छ । यस कालमा नेपाली कविताले शृङ्गारिक भावलाई प्रवाहित गर्न सुरु गरी

चरमोत्कर्षमा पुगेको हुनाले यस धारालाई शृङ्गारकालको संज्ञा पनि दिने गरिएको पाइन्छ । माध्यमिककालको केन्द्रीय भावधारा शृङ्गारिक भावधारा भए पनि रामभक्तिधारा तथा कृष्णभक्तिधारा पनि उपधाराका रूपमा प्रवाहित नभएका चाहिँ होइनन् ।

नेपाली कविताको शृङ्गारिक धाराका केन्द्रीय प्रतिभा मोतीराम भट्ट हुन् । शृङ्गारिक कविताका प्रवर्तक नै रहेका मोतीरमका साथसाथै अन्य कविहरूले पनि शृङ्गार रसलाई परिपाक गराई कविता रचना गरेका छन् । यस कालको अन्तिम र प्रमुख प्राप्ति 'सूक्तिसिन्धु' (१९७४) कवितासङ्ग्रह हो । यस कालका कविताले बोकेका प्रमुख विशेषताहरूमा मौलिकतामा जोड, सौन्दर्य र कलापक्षमा रुचि बृद्धि, लोकधारामा सवाई-लहरी आदिको रचना, मोतीमण्डलीको निर्माणद्वारा साहित्यिक विकासका लागि सामूहिक प्रयासको थालनी, मुद्रण तथा प्रचार-प्रसारमा जोड आदि रहेका छन् ।

यस कालमा नेपाली कविताले शृङ्गारिक भावको समायोजन र विकास गर्नका निम्ति तत्कालीन शासकहरूको ऐयासी प्रवृत्तिको भूमिका महत्त्वपूर्ण रहेको देखिन्छ । वीर शमशेरको दरवारमा हिन्दी, उर्दू र फारसीका गजलहरूको महफिल हुन्थ्यो भने त्यसका लागि भारतबाट गायक/कलाकारहरू झिकाइन्थे । तत्कालीन कविहरूमा यी कुराहरूले निश्चय नै प्रभाव पारेको देखिन्छ । यसैताकादेखि नेपालीमा गजल लेखनको आरम्भ पनि भएको हो । माध्यमिककालीन कविताले आफ्नो पहिचानका रूपमा उद्दीपन विभावका रूपमा प्रकृति वा ऋतुचक्रको प्रयोग, शैलीशिल्पमा सचेतता, मौलिकता, काल्पनिकता, सौन्दर्यचेत, शृङ्गार रस परिपाक, वर्णमात्रिक छन्द , फारसी छन्द तथा लोकलयको प्रयोग आदिलाई आधार बनाएका छन् । आयामविस्तारका दृष्टिले लघुतम, लघु (फुटकर) कविता र खण्डकाव्यसम्मका कविताको रचना भएको माध्यमिक कालमा राम वा कृष्णसम्बन्धी आख्यानात्मक महाकाव्य लेखनतिर उन्मुख भएका कविताहरू पनि देखा पर्दछन् । 'मोतीमण्डली' को निर्माण गरी सामूहिक रूपमा समस्यापूर्ति, गजल, फुटकर कविता र खण्डकाव्यसम्मका कविताको रचना गरी शृङ्गार रसलाई परिपाकमा पुऱ्याउने कवि मोतीराम भट्ट माध्यमिक कालका नेपाली कवितामा शृङ्गारिक धाराको प्रवर्तन गर्ने प्रमुख कवि हुन् । उनमा प्रतिभाको सहजता, काल्पनिकता, मौलिकता, भाव तथा शैलीशिल्पमा सचेतता, सौन्दर्यप्रति सतर्कताजस्ता प्रवृत्ति विद्यमान छन् । मोतीराम वहुमुखी प्रतिभा हुन् । गद्य र पद्य दुवैलाई बोकेर हिँड्ने मोतीराम प्रकाशक, पत्रकार, नाटककार, जीवनीलेखक, समालोचक, कवि र भाषासेवी पनि हुन् (श्रेष्ठ र शर्मा, २०४० : पृ ४८-४९) । यिनका शृङ्गारिक रचनाहरू हुन् : 'उषाचरित्र' (१९५७), 'मनोद्वेग प्रवाह' (१९५७), 'पिकदूत' (२०१९), 'कमल-भ्रमर-संवाद', 'भ्रमरगीत' (श्रेष्ठ र शर्मा, २०४० : पृ ४९) आदि । त्यस्तै गरी माध्यमिककालीन शृङ्गारिक भावधारालाई गोडमेल गरी उचाइतिर पुऱ्याउन योगदान गर्ने अन्य कविहरूमा राजीवलोचन जोशी, लक्ष्मीदत्त पन्त, गोपीनाथ लोहनी, शिखरनाथ सुवेदी, तीर्थराज पाण्डे, दधिराम मरासिनी, शम्भुप्रसाद ढुङ्गेल, देवीदत्त पराजुली आदि रहेका छन् । यसका अतिरिक्त यस कालमा नेपालीमा कविता लेख्ने अरू

कविहरू पनि देखा परेका छन् : तेजबहादुर राना, कवि चक्रपाणि चालिसे, नरदेव पाण्डे, रत्नलाल रत्न (नेवारीमा कविता लेख्ने), मुस्लिम कवि अजद हुसेन 'अन्जान', गजव (उपनामधारी), दुर्गाप्रसाद घिमिरे, अग्निधर अधिकारी, पहलमानसिंह स्वाँर, हरिप्रसाद नेपाल, भुवनप्रसाद ढुङ्गेल, केदारनाथ खतिवडा, कृष्णप्रसाद रेग्मी, दानराज लामिछाने, जोगवीरसिंह, भैरवकुमार राजभण्डारी, मरिचमानसिंह, जगन्नाथ सेढाई, काशीनाथ आ.दी., कुञ्जविलास गौतम, कुलचन्द्र गौतम, बैजनाथ सेढाई, दीपकेश्वर शर्मा लोहनी, सिद्धिदास अमात्य, अमरनाथ लोहनी, रामचन्द्र जोशी, सोमनाथ सिग्द्याल, हरिविक्रम थापा, रामप्रसाद सत्याल, कालीदास पराजुली आदि (श्रेष्ठ र शर्मा, २०४० : पृ ५०-५३) ।

नेपाली कविताको माध्यमिक कालको शृङ्गारिक धारालाई पनि दुई कालखण्डमा विभाजन गर्न सकिन्छ- पूर्वार्द्ध (विसं १९४१-१९६१) र उत्तरार्द्ध (विसं १९६२-१९७४) । १९६२ मा प्रकाशित 'कविताकल्पद्रुम' र १९६३ मा प्रकाशित 'सुन्दरी' ले पनि पूर्वार्द्धको शृङ्गारिकतालाई निरन्तरता दिँदै उत्तरार्द्धको आरम्भ भयो । पूर्वार्द्धमा भन्दा उत्तरार्द्धमा आएर शृङ्गार धारामा नयाँपन देखिन थाल्यो । सवाई र लहरीजस्ता काव्यहरू यसबेला सशक्त देखिन थाले जसमा शब्दालङ्कार तथा अर्थालङ्कारको प्रयोगमा बढी जोड दिएको देखिन्छ । माध्यमिक कालको पूर्वार्द्धका केन्द्रीय व्यक्तित्व मोतीराम भट्ट रहे भने उत्तरार्द्धका सशक्त कविका रूपमा शम्भुप्रसाद ढुङ्गेल नै रहे । ढुङ्गेलको 'वेश्यावर्णन' (१९८३) शृङ्गारिक रचना हो भने लक्ष्मीदत्त पन्तले पनि प्रशस्त शृङ्गारिक गजल लेखेका छन् । त्यसैगरी यस अवधिमा लोकलयमा गीत तथा कविता लेख्ने स्रष्टाहरूमा हाजिरमान राई, रतननारायण, प्रतापसिंह राई, धर्मसिंह चाम्लिङ, बलबहादुर सारु मगर, नरवीर तामाङ आदि महत्त्वपूर्ण छन् ।

माध्यमिक कालको शृङ्गारिक धाराको चरम प्राप्तिका रूपमा 'सूक्तिसिन्धु' (१९७४) लाई लिन सकिन्छ । यसको प्रकाशनपश्चात् भने शृङ्गारिकतामा शिथिलता आएको देखिन्छ तापनि यो धाराको प्रवृत्ति मन्द गतिमा हालसम्म क्रियाशील रहेको देखिन्छ ।

यसरी हेर्दा नेपाली कविताको माध्यमिक कालमा प्रमुख रूपमा शृङ्गारिकता केन्द्रीय प्रवृत्तिका रूपमा रहे पनि धार्मिक-आध्यात्मिक-नैतिक विषयवस्तु तथा सामाजिक चेतका कुराहरू पनि सहप्रवृत्तिका रूपमा आएका देखिन्छन् ।

### ३.४ नेपाली कविताको आधुनिक काल (१९७५-हालसम्म)

नेपाली कविताले विसं १९७५ देखि आधुनिक कालमा प्रवेश गरेको हो । यसरी हेर्दा अहिलेसम्म यसले नौ दशकको लामो यात्रा पार गरिसकेको छ । माध्यमिककालीन अवशेषका रूपमा छिटफुट पूर्वप्रवृत्तिहरू देखिए पनि यसपछि भने नेपाली कविताले नयाँपन बोकेर ठूलै फड्को मारिसकेको देखिन्छ । पूर्वीय तथा पाश्चात्य काव्यसिद्धान्तको पालना गर्दै, व्याकरणिक नियमको परिधिमा रहेर नेपाली कविता भाषिक शिष्टता, काव्यिक स्तरीयताप्रति सचेतता, काव्यसौन्दर्यको उच्चता प्राप्त गर्दै

नयाँनयाँ धारा र प्रवृत्ति अँगाल्दै अगाडि बढिरहेको छ । विश्वव्यापीकरणको प्रभावबाट नेपाली कविता पनि अछुतो रहन सकेको छैन । अतः राष्ट्रिय वा अन्तर्राष्ट्रिय सामाजिक, राजनैतिक, आर्थिक, सांस्कृतिक, वैज्ञानिक घटना/परिघटनाहरूबाट नेपाली कविताले आफूलाई फुलाउँदै आएको छ । लघुतम, लघु-फुटकर कविता/गीत/गजल, मझौला-खण्डकाव्य/लघुकाव्य/लामा कविता, वृहत्-वृहत्तर-महाकाव्यको रचना भइरहेको यस कालको पछिल्लो चरणका कविताहरू युगबोधको चेतना बढी मुखर भएर देखा परेका छन् । विम्ब र प्रतीकको प्राचुर्य रहेको यस कालका कविताहरू वार्णिक छन्द, मात्रिक छन्द, लोक छन्द, मुक्त छन्दमा संरचित भएको पाइन्छ ।

आधुनिक नेपाली कवितालाई विषयवस्तु, प्रस्तुति, मूल्य र मान्यता, प्रवृत्ति आदिका आधारमा मुख्यतया चारवटा धारामा विभाजन गरी अध्ययन गर्न सकिन्छ । ती यसप्रकार छन् :

क) परिष्कारवादी धारा (विसं १९७५-१९९०)

ख) स्वच्छन्दतावादी-प्रगतिवादी धारा (विसं १९९१-२०१६)

ग) प्रयोगवादी धारा (विसं २०१७-२०२९)

घ) समसामयिक धारा (विसं २०३० देखि हालसम्म)

उपर्युक्त चार धारामा विभाजित नेपाली कविताको आधुनिक कालको परिष्कारवादी धारा तथा स्वच्छन्दतावादी-प्रगतिवादी धाराको अवधि (विसं १९७५-२०१६) लाई पूर्वार्द्ध तथा प्रयोगवादी धारा तथा समसामयिक धाराको अवधि (विसं २०१७–हालसम्म) लाई उत्तरार्द्ध भनेर वर्गीकरण गर्न सकिन्छ ।

### ३.४.१ परिष्कारवादी धारा (विसं १९७५-१९९०)

आधुनिक नेपाली कविताले परिष्कारवादी धाराको रूपमा विसं १९७५-१९९० सम्म वर्चस्व कायम गर्न सफल रह्यो । यस धारालाई शास्त्रीय धारा (क्लासिकल धारा) को रूपमा पनि चिनिन्छ । १९७४ मा सूक्तिसिन्धुको प्रकाशनपछि मध्यमिककालीन शृङ्गारिक धारामा आएको शिथिलतासँगै यसअघि देखि नै टाउको उठाउन लागिरहेको परिष्कारवादी धाराले केन्दीय प्रवृत्तिकै रूपमा परिष्कारलाई अँगाली नेपाली कविताले आधुनिक युगमा प्रवेश गऱ्यो ।

आधुनिक नेपाली कविताका प्रवर्तक कविशिरोमणि लेखनाथ पौडयाललाई मानिन्छ । यसर्थमा परिष्कारवादी धाराका संस्थापक पनि उनी नै मानिन्छन् । उनका 'ऋतुविचार' (१९७३), 'बुद्धिविनोद' (१९७३) जस्ता काव्यकृति रहे पनि विसं १९७५ देखि नै उनी पूर्ण रूपमा परिष्कारवादी देखिएका हुन् । उनको विसं १९७६ को 'सत्यकलिसंवाद' ले सामाजिक व्यङ्ग्य तथा हिन्दु पुनर्जागरणको चेतनालाई खोतली विषयवस्तुमा नयाँपन ल्याएको छ । व्याकरणिक अनुशासनमा आबद्ध भई कविताको भाव, लय, भाषाशैली, शिल्पसंरचना आदिमा सन्तुलनका साथै परिष्कार/परिमार्जनको अपेक्षा गर्ने भएकाले यस धारालाई परिष्कारवादी धाराको नामकरण गरिएको देखिन्छ । यस धाराका खास प्रवृत्तिका रूपमा

नैतिकता, सामाजिकता, सूक्ष्म आख्यानीकरण, बौद्धिकता, व्याकरणात्मक अनुशासन, शिल्पसंरचनामा संयम, दार्शनिकता, प्रकृतिचित्रण, वार्णिक छन्दको प्रयोग, व्यङ्ग्य आदि रहेका देखिन्छन् । यिनै प्रवृत्तिहरूलाई अँगाल्दै लेखनाथ, बालकृष्ण सम, धरणीधर कोइराला, सोमनाथ सिग्द्याल आदिले परिष्कारवादी धारालाई अगाडि बढाएका छन् । यस धाराका कविहरूमा पूर्वीय तथा पाश्चात्य काव्यचिन्तनको प्रभाव रहेको देखिन्छ । लेखनाथमा पूर्वीय काव्यचिन्तन तथा बालकृष्ण सममा पूर्वीय तथा पाश्चात्य काव्यचिन्तनले प्रभाव पारेको पाइन्छ ।

परिष्कारवादी धाराको केन्द्रीयता विसं १९७५ देखि १९९० सम्म रहे पनि त्यसपछाडि पनि यसले आफूलाई सशक्त रूपमा प्रवाहित गर्दै लगेको पाइन्छ । विसं १९७५-९० को अवधिमा परिष्कारवादी प्रवृत्ति बोकेर रचना गरिएका कविताहरूले खण्डकाव्यसम्मको आकार ग्रहण गरेका छन् भने महाकाव्योन्मुख चेष्टामात्र भएको पाइन्छ । विसं १९९० पछिको स्वच्छन्दतावादी-प्रगतिवादी धाराको केन्द्रीय परिधिमा रहेर परिष्कारवादी प्रवृत्ति आत्मसात गर्दै परिष्कारवादी महाकाव्य लेखिएका छन् । सोमनाथ सिग्द्यालको 'आदर्श राघव' (२००५), बालकृष्ण समको 'चिसो चुह्लो' (२०१५), लेखनाथ पौड्यालको 'तरुणतपसी' (२०११) आदि महाकाव्य तथा पौड्यालका 'ऋतुविचार' (१९९०), 'सत्यकलिसंवाद' (१९७६) तथा समको 'आगो र पानी' (२०११) आदि खण्डकाव्यात्मक उपलब्धि हुन् ।

नेपाली कविताको आधुनिक कालअन्तर्गत परिष्कारवादी धारामा अन्य थुप्रै कविहरू देखा परेका छन् : धरणीधर कोइराला, महानन्द सापकोटा, चक्रपाणि चालिसे, भवानीप्रसाद खतिवडा, साम्वभक्त शर्मा, देवीदत्त पराजुली, झपटबहादुर राणा, बदरीनाथ भट्टराई, गुणराज उपाध्याय, पिनाकीप्रसाद आचार्य, भरतराज पन्त, कृष्णप्रसाद घिमिरे, भरतराज मन्थलीय, हेमचन्द्र पोखरेल आदि छन् भने नेपालबाहिरतिरबाट पनि यस धारामा मनग्गे योगदान पुगेको देखिन्छ, जसमा पारसमणि प्रधान, हर्कजङसिंह क्षेत्री, रामचन्द्र गिरी, गम्भीर राई, भूपतदास राई, हरिनारायण उपाध्याय, भीष्मप्रसाद उपाध्याय, नित्यानन्द तिमसिना, पद्मप्रसाद ढुङ्गाना, जगन्नाथ गुरागाईं (त्रिपाठी र अन्य, २०४६ : पृ १२८-१२९) आदि रहेका छन् ।

### ३.४.२ स्वच्छन्दतावादी-प्रगतिवादी धारा (विसं १९९१-२०१६)

नेपाली कविताले विकासको फड्को मार्दै आधुनिक कालको पूर्वार्द्धको दोस्रो चरणमा प्रवेश गर्दा स्वच्छन्दतावादी-प्रगतिवादी धारा (१९९१-२०१६) मा प्रवाहित भएको देखिन्छ । विसं १९९१ देखि प्रकाशित 'शारदा' मासिक पत्रिकाले यस धाराको प्रतिपादनमा ठूलो भूमिका निर्वाह गरेको छ । १९९२ मा महाकवि लक्ष्मीप्रसाद देवकोटाको झ्याउरे छन्दमा रचिएको 'मुनामदन' खण्डकाव्यको प्रकाशनपछि यस धाराले सुदृढ हुने अवसर प्राप्त गरेको हो । यस धारालाई पनि पूर्वार्द्ध (१९९१-२००३) र उत्तरार्द्ध ( २००४-२०१६) गरी दुई भागमा बाँड्न सकिन्छ । पूर्वार्द्धमा शुद्ध स्वच्छन्दतावादी भावलाई बोकेका

कविताहरू देखिएका छन् भने उत्तरार्द्धमा व्यङ्ग्यविद्रोह र क्रान्तिचेतको तीव्रतालाई अँगालेको पाइन्छ । यसबाट प्रगतिवादी धाराको सुरुवात भएको देखिन्छ । त्यसैले विसं १९९१-२०१६ सम्मको अवधिका नेपाली कविताका प्रवृत्तिलाई स्वच्छन्दतावादी-प्रगतिवादी धारा भनिएको हो । यस धाराको प्रथम चरणमा व्यङ्ग्यविद्रोहलाई साङ्केतिक रूपमा प्रकट गरेको पाइन्छ भने दोस्रो चरणमा आइपुग्दा त्यो बढी तीव्र हुन पुगेको छ ।

आधुनिक नेपाली कविताको स्वच्छन्दतावादी धारा अङ्ग्रेजी कविताको रोमान्टिक धारा तथा रवीन्द्रनाथ ठाकुरको बङ्गला स्वच्छन्दतावाद र हिन्दीको छायावाद-रहस्यवादबाट बढी प्रभावित भएको देखिन्छ (त्रिपाठी र अन्य, २०४६ : पृ १२८-१२९) ।

स्वच्छन्दतावादी-प्रगतिवादी धाराका प्रवृत्तिगत वैशिष्ट्य हुन् : वैयक्तिकता, भावप्रचुरता, सहजता, स्वच्छन्दतको तीव्र चाहना, बुद्धिविवेकमाथि भावको नियन्त्रण, सौन्दर्य मोह, प्रबल आख्यानीकरण, प्रकृतिप्रेम, मानवतावाद, सांस्कृतिक-धार्मिक-आध्यात्मिक चेतना, अतीत मोह, सुन्दर भविष्यको परिकल्पना, व्यङ्ग्यविद्रोह, क्रान्तिचेत, परिवर्तनको चाहना आदि । त्यसैगरी यस धाराका अन्य विशेषतामा राष्ट्रिय-अन्तर्राष्ट्रिय युगबोध, राष्ट्रप्रेम, आर्थिक तथा राजनैतिक चेत, सामाजिकता पनि रहेका छन् । लयविधानका दृष्टिले वर्णमात्रिक, लोक तथा मुक्त छन्दको प्रयोग पाइन्छ ।

स्वच्छन्दतावादी-प्रगतिवादी धाराले रचना परिणाम तथा आयामका आधारमा पनि आफूलाई निकै उर्वर पारेको पाइन्छ । कविताको लघुरूपदेखि वृहत्तर आयामसम्मका कविताकृति रचना भएका पाइन्छन् यस अवधिमा । यस धाराका केन्द्रीय प्रतिभा महाकवि लक्ष्मीप्रसाद देवकोटा हुन् भने सहप्रवर्तकका रूपमा कवि सिद्धिचरण श्रेष्ठलाई लिने गरिन्छ । यस धाराका प्रमुख प्राप्तिका रूपमा लक्ष्मीप्रसाद देवकोटाका मुनामदन (१९९२), कुञ्जिनी (२००२), मायाविनीसर्सी (२००४-६) आदि, माधवप्रसाद घिमिरेका गौरी (२००४-१५), राजेश्वरी (२०१७), राष्ट्रनिर्माता (२०२३-३०) आदि, सिद्धिचरण श्रेष्ठको उर्वशी (२०१७), अगमसिंह गिरीको युद्ध र योद्धा (सन् १९७०) जस्ता खण्डकाव्यहरू रहेका छन् भने देवकोटाकै शाकुन्तल (२००२), सुलोचना (२००३), महाराणाप्रताप (लेखन : २००३-४), प्रमिथस (लेखन : २००७-१०) जस्ता महाकाव्यहरूले यस धारालाई अझ समृद्ध पारेका छन् । यस धारालाई अँगालेर रचना गरिएका अन्य थुप्रै कविता-काव्य प्रकाशित भएका छन् ।

स्वच्छन्दतावादी-प्रगतिवादी धारालाई अङ्गीकार गर्दै कविता लेख्ने अरू थुप्रै कविहरू छन् । ती हुन् : युद्धप्रसाद मिश्र, भवानी भिक्षु, केदारमान व्यथित, गोमा, गोपालसिंह नेपाली, प्रेमराजेश्वरी, गोपालप्रसाद रिमाल, भूपि शेरचन, धर्मराज थापा, विजय मल्ल, कुलमणि देवककोटा, भवदेव पन्त, नीरविक्रम प्यासी, भीमदर्शन रोका, जनार्दन सम, मविवि शाह, श्यामदास वैष्णव, देवीप्रसाद पौड्याल आदि । प्रगतिवादतिर बढी उन्मुख कविहरू हुन् : हृदयचन्द्रसिंह प्रधान, कृष्णचन्द्रसिंह प्रधान, युद्धप्रसाद मिश्र, देवीप्रसाद 'किसान', गोकुल जोशी आदि । नेपालबाहिर बसेर स्वच्छन्दतावादी-प्रगतिवादी धारालाई

अघि बढाउने कविहरूमा ओकियामा ग्वाइन, ध्रुव पहाडी, वीरेन्द्र सुब्बा, तुलसी 'अपतन', नरेन्द्र कुमाई, अगमसिंह गिरी, रामकृष्ण शर्मा, शिवकुमार राई, दानियल खालिङ आदि रहेका छन् ।

यसप्रकार परिष्कारवादी धारापछि महाकवि लक्ष्मीप्रसाद देवकोटाको केन्द्रीयतामा उदाएर फस्टाएको स्वच्छन्दतावादी-प्रगतिवादी धाराले पछिल्लो चरणका कवितालाई समृद्ध पार्न महत्त्वपूर्ण योगदान गरेको छ भन्ने कुरा निर्विवाद देखिन्छ ।

३.४.३ प्रयोगवादी धारा (विसं २०१७-२०२९)

आधुनिक नेपाली कविताको विकासक्रमको तेस्रो चरण अर्थात् उत्तरार्द्धको पहिलो चरण (विसं २०१७-२०२९) प्रयोगवादी काव्यधाराको चरण हो । 'रूपरेखा' (२०१७) पत्रिकामा मोहन कोइरालाको 'घाइते युग' कविता प्रकाशित भएपछि प्रयोगवादी धारा स्थापित भएको देखिन्छ । पाश्चात्य साहित्यमा देखा परेका नौलानौला प्रयोगको प्रभाव ग्रहण गर्दै नेपाली कवितामा पनि नवप्रयोग–प्रवृत्ति देखा परेको हो । साथै अमूर्त चित्रकलाले पनि यसमा थप उत्प्रेरणा दिएको देखिन्छ । नेपाली कविताले अङ्गीकार गरेको प्रयोगवादी धाराका केही खास उल्लेख्य विशेषताहरू प्रतीकवादी, अतियथार्थवादी र विसङ्गतिवादी-अस्तित्ववादी लेखन, अमूर्त लेखन, समग्रप्रभावमा कविता अर्थिनुपर्ने, दुर्बोध्य र क्लिष्टता, विशृङ्खल र विसङ्गत रूपमा अवचेतन मनको अनुभूतिको अभिव्यक्ति, भाषिक विचलन आदि देखिन्छन् । मानवजीवनलाई यौनवासनाका दृष्टिले हेर्ने गरिएका प्रयोगवादी कवितामा कतिपय कविहरूले जीवनलाई वीभत्स, कुरूप, विसङ्गत, निस्सार र शून्यका रूपमा अभिव्यक्त गरेको पाइन्छ । यस धाराका कविताहरू विम्ब, प्रतीक र सङ्केतकका नयाँ प्रयोगले सफल मानिन्छन् । फुटकर कवितादेखि महाकाव्यसम्मको लेखनचेष्टा यस धारामा भएको पाइन्छ । मोहन कोइराला प्रयोगवादी धाराका केन्दीय प्रतिभा हुन् । उनका 'सूर्यदान' (२०२२), 'लेक' (२०२३), 'पलङ नं. २१' (२०३१), 'नून शिखरहरू' (२०३१), 'नदी किनाराका माझी' (२०३८), 'ऋतु निमन्त्रण' र 'गरलपान' (२०४०) जस्ता लामा कविताहरूले प्रयोगवादी कविताको क्लिष्टताबाट सम्प्रेष्यतातिर पाइला चालेको स्पष्ट देखिन्छ । यस धाराका अर्का सशक्त कवि ईश्वरवल्लभ हुन् । उनका 'मेरी आमाले आत्महत्या गरेको देश' (२०२८), 'एउटा शहरको किनारामा' (२०२९-३०), 'अग्निद्वीप' (२०३०), 'अग्नि म महिमा गर्छु' (२०३५ तिर) जस्ता कविताहरू खण्डकाव्यनिकट रहेका छन् । महाकाव्यात्मक चेष्टाका रूपमा जगदीश शमशेरको 'नरसिंह अवतार' (३०३७), वानिरा गिरीको 'मेरो आविष्कार' (आत्मकाव्य, २०४१) तथा मोहन कोइरालाको 'नीलो मह' (२०४१) आदि लामा काव्य अगाडि आएका छन् (त्रिपाठी र अन्य, २०४६ : पृ १२८-१२९) ।

प्रयोगवादी धारालाई अगाडि बढाउने अरू थुप्रै कविहरू छन् । ती हुन् : द्वारिका श्रेष्ठ, तुलसी दिवस, पुष्कर लोहनी, कृष्णभक्त श्रेष्ठ, उपेन्द्र श्रेष्ठ, पारिजात, कुन्दन शर्मा, पोषण पाण्डे, कुमार नेपाल

आदि । प्रयोगवादी धाराकै प्रवाहमा 'तेस्रो आयाम' साहित्यिक आन्दोलन देखा पर्छ, जसलाई कविताका क्षेत्रमा वैरागी काइँला र ईश्वरवल्लभले केन्द्रीय नेतृत्व प्रदान गरेका छन् । जीवनको सम्पूर्णतालाई कवितात्मक अभिव्यक्ति दिनु, सम्पूर्ण आयामबाट जीवनलाई हेर्नु, अमूर्त चित्रकलाबाट प्रभावित हुनु, आन्तरिक वस्तुतथ्यलाई ग्रहण गर्नु, मिथकको प्रयोग, अस्तित्वको खोजी आदि आयामेली कविताका मूल प्रवृत्ति रहेका छन् ।

प्रयोगवादी धाराको समयावधिमा परिष्कारवादी-स्वच्छन्दतावादी र प्रगतिवादी धारा पनि समानान्तर रूपमा अगाडि बढेका देखिन्छन् । यी समानान्तर धारामा सक्रिय भएर कविता लेख्ने कविहरूमा कञ्चन पुडासैनी, डमरुवल्लभ, रत्नदेव शर्मा, कृष्णप्रसाद पराजुली, वासुदेव त्रिपाठी, घनश्याम कँडेल, तुलसीराम शर्मा, भानुभक्त पोखरेल, दैवज्ञराज न्यौपाने, रामबाबु सुवेदी, गणेश विषम आदि देखिन्छन् भने अन्य कविहरूमा डिल्लिराम तिम्सिना, मुकुन्दशरण उपाध्याय, हरिहर शास्त्री, घटराज भट्टराई, भरतराज मन्थलीय, टीकाराम रेग्मी आदि छन् । प्रयोगवादी धारासँगै प्रगतिवादी धाराका कविता लेख्ने सशक्त कविहरूमा आनन्ददेव भट्ट, मोदनाथ प्रश्रित, जगतबहादुर जोशी, गोविन्द भट्ट, भवानी घिमिरे, टि.आर. विश्वकर्मा, मेघराज मन्जुल, रामचन्द्र भट्टराई, दिल साहनी आदि महत्त्वपूर्ण देखिन्छन् । २०३० पछि प्रयोगवादी धारामा केही शिथिलता आएको देखिन्छ ।

३.४.४ समसामयिक धारा (विसं २०३० देखि हालसम्म)

नयाँ पुस्ताका कविहरूद्वारा नवलेखनको आरम्भ गरी २०३० देखि आधुनिक नेपाली कविताको समसामयिक धाराको सूत्रपात गरियो । यो धारा प्रयोगवादी धाराको दुर्बोधता, क्लिष्टता, संरचनागत शिथिलता, भाषिक अराजकता, असम्प्रेष्यता, कम प्रचलित विम्ब-प्रतीक र मिथकको प्रयोगजस्ता प्रवृत्तिका विरुद्धमा अगाडि आएको देखिन्छ । २०३० सालदेखि प्रवाहित भएको समसामयिक काव्यधारा २०३६ सालको सडक कविता क्रान्तिमा पुगेर प्रौढ बनेको देखिन्छ । यसरी २०३६ सम्ममा समसामयिक धाराले निकै जरा गाडिसकेको देखिन्छ ।

समसामयिक धाराका कवितामा कतिपय परम्परित विशेषताहरूलाई नै अङ्गीकार गर्दै नयाँ प्रवृत्तिहरू पनि सशक्त रूपमा देखिएका छन् । यस धाराले कवि र पाठकका बीच सन्निकट सम्बन्ध स्थापित गर्ने चेष्टा गरेको देखिन्छ । त्यसका लागि दुरुहता, दुर्बोधता र क्लिष्टताको अपेक्षा सहजता र सरलता अँगालेको पाइन्छ भने सम्प्रेषणीयता ग्रहण गरेको देखिन्छ । सहरिया विसङ्गतिप्रति बढी चासो देखाउनु, समसामयिक युगबोध गर्दै सामाजिक-राजनैतिक-आर्थिक विसङ्गतिप्रति व्यङ्ग्यका साथ विद्रोही भाव व्यक्त भएका कविताहरू नै यस धाराका प्रमुख प्राप्ति रहेका छन् । यस धाराका कवितामा जीवनबोध, विसङ्गतिप्रति आक्रोश, सम्प्रेषणीयता, विम्ब-प्रतीकको प्रयोगमा सचेतता, अमूर्त लेखनको अपेक्षा मूर्त लेखनको आग्रह, क्रान्तिचेत, राष्ट्रियता, मानवता, तत्कालीन शासनप्रणालीप्रति असन्तुष्टि

तथा विद्रोह, सामूहिक समस्याप्रतिको अभिरुचिजस्ता प्रवृत्तिहरू समाहित भएको पाइन्छ । महाकाव्यसम्मको चेष्टा भए पनि यस धारामा लघु कविताले प्रशस्त मलजल पाएको देखिन्छ ।

२०४६ सालको जनआनदोलनको उपलब्धिस्वरूप बहुदलीय शासन प्रणालीको अभ्युदयपश्चात् केही नवप्रवृत्तिहरू नेपाली कवितामा देखिएका छन् । अभिव्यक्ति-स्वतन्त्रताले गर्दा व्यङ्ग्यविद्रोहमा तीव्रता, मुक्तिको उल्लास, राष्ट्रिय-अन्तर्राष्ट्रिय युगबोध-यथार्थबोधप्रति तीव्र चासो, जातित्वको सङ्कटबोध, प्रजातान्त्रिक मूल्य र मान्यतामा देखिएको विचलनप्रति आक्रोशजस्ता प्रवृत्ति अँगाल्दै आधुनिक नेपाली कविताको समसामयिक धारा अगाडि बढिरहेको छ । अझ २०६२/६३को जनआन्दोलन, संविधानसभको निर्वाचन तथा मुलुकको लोकतान्त्रिक गणतन्त्रमा प्रवेशजस्ता ऐतिहासिक युगान्तकारी घटनाहरूको जीवन्त प्रभावले गर्दा समसामयिक नव कविहरूका कवितामा राष्ट्रप्रतिको तीव्र कर्तव्यबोध, राष्ट्रिय सुरक्षा र सम्बर्द्धनमा विशेष चासो, नव नेपाल निर्माणको नव कल्पना, राष्ट्रप्रतिको वलिदानी भावनामा तीव्रताजस्ता विशेषताहरू स्पष्ट मुखरित भएका देखिन्छन् ।

आधुनिक नेपाली कविताको समसामयिक धारा एक्लो धाराका रूपमा मात्र प्रवाहित भएको छैन, समानान्तर रूपमा परिष्कारवादी, स्वच्छन्दतावादी-प्रगतिवादी धारा पनि सँगसँगै प्रवाहित भएको देखिन्छ । परिष्कारवादी शैलीमा प्रगतिवादी कविताहरू यथेष्ट मात्रामा रचना भइरहेका पाइन्छन् भने स्वच्छन्दतावादी प्रवृत्ति अँगालेका कविता पनि त्यत्तिकै सशक्त रूपमा आइरहेका छन् । गद्य-पद्य दुवै शैलीमा संरचित कविताहरू लघुतम रूप मुक्तक, हाइकु, ताङ्का, गजलदेखि लघु फुटकर कविता तथा मझौला आयामदेखि महाकाव्यसम्मको लेखनचेष्टा भएको पाइन्छ । यस धाराका अग्रणी कविहरूमा शैलन्द्र साकार, ध्रुव सापकोटा, भाउपन्थी, कृष्णभूषण बल, कविताराम, दिनेश अधिकारी, फणिन्द्र नेपाल, विनय रावल, तीर्थ श्रेष्ठ, मीनबहादुर बिष्ट, विजय बजिमय, तोया गुरुङ, विमल कोइराला, अविनाश श्रेष्ठ आदि रहेका छन् । त्यस्तै परिष्कारवादी, स्वच्छन्दतावादी-प्रगतिवादी धाराका प्रवृत्ति अँगाल्दै समसामयिक धाराका कविता लेखनमा सक्रिय रहने कविहरू हुन् : कुलचन्द्र कोइराला, घनश्याम उपाध्याय कँडेल, बालकृष्ण पोखरेल, भानुभक्त पोखरेल, घटराज भट्टराई, प्रयागराज वाशिष्ठ, मोहन सिटौला, हिरण्य ज्ञवाली, भूपहरि पौडेल, यज्ञनिधि दाहाल, निर्मोही व्यास, रामप्रसाद ज्ञवाली, वासुदेव अधिकारी, देवी नेपाल, मित्रलाल पंज्ञानी आदि । नेपालबाहिर बसेर समसामयिक धारालाई अगाडि बढाउने कविहरू हुन् : असीत राई, लक्ष्मण श्रीमल, मनबहादुर गुरुङ, जीवन थिङ, केदार गुरुङ आदि ।

अध्याय चार

# प्रगतिवादी नेपाली कविताको विकासक्रम : सङ्क्षिप्त चर्चा

माथि नेपाली कविताको विकासक्रमको चर्चा गरियो । यसमा देखापरेका विभिन्न धाराहरूको चर्चा गर्ने सन्दर्भमा प्रगतिवादी धारालाई स्वच्छन्दतावादी धारासँगै जोडेर हेरिएको छ । तर प्रगतिवादी नेपाली कविताले हालसम्म छुट्टै विशिष्ट धाराका रूपमा आफूलाई स्थापित गरेको छ । त्यसकारण यहाँ त्यससम्बन्धी सङ्क्षिप्त चर्चा गरिएको छ ।

## ४.१ प्रगतिवादी कवितासम्बन्धी मान्यता

द्वन्द्वात्मक एवं ऐतिहासिक भौतिकवादी चिन्तनको समग्र रूप मार्क्सवाद हो भने यसैमा आधारित साहित्यिक सिद्धान्त प्रगतिवाद हो । मार्क्सवादको कलासाहित्यसम्बन्धी चिन्तन नै प्रगतिवाद हो । जब यथार्थवाद वा आलोचनात्मक यथार्थवादले मार्क्सवादलाई आत्मसात गर्दछ, तब त्यो प्रगतिवाद बन्दछ (पौडेल, २०६६ : पृ. २) । विभिन्न नेपाली विद्वान्हरूले मार्क्सवादको सौन्दर्यात्मक अभिव्यक्तिलाई नै प्रगतिवाद मानेको पाइन्छ । यसरी हेर्दा समाजमा पूँजी र श्रमका बीचको, धनी र गरिबका बीचको, शोषक र शोषितका बीचको अन्तर्विरोधलाई पहिचान गरी त्यसको यथार्थ चित्रणबाट समाजरूपान्तरणका लागि दिशाबोध गराउने साहित्य नै प्रगतिवादी साहित्य हो भन्ने देखिन्छ । कविता पनि साहित्यको एक विधा भएकाले प्रगतिवादी साहित्यिक मान्यता नै प्रगतिवादी कविताको पनि मान्यता हो । यसले शिल्पको अपेक्षा स्वरलाई प्राथमिकता दिए पनि स्वर र शिल्पको उचित संयोजनबाटै कवितात्मक सौन्दर्य सिर्जना हुने कुरा प्रगतिवादी कविताले मान्यता राख्तछ ।

## ४.२ **प्रगतिवादी नेपाली** कविताको पृष्ठभूमि :

प्रगतिवादी नेपाली कविताको प्रारम्भ कहिलेदेखि भयो भन्ने कुरामा विभिन्न मतमतान्तर देखिन्छन् । केही नेपाली साहित्यिक इतिहासकारहरूले यसको आरम्भ २००४ सालपछि लक्ष्मीप्रसाद देवकोटबाट भएको मानेका छन्, केहीका विचारमा २००० सालमा प्रकाशित गोपालप्रसाद रिमालको 'आमाको सपना' कविताबाट भएको मानेका छन् तथा कतिपयले २००७ सालपछि नेपाली कवितामा यसको प्रवेश भएको मानेका छन् (पौडेल :२०६५ : पृ. ३ र ४) ।

कुनै पनि कुराको जन्मका पछाडि खास कारण र त्यसको पृष्ठभूमि रहेको हुन्छ । प्रगतिवादी साहित्यले मानवसमाजको यथार्थलाई प्रतिविम्बित गर्ने भएकाले यो सामाजिक-राजनीतिक वस्तुस्थितिमै आधारित हुन्छ । प्रगतिवादी नेपाली कविताको थालनीको पृष्ठभूमिमा पनि देशको राजनीतिक-सामाजिक वातावरणको प्रबलता रहेको देखिन्छ । प्रगतिवादी नेपाली कविताले विभिन्न वाद र प्रवृत्तिलाई अँगाल्ने

सन्दर्भमा राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक अवस्थाले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । सिङ्गो नेपाली कविताको ऐतिहासिक पृष्ठभूमि हेर्दा सामाजिक-राजनीतिक परिवेशकै आधारमा यो अगाडि बढेको पाइन्छ । प्राथमिककालीन वीरधाराका कविताको प्रादुर्भावमा नयाँ नेपालको निर्माण र त्यसको विस्तारले कवितामा वीरस्तुति, युद्धवर्णन, राजभक्ति, देशभक्ति, शासकस्तुतिजस्ता स्वरहरू देखा परे भने सुगौली सन्धि, भीमसेन थापाको पतन, कोतपर्व तथा जङ्गबहादुरको उदयलगायतका घटनाले ती प्रवृत्तिलाई छोडेर भक्तिधारातिर नेपाली कविता प्रवृत्त रहे । फेरि १९४२ सालको रणोद्दीप हत्याकाण्डपछि राणादरबारमा देखिएको चरम विलासिता, नाटक र सङ्गीतको महफिल, जनतामाथिको दमन, जनताको असचेतता आदि कारणले नेपाली कविताले शृङ्गारिक धार पक्रिएर चरम विकसित भएको देखिन्छ । पुनः जनतामा राणशासनप्रतिको वितृष्णा र त्यसको अभिव्यक्ति, पत्रपत्रिकाको प्रकाशन, विभिन्न घटना र आन्दोलनको प्रभाव, विभिन्न सङ्घसंस्था र पार्टीहरूको स्थापनाजस्ता घटनाको परिणमस्वरूप नेपाली कविताले आधुनिकता ग्रहण गरेको कुरा स्पष्ट देखिन्छ । नेपाली कवितामा प्रगतिवादी धाराको प्रवेश पनि यिनै कुराको पृष्ठभूमिमा भएको मान्न सकिन्छ । एसिया र विश्वमै फैलिँदै गएको क्रान्तिचेत र स्वतन्त्रताको लहरले पारेको प्रभाव तथा २००७ सालअघिसम्म निरङ्कुश राणाशासनको क्रुरता र त्यसविरुद्ध देखापरेको परिवर्तनकामी नवचेतना र क्रन्तिचेतना, सोभियत रुसी क्रान्ति, चिनियाँ जनक्रान्ति, भारतीय स्वतन्त्रता सङ्ग्राम, २००६ मा भएको नेपाल कम्युस्टि पार्टीको स्थापनाजस्ता महत्त्वपूर्ण घटनाहरूले प्रगतिवादी नेपाली कविताहरूको जन्ममा योगदान पुऱ्याएको देखिन्छ । यिनै कुराहरूको पृष्ठभूमिमा २००७ सालको आसपासतिर कृष्णचन्द्रसिंह प्रधान र श्यामप्रसाद शर्माद्वारा लेखिएका कविताहरूबाट प्रगतिवादले नेपाली कविता विधामा प्रवेश गरेको देखिन्छ । यही सन्दर्भमा २००८ मा प्रकाशित कृष्णचन्द्रसिंह प्रधानको 'भन्ज्याङनिरै' कविता सङ्ग्रह नै यसको प्रारम्भविन्दु हो भनेर मान्न सकिन्छ । यसअघिका कविताहरू पूर्णतः मार्क्सवादी सौन्दर्यशास्त्रमा आधारित नभएर सामाजिक यथार्थको स्वस्फूर्त अभिव्यक्तिमात्र भएकाले यी आलोचनात्मक यथार्थवाद वा प्रगतिशील यथार्थका वरिपरि सीमित रहेका देखिन्छन् भने २००४ तिरै देवकोटाका कवितामा प्रगतिवादको झल्को पाइए पनि तिनमा मार्क्सवादप्रतिको प्रविद्धता नहुँदा प्रजातान्त्रिक प्रगतिशील मानवतावादी कविताकै रूपमा मात्र लिनुपर्ने देखिन्छ । यति हुँदाहुँदै पनि स्वच्छन्दतावादी- प्रगतिशील धारका देवकोटा, रिमाल, सिद्धिचरण, पूर्वार्द्धमा युद्धप्रसाद मिश्र, परिष्कारवादी धारका लेखनाथ, धरणीधर, महानन्द, त्यसभन्दा पहिलेका भानुभक्त, ज्ञानदिलदास आदिका कवितामा पाइने प्रशस्त सामाजिक चेतनाले पनि प्रगतिवादी नेपाली कविताको जन्ममा पृष्ठभूमिको काम गरेको मान्न सकिन्छ । (पौडेल:२०६६ : पृ ६)

### ४.३ प्रगतिवादी नेपाली कविताको विकासक्रम

२००७ सालको वरिपरिबाटै प्रगतिवादी नेपाली कविताको सूत्रपात भएको चर्चा माथि गरियो । तत्कालीन सामाजिक, राजनीतिक, आर्थिक, सांस्कृतिक कारणहरूले यसका लागि उर्वर वातावरण तयार भएको मान्न सकिन्छ । आरम्भदेखि आजसम्मको प्रगतिवादी नेपाली कविताको ऐतिहासिक अध्ययन गर्दा तीन चरणमा यसको विकास भएको देखिन्छ । आरम्भदेखि अर्थात् २००७ देखि पञ्चायतको उदयपूर्व अर्थात् २०१७ सम्मको पहिलो चरण, २०४६ पूर्वको पञ्चायती युग दोस्रो चरण र २०४६ को जनआन्दोलनपछिको खुला बहुदलीय युग तेस्रो चरणका रूपमा विभाजन गरी अध्ययन गर्न सकिन्छ ।

#### ४.३.१ पहिलो चरण (२००७–२०१६)

२००७ सालको जनक्रान्तिको सेरोफेरोमा आरम्भ भएको प्रगतिवादी नेपाली कविताको पहिलो चरण २०१६ सम्म रहन्छ । सैद्धान्तिक घोषणासहित प्रकाशित कृष्णचन्द्रसिंह प्रधानको ‘भन्ज्याङनिरै’ कवितासङ्ग्रह (२००८) पहिलो प्रगतिवादी कविताकृति मानिन्छ तापनि २००७ को क्रान्तिताका लेखिएका कविताहरू नै प्रारम्भका प्रगतिवादी नेपाली कविता हुन् । प्रधानको उक्त कृतिमा हिजो खण्डमा २००७ सालअघिका र आज खण्डमा २००७ सालपछि लेखिएका कविताहरू सङ्गृहित छन् । आज खण्डका कवितामा प्रगतिवादी चेत घनिभूत पाइन्छ । यसअघि नै ‘उदय’ पत्रिकामा श्यामप्रसाद शर्माका ‘सन्देश’ (२००२), ‘कृषिउद्धार’ (२००३), ‘यथार्थवाद नै लिऊँ’ (२००६), ‘मनुष्यजुनी’ (२००७), ‘यहाँ समाजवाद छ’ (२००७), ‘के फाइदा र !’ (२००७) कविता प्रकाशित छन् । यी कवितामा देशभक्तिको भावना, क्रान्तिकारी दृष्टिकोण रहेका छन् तापनि कलात्मकताको कमी, उपदेशात्मक प्रवृत्ति देखिएकाले यिनलाई प्रारम्भिक स्तरका कविता मान्नुपर्ने हुन्छ । यति भएर पनि २००७ सालअघिका यिनै प्रयासबाट प्रगतिवादी नेपाली कविताको आरम्भ हुनका लागि वातावरण निर्माण भएको मान्न सकिन्छ (पौडेल : २०६६ : पृ. ८)

यस चरणलाई अगाडि बढाउन श्यामप्रसाद शर्माको नेतृत्वमा २००९ सालमा प्रगतिशील लेखक सङ्घको स्थापना, उनकै सम्पादनमा ‘सेवा’ पत्रिकाको प्रकाशन (२००८) को योगदान महत्त्वपूर्ण छ । यस चरणका अन्य प्रमुख कवि तथा कविताकृतिहरूमा केवलपुरे किसानका ‘बाघ आयो’ (२००९), ‘नेपाल नछो’ (२०१०), ‘समातेर पछार’ (२०१२), ‘छिःछिः’ (२०१५), ‘सङ्घर्षको ठीक गर’ (२०१६) प्रकाशित छन् भने गोकुलप्रसाद जोशीका ‘नेपालको भविष्य’ (२०११), ‘एसियाको फूलबारी’ (२०१२), ‘डा. के. आई. सिंहलाई स्वदेश आउन देऊ’ (२०१२), ‘नवप्रभात’ (२०१२), ‘बाँच र बाँच्न देऊ’ (२०१४), ‘सिमानाको दीप’ (२०१५) छन् । त्यसैगरी अर्का कवि भूपि शेरचनका ‘नयाँ झ्याउरे’ (२०१२) र ‘निर्झर’ (२०१५) महत्त्वपूर्ण छन् । यसै परम्परामा शोषण र उत्पीडनविरोधी मूल स्वर लिएर आनन्ददेव भट्ट देखा पर्छन्, जसका ‘अब हिमाल बोल्छ’ (२०१५), ‘९७ सालमा’ (२०१५), ‘गुराँस’

(२०१५), 'जोवनकै थुम्काबाट' (२०१६), 'ओमर खैयामलाई जवाफ' (२०१६), 'आमा बोलाउँछिन्' (२०१६) कविताकृति रहेका छन् । त्यस्तै केदार शर्मा ढकाल, टी. आर. विश्वकर्मा, जनकप्रसाद हुमागाईं आदि यस चरणका महत्त्वपूर्ण कविका रूपमा देखा पर्दछन् ।

यस चरणका कविताहरू २००७ सालको क्रान्तिपश्चात् पनि शासनसत्तामा सामन्तवादको प्रभाव कायमै रहनु, दिल्लीसम्झौताले परिवर्तनको चाहनामा पुऱ्याएको रोकावट, विद्यार्थी चिनियाँकाजीको हत्या, भारतीय विस्तारवादको उत्पीडनमा तीव्रताजस्ता यथार्थहरूबाट बढी प्रभावित पाइन्छन् । यस चरणका कविताका अन्य विशेषताहरू सामाजिक यथार्थ र वर्गसङ्घर्षको चित्रण, धार्मिक अन्धवादको विरोध, नारीजातिमाथिको उत्पीडनको चित्रण र विरोध, राष्ट्रियताप्रतिको प्रेम, समतायुक्त समाजनिर्माणको आह्वान, आमूल परिवर्तनको चाहना, सर्वहारा मानवतावादी दृष्टिकोण आदि रहेका छन् । यस चरणका कविताले कलात्मकता र परिष्कारभन्दा सहज सम्प्रेषणीयताको अपेक्षा गर्दै जनभाषा र लोकलयलाई आधार बनाई युगीन यथार्थको अभिव्यक्तिजस्ता प्रवृत्ति बोकेको पाइन्छ ।

### ४.३.२ दोस्रो चरण (२०१७–२०४५)

२०१७ सालको राजनीतिक परिवर्तनवपश्चात् सुरु भएको निरङ्कुश पञ्चायती शासनसँगै प्रगतिवादी नेपाली कविताको दोस्रो चरण सुरु भएको देखिन्छ । पहिलो चरणको खुला राजनीतिक परिवेशमा जब निरङ्कुशताले ढोका बन्द गऱ्यो र जनताको राजनीतिक, सामाजिक, साङ्गठानिक र वाक्स्वतन्त्रतामाथि प्रतिबन्ध लाग्यो, त्यसले नेपाली कवितालेखनमा समेत गहिरो प्रभाव पाऱ्यो । अब नयाँ यथार्थको उद्‌बोधनका कविता लेखिन थाले । पञ्चायती व्यवस्थाको उपज कठोर राजनीतिक परिपाटीको अवस्था, कम्युनिस्ट पार्टीभित्र देखिएका फुट तथा विभाजनजस्ता घटनाले सुरुमा प्रगतिवादी कवितालेखनमा केही शिथिलता आएको देखिन्छ तथापि २०२२ सालतिरको विद्यार्थी जागरण तथा सङ्गठन निर्माण गर्न पाउने अवस्थाको सिर्जना, २०२८ को झापा आन्दोलन, २०३५/३६ को विद्यार्थी आन्दोलन, जनमतसङ्ग्रहको घोषणाजस्ता परिघटनाबाट यस चरणका प्रगतिवादी नेपाली कविताले गुणात्मक फड्को मार्दै अगाडि बढेको पाइन्छ । यसै क्रममा २०२५ मा झापाको शनिश्चरेमा 'मेची अञ्चलस्तरीय साहित्य सम्मेलन' सम्पन्न भयो । मेची अञ्चलस्तरीय भने पनि यो सम्मेलन राष्ट्रियस्तरकै हुन पुगेको थियो, जसले सांस्कृतिक-बौद्धिक आन्दोलनलाई माथि उठाउन मद्दत पुऱ्यायो । त्यस्तै २०२९ मा भएको 'गण्डकी अञ्चलस्तरीय साहित्य सम्मेलन', २०३३ मा राजविराजमा सुरु भई २०३९ देखि काठमाडौँमा विकसित भएको 'साहित्य सन्ध्या' (महिनाको पहिलो शनिवार) कार्यक्रमबाट समेत महत्त्वपूर्ण योगदान पुगेको देखिन्छ । 'प्रगतिशील लेखक सङ्घ' ले प्रगतिवादी नेपाली साहित्यका क्षेत्रमा वैचारिक आन्दोलनलाई अगाडि बढाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । यस अवधिमा प्रकाशित विभिन्न पत्रपत्रिकाहरूको योगदानलाई पनि यस सन्दर्भमा बिर्सन सकिँदैन । तीमध्ये केही

महत्त्वपूर्ण पत्रपत्रिका 'उत्साह', 'सन्देश', 'लालुपाते', 'नौलो बिहानी', 'नौलो राँको', 'सुस्केरा', 'सङ्कल्प', 'कोसीको लहर', 'झुप्रो', 'मुक्तिमार्ग', 'जनचेतना', 'हिमाली आवाज', 'झिसमिसे', 'वेदना', 'बगर', 'नेपाली साहित्य', 'जनसाहित्य', 'प्रलेस' आदि रहेका छन् ।

शिल्पगत रूपमा यस चरणका कविता परिष्कृत नै छन् । जीवन–जगत्, समाज र प्रकृतिका विविध पक्षहरूबाट विम्ब–प्रतीकको संयोजन गरी निरङ्कुश पञ्चायती व्यवस्थाको विरुद्धमा प्रहार गर्दै स्वतन्त्रता, प्रजातन्त्र, मानवअधिकारजस्ता विषयमा यस अवधिका कवितामा तीव्र ध्वनि पाइन्छ । यसका साथै भावसघनता, व्यङ्ग्यात्मकता, वस्तु र रूपबीच समन्वयात्मकता, सहज, सरल र सम्प्रेष्य प्रस्तुति यस चरणका प्रगतिवादी नेपाली कविताका वैशिष्ट्य हुन् । यस अवधिका केही कवि र कविताकृति यस प्रकार छन् : जनकप्रसाद हुमागाईं 'कोसेली' (२०१९), 'पसिना' (२०१९), 'दुःखी-गरिबको सवाई' (२०२१ काव्य), गोविन्द भट्ट 'शान्ति सन्देश' (२०२४), भवानी घिमिरे 'स्मृतिका रेखाहरू' (२०२५), भूपि शेरचन 'घुम्ने मेचमाथि अन्धो मान्छे' (२०२५), युद्धप्रसाद मिश्र 'बाढी' (२०२९), 'युप्रसाद मिश्रका कविताहरू' (२०४८, लेखन ०४५ अगावै), रविलाल अधिकारी 'दुःखको आवाज' (२०२०), 'बुकी फूल' (२०३१), 'परदेशीलाई पत्र' (२०४१), कणाद महर्षी 'गुफा' (२०३१), 'पग्लेका लाभाहरू' (२०३४), जसराज किराती 'उज्यालो खोज्ने आँखाहरू' (२०३५), मित्रलाल पंज्ञानी 'सामन्तको परिचय' (२०३७), दिल साहनी 'नौलो मान्छे' (२०३९), राजीव 'कामिनी आमा' (२०३९), उदय शर्मा 'उथलपुथलभित्रका अनुभूतिहरू' (२०४०), धर्मोगत शर्मा तुफान 'विद्रोही आवाजहरू' (२०३८), बिक्रम सुब्बा 'कविको आँखा कविताको भाखा' (२०३९), मोदनाथ प्रश्रित 'गोलघरको सन्देश' (२०४० काव्य), विमल निभा 'आगोनेर उभिएको मानिस' (२०४०), मञ्जुल 'गायक यात्री' (२०४०), जगदीशचन्द्र भण्डारी 'वर्तमान जन्मन खोजिरहेछ' (२०४०), नेत्रलाल पौडेल अभागी 'सतीसालमात्र ठिङ्ग उभिन सक्छ' (२०४२), पूर्ण विराम 'इतिहासका किल्लाहरूमा' (२०४३), श्यामल 'तपाईंहरू माफर्त्' (२०४४) आदि ।

### ४.३.३ तेस्रो चरण (२०४६ देखि हालसम्म)

२०४६ को ऐतिहासिक जनआन्दोलनको सफलतापछि प्रगतिवादी नेपाली कविता आन्दोलनमा पनि नयाँ मोड आयो । यस चरणमा आइपुग्दा कवितालेखनमा पनि थुप्रै प्रेरक घटनाहरूले भूमिका खेलेका छन् । २०४६ को जनआन्दोलनबाट बहुदलीय व्यवस्थाको पुनःस्थापना, नयाँ संविधाननिर्माण, आमनिर्वाचन, निर्वाचित सरकारको गठन तथा पतन, दासढुङ्गा हत्याकाण्ड, मध्यावधि आमनिर्वाचन, एमालेको अल्पमतको सरकार, २०५२ देखि सुरु गरिएको माओवादी जनयुद्ध, टनकपुर सन्धि, सांसद किनबेच तथा पजेरो संस्कृतिले वामपन्थी सांसदमा देखिएको नैतिक सङ्कट तथा चारित्रिक विचलन, महाकाली सन्धि, एमालेमा विभाजन, भ्रष्टाचार र कमिसनमा बृद्धि, निजीकरण, उदारीकरण र विश्वव्यापीकरणले पारेको प्रभाव, काङ्ग्रेसमा विभाजन, दरवार हत्याकाण्ड, सङ्कटकालको घोषणा,

सेनापरिचालन, संसद विघटन, २०५९ असोज १८ को राजा ज्ञानेन्द्रको प्रतिगमनकारी कदम, सरकार र माओवादीबीच युद्धविराम-वार्ता-वार्ताभङ्ग, २०६१ माघ १९ को राजा ज्ञानेन्द्रको निरङ्कुश कदम, बाह्रबुँदे सम्झौता, २०६२/६३ को जनआन्दोलन, संसद पुनःस्थापना, सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना, संविधानसभाको निर्वाचनलगायतका घटनाहरू यस चरणका प्रगतिवादी नेपाली कवितालेखनमा प्रेरक तत्त्वका रूपमा रहेका देखिन्छन् भने यिनैलाई कविताको विषयवस्तुको आधारभूमि बनाएको पाइन्छ । प्रवृत्तिगत दृष्टिले हेर्दा यस चरणका कविताहरू आलेचनात्मक यथार्थवाद र समाजवादी यथार्थवादलाई अङ्गीकार गरी लेखिएका पाइन्छन् । शिल्पका दृष्टिले विभिन्न छन्द तथा मुक्त लयमा कविता लेखिएका छन् । सहज, सरल र मार्मिक प्रस्तुति, अलङ्कार, विम्ब-प्रतीकको उचित संयोजन, द्वन्द्वात्मक चित्रण यस चरणका कविताका विशेषता देखिन्छन् ।

यस अवधिमा धेरै कविहरूको उदय भएको छ । केही कवि र कविताकृति यसप्रकार छन् : रामचन्द्र भट्टराई 'हृदयका फूलहरू' (२०४६), 'झिंगे माछो' (२०४७), 'सुखानीको रगत' (२०४९), 'आगोका फूलहरू' (२०६१), 'लोकतन्त्रको शङ्खनाद' (२०६२ संयुक्त), वासुदेव अधिकारी 'समयका स्वरहरू' (२०४६), 'मनको हरियो मनको गीत' (२०४७), 'आफन्तलाई सम्बोधन' (२०६०), मोहन दुवाल 'सिर्जनाका फूलहरू' (२०४६), 'सचेतका धुनहरू' (२०४७), 'संरचनाका मूलहरू' (२०५२), 'सम्भावनाका मनहरू' (२०५९), जगदीशचन्द्र भण्डारी 'मुक्तिक्षेत्रको यात्रामा' (२०४८), अनिल पौडेल 'फुटेर फेरि मनहरू' (२०४८), 'हातहरू' (२०५७), आहुती 'तपस्वीका गीतहरू' (२०४९), रुद्र खरेलद्वारा सम्पादित कवितासङ्ग्रह 'आन्दोलन कविता' (२०४७), पूर्ण विराम 'गोविन्दले ठीक भन्यो' (२०५२), 'ए ! मेरो आदरणीय लेकाली फूल' (२०६४), पारिजात 'बैँसालु वर्तमान' (२०५०), लक्ष्मण गाम्नागे 'घिटिकघिटिक बाँचेर सहरमा' (२०५०), '३ न १३' (२०५७), गणेश भण्डारी 'अन्तिम विजय' (२०५५), 'आस्थाको नीहारिकाबाट' (२०६२), दुर्गालाल श्रेष्ठ 'इन्क्लाबको पदचाप' (२०४८), 'तपक  (२०५७), 'फूल तिम्रै बारीको' (२०५७), 'किरमिरे धर्साहरू' (२०६०), मोदनाथ प्रश्रित 'सङ्कलित रचनाहरू खण्ड १' (२०५८), रामप्रसाद ज्ञवाली 'पुतली र भुसिल्किर' (२०५९), 'असुरग्याँस' (२०६२), 'एकादेशमा' (२०६१ काव्य), बिक्रम सुब्बा 'बिक्रम सुब्बाका कविता र गीतहरू' (२०६०), विमल निभा 'एउटा बाहुला नभएको बुसर्ट' (२०६०), जगत् प्रेक्षित 'समयका छालहरू' (२०६०), देवी नेपाल 'श्रद्धाञ्जली' (२०५७ काव्य), 'त्रिशतक' (२०६३), रामप्रसाद प्रदीप 'बेलाको बोली' (२०६३), जनकप्रसाद हुमागाइँ 'निसाना' (२०६४), 'खेतबारीको गीत' (२०६५), मित्रलाल पंज्ञानी 'पृथ्वी कसको ?' (२०६५), जगन्नाथ आचार्य 'समय-स्वर' (२०६५) आदि । यसका अतिरिक्त अन्य धेरै कविहरूले यस अवधिका प्रगतिवादी कवितालाई अघि बढाउने कार्यमा महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेका छन् ।

## ४.४. निष्कर्ष

हाल (२०६६) सम्म आइपुग्दा नेपाली कविताको शिष्ट लेखनपरम्पराले २४० वर्षको लामो अवधिलाई पार गरेको छ । अनेकौँ उकाली-ओराली र आरोह-अवरोअ पार गर्दै यहाँसम्म आइपुगेको नेपाली कविताले सिङ्गै नेपाली साहित्यको प्रतिनिधि विधाका रूपमा आफूलाई उभ्याउन सफल भएको देखिन्छ । यस क्रममा विषयवस्तुमा विविधता र व्यपकता, आयाममा लघुतमदेखि वृहत्तर आयामसम्म फैलिन सफल हुँदै, नयाँनयाँ प्रवृत्तिहरू अङ्गीकार गरेर विश्वसाहित्यमा समेत आफूलाई उभ्याउन सक्ने हैसियत नेपाली कविताले प्राप्त गरिसकेको छ । यस अर्थमा नेपाली कविता प्रौढ, सशक्त र समृद्ध भइसकेको छ भन्दा अत्युक्ति हुनेछैन ।

# अध्याय पाँच

# पा“चजना कविका कविताको विश्लेषण

सिर्जनात्मक लेखनअन्तर्गत कवितासङ्ग्रह तयार पार्ने सिलसिलामा समकालीन पाँचजना कविका समधर्मी कविताको विश्लेषण गर्ने प्रयोजनका लागि पाँचजना कविहरू र तिनका पाँचपाँचवटा कविता छनोट गरिए । परिष्कारवादी शैली पक्रिएका, वर्णमात्रिक छन्दमा प्रगतिवादी मूल स्वर भएका ती पाँचजना कविहरू हुन् : रामप्रसाद ज्ञवाली, देवी नेपाल, जगत् प्रेक्षित, मित्रलाल पंज्ञानी र जगन्नथ आचार्य । उनीहरूका पाँचपाँच कविताको सङ्क्षिप्त विश्लेषण तल गरिएको छ ।

## ५.१ रामप्रसाद ज्ञवाली

कवि रामप्रसाद ज्ञवालीका पाँचवटा कविता 'हे देवकोटा भन', .'स्वतन्त्रदेश बाँच्न द्यौ', 'म खुम्ची बस्न सक्तिनँ', 'आजको नेपाल', 'प्रतिगमन' को सङ्क्षिप्त विश्लेषण तल गरिएको छ ।

### ५.१.१ हे देवकोटा भन

कवि रामप्रसाद ज्ञवालीद्वारा रचित 'हे देवकोटा भन' शीर्षकको कविता शार्दूलबिक्रीडित छन्दको पाँच श्लोकमा संरचित छ । वर्णमात्रिक लयविधानलाई पक्रिएको यस कविताको मूल भावमा प्रगतिवादी चेत घनिभूत देखिन्छ । महाकवि देवकोटालाई सम्झिन पनि खुल्ला रूपले नसक्ने राजनीतिक अवस्थामा निसास्सिएर बस्नुपरेको दारुण क्षणको चर्चा कवितामा गरिएको छ । अन्त्यानुप्रासयुक्त यस कवितामा कवि ज्ञवालीद्वारा प्रत्येक श्लोकको पहिलो र दोस्रो पाउमा तत्कालीन परिस्थितिमा नेपालीहरूको दयनीय अवस्थाको चित्रण गर्दै यस्तो प्रतिकूल परिवेशमा महाकवि देवकोटालाई के कुरा अर्पण गरेर सम्झना गरूँ भन्दै तेस्रो र चौथो पाउमा देवकोटासँगै सवाल गरिएको छ । मातृभूमिको छाती वैरीका तरवारले जीर्ण बनाएको, वीरहरूमा लाछीपन भरिएर आमा दास हुँदासमेत केही गर्न नसकेको, बालबालिका तथा चेलीको निर्दोषितामा कालो पसेको, खाना खान र पानी पिउन नपाएको, आगोसमेत तापहीन भएर निस्तेज भएको तथा पानीको रसमयतासमेत शुष्क भएको यस्तो दारुण क्षणमा हार्दिक श्रद्धाका साथ देवकोटालाई सम्झना गर्न नसकिने अवस्थाप्रति सटीक रूपमा कविले व्यङ्ग्यात्मक भावका साथ देवकोटालाई सम्बोधन गरेका छन् । जताततै त्रास, रगत, आर्तनाद, अश्रुधारले मात्र भरिएको समसामयिक नेपाली समाजमा शान्तिका साथ आनन्दले बस्न नसकिएको अवस्थाप्रति कविताले सचेत रूपमा दृष्टि पुऱ्याएको छ । कवितामा राजनीतिक सचेतता स्पष्ट रूपमा प्रकट भएको छ ।

५.१.२ स्वतन्त्रदेश बाँच्न द्यौ

रामप्रसाद ज्ञवालीद्वारा रचित यस कवितामा एउटा कलिलो बालकको स्वतन्त्रतापूर्वक बाँच्ने र हुर्कने अधिकार कुण्ठित भएकोप्रति तीव्र रोष प्रकट गर्दै देशको स्वतन्त्रताप्रति आस्था उमारिएको छ । पञ्चचामर छन्दमा पाँच श्लोकमा रचित यस कवितामा अन्त्यानुप्रासलाई ख्याल गरिएको छ भने प्रतीकात्मक रूपमा कमजोर लोकतन्त्रलाई सबल बनाउने आग्रह कविताले बोकेको छ । जताततै अशान्तिले घेरिँदा नदी स्वयंले प्यास मेटाउन पाएको छैन, यस्तो अवस्थामा बुद्धमा समेत क्रोध उत्पन्न भएको व्यङ्ग्यचेत कवितामा देखिन्छ । रगतले प्यास र मासुले भोक मेट्नुपर्ने परिस्थितिको अन्त्यको चाहना तीव्र छ । हिमाल हाँस्ने स्वतन्त्रता, मधेस नाच्ने स्वतन्त्रता र चरी उड्ने स्वच्छन्दतालाई निर्वाध उपभोग गर्न पाउनुपर्ने तथा पहाड–लेक र सम्पूर्ण देशले पूर्ण स्वतन्त्रता पाउनुपर्ने अभिष्ट कविताले बोकेको छ । प्रगतिवादी–स्वच्छन्दतावादी भावधारा, परिष्कारवादी शिल्पयोजना, विम्ब–प्रतीकको प्रयोग यस कविताका वैशिष्ट्य हुन् ।

५.१.३ म खुम्ची बस्न सक्तिनँ

यस कवितामा कवि ज्ञवालीले द्वन्द्वबाट सिर्जित पीडालाई संवेदनशील रूपमा अभिव्यक्त गरेका छन् । अन्त्यानुप्रासयुक्त अनुष्टुप छन्दमा संरचित पाँच श्लोकमा आबद्ध यस कविताको मूल आशय भनेको द्वन्द्वरत पक्षका बीचमा चेपुवामा परेको निरिह जनताको स्वतन्त्र बाँच्ने अधिकारमाथिको धम्कीपूर्ण बन्देजले पारेको दुष्प्रभावलाई उजागर गर्नु हो । देशमा आँसुको बाढी र रगतको खोलो बगेको बेला तिर्खा लाग्दा पानी नपाउनु स्वाभाविकै हो । निरिह जनतालाई एक पक्षले आतङ्ककारीको आरोप लाएर आतङ्कित पार्छ भने अर्को पक्षले सुराकीको आरोप लाएर आतङ्क सृजना गर्दछ । यस्तो स्थितिको अन्त्यका लागि कवितामा युगवाहक तथा न्यायदाताको खोजी गरिएको छ । द्वन्द्वरत दुईटै बन्दुकले नेपाली सन्तान मारिरहेको त्रासदीपूर्ण अवस्थाबाट मुक्ति पाउन मुक्तिदातालाई उद्धारक बनेर आउन आग्रह गरिएको छ भने शान्तिको आशामा बाँच्नुपर्ने अवस्थामा त्यो नै मासिएपछि मानवजीवन सुरक्षित गर्नका लागि सञ्जीवनीहरूको आगमनको आग्रह कविताले गरेको छ । स्वतन्त्रतापूर्वक बोल्ने मुखमा ताल्चा लगाउनुका साथै स्वतन्त्र दृश्य हेर्ने आँखा खोल्न नसक्ने कठिन परिस्थिति तथा स्वतन्त्र भावाभिव्यक्तिप्रतिको प्रतिबन्धले मानवमा हुने कुण्ठा र त्रासको परिणति सुखद् नहुने कुरा कविताले अभिव्यक्त गरेको छ । मानवताको आधार नै स्वतन्त्रता हो । तसर्थ मानवताको रक्षाका लागि मुक्तिको बाटोको खोजी गर्नुका साथै मानवता परतन्त्रतामा खुम्चिएर बस्न नसक्ने यथार्थ अभिव्यक्ति कविताको मूल अभिष्ट रहेको देखिन्छ । सरल–सहज पदावली, प्रगतिवादी चिन्तन, तीव्र साङ्गीतिक लय–योजना आदि यस कविताका वैशिष्ट्य हुन् ।

५.१.४ आजको नेपाल

'आजको नेपाल' ज्ञवालीको शार्दूलबिक्रीडित छन्दमा रचित छश्लोके कविताले वर्तमान नेपालको स्वाधीनतामा कुठाराघात भइरहेको कटु यथार्थलाई व्यङ्ग्यात्मक शैलीमा व्यक्त गरेको पाइन्छ । अहिले हाम्रो देशको अवस्था दयनीय रहेको छ । हामी स्वतन्त्र देशका नागरिक भनेर आफूलाई भन्ने गर्छौं तर दलालहरूले भित्रभित्रै बेचिसकेको जस्तो यो पराधीन अवस्थामा छ । हाम्रा पुर्खाले विगतमा गरेका हजारौँ विजयहरूले अहिले हाम्रो गौरव धान्न सकिरहेका छैनन् । सेता हिमशृङ्खलाहरू ज्योत्स्नाहीन छन्, छातीमा ठुल्ठूला नदी बोकेर पनि काकाकुलझैँ तिर्खा मेट्न सकिँदैन, सांस्कृतिक गौरव र वीरता केवल गफका पानामा सीमित छन् । तसर्थ कविलाई लाग्छ, यो मुलुक केही लुच्चाहरूको भएको छ । आफू केही नगर्ने तर पुर्खाको इतिहासमात्र जप्ने, विनालाज भीख मागेर देश चलाउनेहरूबाट देश मरणासन्न अवस्थामा धुक्धुकीले मात्र चलिरहेको वर्तमान स्थितिप्रति कवि ज्ञवाली तीखो व्यङ्ग्य गर्छन् । अन्यायले ग्रस्त, केवल देखाउनका लागि मात्र देशका लागि गरेजस्तो गर्ने आडम्बरी ढोँगलाई सदैव शिरोधार्य गर्ने नेपाली नेतृत्वका कारण देश प्वाँखविनाको चराको जस्तो अवस्थामा पुगेको छ । यस्ता वेथिति बढ्दै गएमा सधैँभरि जनता सहेर बस्तैनन् । आवश्यक परे बुद्ध स्वयंले बन्दुक बोक्नुपर्ने स्थिति सिर्जना हुन पुग्दछ । तसर्थ शासन सदैव कुशासन नै रहिरहने हो भने एकदिन नयाँ विष्फोट अवश्य भई छाड्दछ, नयाँ नेपाल अवश्य बनेरै छाड्छ । सुललित भावमा सरल सहज पदावलीमा गुम्फित यस कविताले नयाँ नेपालको कल्पना गरेको छ । प्रगतिवादी भावधारालाई केन्द्रीय भावका रूपमा ग्रहण गरेको यस कविताले मुलुकको मुहार फेनुपर्ने आवश्यकताको अपेक्षा गरेको छ ।

५.१.५ प्रतिगमन

ज्ञवाली रचित 'प्रतिगमन' कवितामा राजनीतिक व्यङ्ग्य गरिएको छ । अनुष्टुप छन्दका पाँच श्लोकमा लेखिएको यस कवितामा प्रतिगमनका रूपमा रहेको दरबार र त्यसका हर्ताकर्ताहरूबाट भएका अनैतिक, गैरकानुनी र भ्रष्ट क्रियाकलापको सिलसिलेवर चर्चा गरिएको छ । देशलाई अग्रगमनतर्फ लैजाने आवश्यकता महसुस भइरहँदा पनि पुरानो सामन्तवादी, अलोकतान्त्रिक र निरङ्कुश तानाशाही शासनव्यवस्थाको पृष्ठपोषण गर्दै त्यसैलाई मलजल गर्ने प्रतिगमनकारी शक्तिका रूपमा देखिएको राजसंस्था र यसका कतिपय सदस्यहरूको भ्रष्ट क्रियाकलापले देशलाई अधोगतितर्फ लगिरहेको कुरा कविताले उजागर गरेको छ । ०३५–३६ तिरको पोखरामा भएको नमिता–सुमिता काण्ड, सङ्गीतकार प्रवीण गुरुङको हत्या, नारायणहिटी हत्याकाण्ड, विभिन्न मन्दिरका वहुमूल्य मूर्तिहरूको चोरीजस्ता काण्डहरूमा प्रतिगमन प्रवृत्तिकै हात रहेको कुरा छर्लङ्ग छ । सामन्तवादको केन्द्रीय सत्ताको रूपमा अवस्थित राजतन्त्रले लोकतन्त्रका कलिला पालुवा निमोठ्तै, जनजागृतिमा कठोर प्रहार गर्दै निरङ्कुशता

पक्षपोषण गर्ने कार्य गरिरहेको तथा ०५८–५९ तिरको तत्कालीन राजाको प्रतिगमनकारी दुष्कार्यको भण्डाफोर यस कवितामा गरिएको छ । प्रतिगमन स्वयंले प्रथम पुरुष शैलीमा आफूलाई 'म' भन्दै 'म' लाई नराम्रा र सांहारिक घटनाजति मन पर्छन्, कारण आफ्नो उद्देश्य नै प्रतिगमन हो भनेर कवि ज्ञवालीले व्यङ्ग्यभाव प्रस्तुत गरेका छन् यस कवितामा । अनुप्रासको मनोहारिता, ठेट ग्रामीण शब्दको प्रयोग, जस्तै : सम्साँझै, भुस्याहा, छमछम आदि । निरोको बाँसुरी बादन र हिटलरको ग्यासच्याम्बरजस्ता प्रतीकको प्रयोग यस कविताका महत्त्वपूर्ण वैशिष्ट्य हुन् ।

५.२. देवी नेपाल

कवि देवी नेपालका पाँचवटा कविता 'जागृति–स्वर', 'देश हार्दै छ आज !', 'कविता लेख्न सक्दिनँ', 'निडर बन परेवा', 'उज्यालाको खोजी' को सङ्क्षिप्त विश्लेषण तल गरिएको छ ।

५.२.१ जागृति–स्वर

'जागृति–स्वर' कवितामा कवि देवी नेपालले यथार्थपरक ढङ्गले जागृतिको स्वर उरालेका छन् । प्राणीजगत्मा मान्छे सर्वसचेत र सुन्दर प्राणी हो । यस्तो मान्छेको हेर्ने वैचारिक दृष्टि शुद्ध छ भने सम्पूर्ण संसारलाई सुन्दर देखिन्छ । विश्वलाई सुन्दर र सार्थक बनाउने पनि मान्छे नै हो । मानवीय चेतनाकै कारणले ऊ विश्वजगत्को केन्द्र बनेको छ तथापि मानिस राष्ट्रभन्दा ठूलो कदापि हुन सक्तैन भन्ने कुरा कवितामा देखाइएको छ ।

जो घमण्ड गर्छ, त्यसको पतन निश्चित छ । किनभने बालुवाको घर केही समयका लागि जतिसुकै ठूलो भए पनि त्यो धेरै समयसम्म टिक्न सक्तैन, आखिरमा ढलेरै छाड्छ । पुरानो र थोत्रो भएपछि कुनै पनि चीज व्यर्थको हुन्छ, त्यसैले त्यो फ्याँकिन्छ भने राम्रै भए पनि विषबृक्षलाई मास्नुपर्ने हुन्छ । फूलै भए पनि धतुराको फूल विद्वान्हरूको शिरमा चढाइँदैन भने सुन्दर देखिने रिट्ठो खाजाको रूपमा कदापि प्रयोग गरिँदैन । आहालको फोहोर पानी सोहोरेर कदापि पिइँदैन । हेर्दा आवरणमा सुन्दर देखिए पनि अनुपयोगी र काम नलाग्ने वस्तु छन् भने तिनको प्रयोग कुनै हालतमा गर्नु हुँदैन भन्ने नैतिक चेतनाको स्वर कवितामा मुखरित भएको छ ।

गोठमा पालिने गाईवस्तु कामलाग्ने हुनुपर्छ । साँढेलाई जोत्न मिल्दैन भने ढाडे बिरालो पालेर खालि दही चोराउनुमात्र हुन्छ । बाघ पालेर ढुक्कले बस्न सकिन्न भने दूधै खुवाएर पाले पनि सर्पले एकदिन पाल्नेलाई नै टोक्तछ भन्ने विचार कविको रहेको छ । दुष्टलाई समीपमा आउनै दिनुहुन्न भन्ने आशय व्यक्त गर्दै कवि भन्छन्–जब ब्वाँसो गाउँमा पस्छ, सर्वत्र सन्त्रासले छोप्छ भने बालीमा उम्रेको झार समयमै नगोडे त्यसले बाली नै विनाश गर्दछ । घाउ–खटिरो सानै भए पनि हेपेर त्यत्तिकै राख्नु

हुँदैन, केहीपछि क्यान्सरको रूप लिन सक्तछ भने मानिस आफू भोको बसेर बानरहरू (दुष्टहरू) कदापि पाल्नु हुँदैन ।

दुष्ट स्वभाव र प्रवृत्ति भएकाहरू सधैँ दुष्ट नै रहन्छन् । त्यसको उदाहरणको रूपमा जुको र उडुसलाई लिइएको छ । अरू बेला साधुजस्तो देखिने जुको मौका पर्नासाथ झम्टिहाल्छ भने उडुसले आफू लुकेको ठाउँमा सन्त–विद्वान् नै सुते पनि त्यसको रगत चुस्न छोड्दैन । त्यसैगरी कुकुरलाई उसले गल्ती नगरेसम्म पालिन्छ चर जब त्यो बौलाउँछ, निश्चित रूपमा मारिन्छ । शार्दूलविक्रीडित छन्दको छ श्लोकमा आबद्ध कवितामा अन्त्यानुप्रासमा केही विचलन छ भने कविताले समग्रमा प्रगतिवादी स्वरका साथ नैतिक चेतलाई उजागर गरेको छ ।

### ५.२.२ देश हार्दै छ आज !

कवि देवी नेपालको 'देश हार्दै छ आज !' कविता मन्दाक्रान्ता छन्दको छ श्लोकमा आबद्ध छ । मूल स्वरका रूपमा प्रगतिवादी धारलाई अँगालिएको छ भने विगतको हाम्रो विशाल नेपालको हराएको सीमालाई कविका आँखाले खोजिरहेका छन् । देशका प्रत्येक भाग हाम्रा शरीरका अङ्ग हुन् भन्दै प्रतीकात्मक रूपमा देश कतै विखण्डन हुने त हैन भनेर त्यसप्रति चिन्ता व्यक्त गरिएको छ । हामी दिनदिनै कमजोर बन्दै छौं भन्दै आफैँले कात्रो ओडेर आफ्नै मलामी जान कसरी सकिन्छ भन्ने व्यङ्ग्य गरिएको छ । हाम्रा पाखामा गुराँस फुल्न छोडेकै हुन् त ? माटाको ममता मुटुबाट अलग्गियो भने देहमा सास पनि बाँकी रहँदैन । देशनिर्माणका लागि पुर्खाले बगाएको रगत र पसिना पनि अहिले उपहास हुन लागेको तथा वीरता पासो बन्न लागेको प्रति कवि चिन्तित छन् । हामीभित्रको संवेदनशीलतामा ह्रास आउन लागेको प्रति गम्भीर बन्दै कवि नेपालले कोसी फुटेर मान्छेका छातीमा भेल बग्दा सहरको मुटुमा त्यसले छुँदैन भने स्वयम् मायादेवी लुटिएकी छन् तथा बुद्ध धारमाथि बाँच्न वाध्य छन् भन्ने भाव यस कवितामा छ । वर्णमात्रिक लयविधानलाई पक्रिएको यस कवितामा अन्त्यानुप्रास, वृत्यनुप्रास, रूपकलगायतका अलङ्कारको यथोचित प्रयोग छ, विम्ब–प्रतीकको सटीक प्रयोग पाइन्छ ।

### ५.२.३ कविता लेख्न सक्दिनँ

कवि देवी नेपालको यो कविता प्रगतिवादी स्वर बोकेर द्वन्द्वले निम्त्याएको हिंसाजन्य, त्रासदीपूर्ण वातावरणमा कुनै पनि सृजना गर्न नसकिने मूल आशय व्यक्त गर्न सफल देखिन्छ । अनुष्टुप छन्दका सोह्र श्लोक रहे पनि चार श्लोकलाई एक श्लोकका रूपमा राखी जम्मा चार श्लोकभित्र यस कवितालाई कविले पूर्णता दिएका छन् । जताततै लासको ढेर लागेको अवस्था, गुराँस फुल्ने ठाउँमा मान्छेको रगत फलेको, श्रीखण्डको वासना आउनुपर्ने ठाउँमा बमको गन्धले भरिएको, छोराहरू

भकाभक मारिएका, श्रीमती बलात्कार भइरहेको यस्तो त्रासजन्य अवस्थामा साँचो कविता लेख्न सकिन्न भन्ने भाव कवितामा व्यक्त भएको छ ।

थालमा भात पस्कँदासमेत कलेजामा घोच्न थाल्छ भने गिलासमा पानी भर्दा पनि रगत जम्न थाल्दछ, यात्राको कुरा सोचेमात्र पनि काँडो बिभ्दछ भने शान्तिको खोजी गर्दा घाउमा चुक अमिलो घोप्ट्याइएर चहराउन थाल्दछ । यस्तो परिस्थितिमा आमाका आँखा कहिल्यै ओभाना हुँदैनन् । आँसुले माटो छपक्क भिज्दछ भने इमान्दारहरूका शिरमाथि सिङ्गै आकाश आएर थिच्दछ । एउटा सच्चा सपूतले आफ्नी आमाका शिरमा पाउले टेक्न सक्तैन त्यसैले दुरवस्थामा एउटा सच्चा कविले साँचो कविता लेख्न कसरी सक्छ ?

कवि नेपालले द्वन्द्वग्रस्त परिस्थितिको उपजको चित्रण यसरी गरेका छन्– भाइटीकामा टीको लाउन भाइ दिदीका घर पुग्दा आँगनमा दिदीको. लास देख्तछ भने तिजमा चेली माइतीघर आउँदा माइतीहरूको हत्या भैसकेको कुरा सुन्न विवश हुन्छिन् । झ्यालबाट सर्प सुटुक्क छिरेर भित्र पसी शिरमा डस्तछ । उलँदो खहरेलाई हातले छेक्न सकिँदैन, यस विषम परिस्थितिमा एउट सर्जकले कवितारूपी सिर्जना गर्न सक्तैन । जनताको सुरक्षा गर्नुपर्ने सरकारको निरिहताले सरकारको अस्तित्वको आभास हुँदैन भने ब्वाँसो सन्त हुने कुरा स्वीकार गर्न सकिन्न । जताततै क्रुरता बढेकाले मानवी हृदयमा ढुङ्गाको बास भएको भान हुन्छ । मन्दिरमा देउताको सट्टा लासै भेटिन्छ भने आतङ्कका कारण मान्छे सत्य बोल्नसमेत डराउनुपर्ने वाध्यता छ । यी सबै कुरा हेर्दा मान्छले होइन, दैत्यले पो राज गरेको हो कि झैँ लाग्दछ । यस्तो समयमा कविले 'साँचो कविता लेख्न सक्दिनँ' भन्ने पदावली (शीर्षककै रूपमा) बाट द्वन्द्वग्रस्त समाजमा कुनै किसिमको सिर्जना हुन नसक्ने कुराको प्रतीकात्मक भाव व्यक्त गरेका छन् । विभत्स र भयानक रसयुक्त यस कवितामा अन्त्यानुप्रास रहेको छ ।

### ५.२.४ निडर बन परेवा

कवि देवी नेपालको प्रगतिवादी मूल स्वर रहेको 'निडर बन परेवा' कविता मालिनी छन्दको पाँच श्लोकमा संरचित छ । शब्दालङ्कारका रूपमा अन्त्यानुप्रास रहेको यस कवितामा शान्तिप्रिय परेवाहरूको वैरी बाजको राजमा मृत्युको त्रास, बुद्धको सट्टा युद्धको रटना, स्वार्थले टेक्ता हृदय (सहृदय) को हरणजस्तो अवस्थ सृजना भएको तर्फ सङ्केत गर्दै तर त्यो अवस्था सधैँ रहिरहँदैन, एक दिन बाजको राज ढल्ने निश्चित छ, तसर्थ परेवाहरूले निडर बन्नुपर्छ भन्ने आग्रह गरिएको छ । कविताले प्रतीकात्मक रूपमा अहिले देश अग्निमा परेसरी भएको कुरा औँल्याएको छ । सुन्दर फूलमा बसेर पनि भमराहरू किन उदास छन् भन्दै उज्यालो हृदयमा पनि निशाको जालो फैलिरहेको छ, जनताहरू निरास छन्, उषामा समेत सूर्य कालो किन देखिएको हो भन्ने प्रश्न छ । मृत्युका त्रासमा कति दिन बाँच्न सकिन्छ, मानवहृदयमा दासताको बास किन गराइयो, जनताका साहसी शिरका टाकुरामा मदले मत्त

सामन्तवाद कहिलेसम्म फलिरहने, जनताका आँटिला पाखुराले कहिलेसम्म डर पालिरहने ? यसो भइरहेमा डाँफेले पनि रगतमा डुबिरहनुपर्छ, हिमालमा आनन्दले चर्ने चौँरीले पनि ढुक्कसँग सास फेर्न पाउँदैन, अब सुगाले बुद्धको शान्ति बोल्न छोड्यो भने कोइलीले वसन्तको गीत गाउनुको सट्टा युद्ध गाउन थाल्यो । मानवी चालदेखि प्रकृतिसमेत डराइरहेको छ, स्वार्थले भरिँदा मानवहृदय नै हराएको छ, अविवेकी हातले जति गोडे पनि गमलामा झन बढी झार भरिन्छ । तर कवि विश्वास गर्छन्– निश्चय नै छिटै बाजको राज समाप्त हुन्छ । कारण, सिंहका खुट्टासमेत काम्न थाले, तरतरी बगेको पसिनाले अब शक्तिको दीप बाल्न थालिसके, शङ्खघोषले परेवाहरूको विजयको उद्घोष गर्दै छ, तसर्थ कवि परेवाहरूलाई अब निडर बनेर अघि बढ्न आग्रह गर्छन् । बाज, परेवा, सिंह, कालो सूर्य, चौँरी आदि शब्दहरू विम्ब–प्रतीकका रूपमा आएका छन् । सहज–बोधगम्य शब्दशैलीले प्रसाद गुण रहेको छ ।

५.२.५ उज्यालाको खोजी

कवि नेपालले 'उज्यालाको खोजी' कवितामा हृदयको उज्यालो खोजी गर्न सके पूर्ण रूपले उज्यालो प्राप्त गर्न सकिने औंल्याएका छन् । वर्णमात्रिक छन्दअन्तर्गत इन्द्रबज्रा छन्दको छ श्लोमा संरचित यस कवितामा अन्त्यानुप्रास शब्दालङ्कार छ भने शान्त रस घनिभूत छ । प्रसादगुणयुक्त यस कवितामा शाश्वत–सत्य विषयलाई लिएर सत्यसन्देश प्रवाहित छ । सूर्य थाकेर कहिल्यै तल झर्दैन, ढुङ्गो पाकेर कहिल्यै गल्दैन, कोसी आफ्नो गन्तव्यलाई नभुली प्रवाहमय भइरहन्छ भने सत्यप्रति विश्वास भए दोषी कहिल्यै सत्य सावित हुन सक्तैन भन्ने मननीय आदर्श भाव यहाँ देखाइएको छ । हावा सदैव चलिरहन्छ, अल्छी हुँदैन, मृग गल्छीलाई अवरोध नमानी उफ्रेर नाच्छ भने एउटा लहरो फैलिएर अपार बन्दछ । तसर्थ जीवनको स्तर भनेकै यात्रा र प्रवाह हो ।

मेघ फाटेर कहिल्यै सकिँदैन भने वेग (गति) लाई बाँधेर एक ठाउँमा अड्याइराख्न सकिँदैन । त्यस्तै गाईलाई सोझो भनेर हेपिराख्ने हो भने निश्चय नै त्यसले लात्तीले हिर्काउँछ, सहेर बस्तैन । कविताले गाईलाई घाँस नहाली दुहिमात्र रहे, दूध होइन रगत बग्ने आशय देखाएको छ । यो भनाइ प्रतीकका रूपमा आएको छ । यसले हामीले राष्ट्रलाई केही दियौँ भनेमात्र राष्ट्रबाट केही पाउने अपेक्षा गर्न सकिन्छ भन्ने भाव बोकेको छ । त्यसैगरी मौरी नभए महको मिठास कहाँबाट प्राप्त गर्ने, गुराँसको सौन्दर्य त्यतिखेर उजागर हुन्छ, जब त्यसलाई हेरेर पारख गर्ने आँखाहरू हुन्छन् । नौलो दृष्टि र विचार भएमात्र होचोअग्लो देख्न सकिन्छ । तसर्थ कालो धनको उज्यालो होइन, मनको वा विचारको उज्यालो खोज्न, कलाजीवनको उज्यालो खोज्न कवि नेपाल आग्रह गर्छन् । घाँस नदिई गाई दुहिरहनु र त्यसबाट दूधको सट्टा रगत बहनु विषम अलङ्कारका रूपमा आएको छ । यसरी विम्ब–प्रतीक, रस–अलङ्कारको यथोचित प्रयोग भएको यो कविता मननीय र चिन्तनीय छ ।

५.३ जगत् प्रेक्षित

कवि जगत् प्रेक्षितका पाँचवटा कविता 'मलाई देश चाहियो', 'छोड्यौ मार्न र बाँच्न द्यौ', 'चिन्नुपर्ने मान्छे', 'मेरो मान्छे', 'यस्तो देखियो' को सङ्क्षिप्त विश्लेषण यहाँ गरिएको छ ।

५.३.१ मलाई देश चाहियो

कवि जगत् प्रेक्षित मूल स्वरका रूपमा प्रगतिवादी भावधारा लिएर समसामयिक कविता लेख्ने कवि हुन् । उनको 'मलाई देश चाहियो' कविताले यही कुरालाई औँल्याएको छ । कवितामा प्रथम पुरुष 'म' पात्रका माध्यमबाट सिर्जना, समानता, मुक्ति, प्रेम र स्वाभिमानले देशलाई सिँगार्ने कवि अठोट गर्छन् । वर्णमात्रिक छन्दअन्तर्गत पञ्चचामर छन्दको सात श्लोकमा संरचित यस कवितामा पञ्चशीललाई सम्मान गर्दै पौरखी हातहरूले यही देशमा विश्व साँच्न सक्ने र अनन्तसम्म बाँच्न सक्ने इरादा व्यक्त गरिएको छ । प्रतीकात्मक रूपमा कविको आशय छ– हामीलाई लोभ र मोहले किन्न सक्तैन भने भोक र रोगले छिन्न सक्तैन । इमान्दार र स्वाभिमानीहरूलाई भ्रष्टता र स्वार्थले निल्न सक्तैन भने कुचाल र अन्धताले चिल्न सक्तैन । कवि आफूलाई सृष्टिकै प्रदीप्त ज्वाला र समुद्रको नवीन छाल, विभेदको अन्धकारलाई धूलो पार्ने बारुदी हुङ्कार हुँ भन्दै दीनहीनहरूको स्वतन्त्रताको पुकार, मुक्तिको प्रकाश छर्दै राष्ट्रका कुनाकुनामा चम्कने सूर्य, क्रान्तिको दीप र घोर निशालाई धुजाधुजा पार्ने शक्तिका रूपमा चित्रण गर्दछन् । मान्छेको स्वतन्त्रतालाई कसैबाट खोस्न नदिने, राष्ट्रलाई कुचाल र वक्रदृष्टिमा पर्न नदिने तथा रगतको अनन्त भेलको शृङ्खला बग्न नदिने अठोट कविताले गरेको छ । तसर्थ स्वतन्त्र देश चाहियो भन्दै कवि देशलाई उन्नत गर्न जुक्ति र मुक्तिको, देशभक्त र देशभक्तिको आवश्यकता भएको कुरा व्यक्त गर्दछन् ।

वीररसप्रधान यस कवितामा अन्त्यानुप्रास, यमक शब्दालङ्कार तथा रूपक अलङ्कार रहेका छन् । वीररसयुक्त भाव व्यक्त गर्ने ओज गुणयुक्त यस कवितामा उपयुक्त विम्ब–प्रतीक रहेका छन् ।

**५.३.२ छोड्यौ मार्न र बाँच्न द्यौ**

कवि प्रेक्षितको 'छोड्यौ मार्न र बाँच्न द्यौ' कवितामा युद्धजन्य त्रासलाई चित्रण गर्दै शान्ति र निर्माणको कामना गरिएको छ । सुन्दर आँगनी युद्धमैदानमा परिणत भएको, शान्त कुटी भताभुङ्ग भएको, बुद्ध र शान्तिको पलायन तथा स्वयं मान्छेको मानवताकै हरण भएको प्रति कविको चिन्ता व्यक्त भएको छ । पुस्तक र कलम छोडेर युवाहरू बन्दुक बोक्न थालेका छन्, मान्छे स्वयं गोलाबारुद भएर पड्किरहेछ, मान्छेका श्रम र पसिना, शिल्प र रक्त जबर्जस्ती कसैले खोसेर पिउँदै छ भने मान्छेका शिरमा अन्याय र अत्याचारको असिना बर्सिइरहेको छ । यस्तो अवस्थाले हामीलाई कता लाँदै छ ? अर्कातिर, जताततै रगतका टाटा र लासका खात छन् , खोलानालामा पानी होइन, रगत बगेको छ,

बाटाघाटामा एम्बुसको सञ्जाल छ भने हरेक क्षण गोलाबारुदको बिस्फोटनमात्र सुनिन्छ । तसर्थ कवि प्रेक्षित यस्तो स्थितिमा आफ्नै वास विनाश भइरहँदा मौन बनेर बस्न नसक्ने कुरा व्यक्त गर्छन् । अनादि कालदेखिको आफ्नो थातथलो आफैँले खनेर कसरी उजाड पार्न सकिन्छ ? आपसको युद्ध र द्वन्द्वले आफ्नो देश हस्तिनापुर भएको कसरी हेरूँ भन्दै पाण्डव वा कौरव जो भए पनि आखिर मर्ने त मान्छे नै हुन्, तसर्थ अब मान्छे मार्न छोडेर सबैलाई निर्भयतापूर्वक बाँच्न दिनुपर्छ, हाम्रो जोश र उमङ्ग तथा प्रतिभालाई देशको नयाँ निर्माणमा लगाउनुपर्छ भन्ने आग्रह कविको रहेको छ ।

शार्दूलबिक्रीडित छन्दको पाँच श्लोकमा यो कविता संरचित छ । ओज र प्रसाद गुण, विम्ब–प्रतीकको उचित प्रयोग, अन्त्यानुप्रास अलङ्कार, सरल भाषाशैलीले सज्जित यस कवितामा शान्तिको चाहना मूल भावका रूपमा रहेको छ ।

५.३.३ चिन्नुपर्ने मान्छे

कवि प्रेक्षितले 'चिन्नुपर्ने मान्छे' कवितामा कम्युनिस्ट नेताहरूको विगत र वर्तमानलाई देखाउने प्रयत्न गरेका छन् । विगतमा उनीहरू जनताका लागि काम गर्थे, राति पनि हिँडेर काम गर्नुपर्थ्यो भने आफ्नो भन्ने झुपडीसम्म थिएन । ढिँडो, कनिका खान्थे भने झुत्रा लुगाले आङ ढाक्तथे । आफूमा आइलाग्ने सम्पूर्ण भय र त्रासलाई इमान्दारी र नैतिकताले भगाउन सक्थे । ती नेताहरू जनतालाई देवता र झुपडीलाई मन्दिर ठान्थे । उनीहरू दीनदुःखी र भोकानाङ्गाहरूका लागि लड्छौँ भन्थे भने स्वतन्त्रता र मुक्तिका प्रतीक थिए उनीहरू । सुनौलो युग ल्यउने मीठा भाषण गर्दथे । यस्तो सत्प्रवृत्तिका नेताहरूमा एक्कासि नब्बे डिग्रीको परिवर्तन आयो तर जनताको आस्थामा कुनै परिवर्तन आएको छैन भन्ने कुराको सङ्केत गर्दै ती नेताले बाँडेका सपनाले मूर्त रूप लिन नसकेको कुरा कविताले देखाएको छ । व्यक्तिगत रूपमा तिनले सम्पत्ति कमाएका छन्, दरवारमा बस्छन्, पजेरामा गुड्छन्, झुपडीलाई हेर्न पनि लाज मान्छन् तर आफूलाई गरिबको नेता भन्न छोड्दैनन् । कविले स्पष्ट पारेका छन्– जनतालाई ती नेता पहिलेजस्तो देवता मान्दैनन् बरु आफ्ना मालिकलाई ठूलो देवता ठान्छन् र पूजा गर्छन् । छेपाराले झैँ रङ फेर्ने नेताहरूको चरित्र उदाङ्ग पार्दै कवितामा ती नेताहरू ढिँडो खाने हैन, भुजा ज्यूनार गर्ने, झुत्रा लुगा लगाउने हैन, सफारी सुट लगाउने गर्छन् भने नैतिकता स्वाहा भएको कुरा व्यक्त गरिएको छ । उनीहरू युग निर्माणको सट्टा घरनिर्माणमा व्यस्त छन् । आदर्श त्यागेर नाङ्गा भएका छन् भने भत्केका भिरझैँ देखिन्छन् । उनीहरू अब मुक्तिका विम्ब रहेनन् भने देश जम्मै दुखे पनि उनीहरूमा अलिकति पनि त्यो संवेदना रहेन, आमाको छाती भित्रैदेखि सुके पनि त्यसले उनीहरूलाई छुन सक्तैन । कवितामा, यस्ता नेताहरू अझै पनि जनतालाई मीठा सपना बाँड्न घरघर र ढोकाढोकामा पुग्छन् र गुलियो विषयुक्त प्याला देखाई जनतालाई भ्रममा पार्दै छन् भन्दै उनीहरूको कुचरित्रको भित्री पाटो खुलस्त पारिएको छ । कविता अनुष्टुप छन्दको नौ श्लोकमा संरचित छ

भने रूपक र अन्त्यानुप्रास अलङ्कार रहेका छन् । विम्ब–प्रतीकको समुचित प्रयोगले कविता सुललित बनेको छ ।

### ५.३.४ मेरो मान्छे

कवि प्रेक्षितको कविता 'मेरो मान्छे' ले वास्तविक मान्छेको परिचय दिन खोजेको छ । साँच्चो मान्छे हो भने उसले आस्थामा कहिल्यै घात गर्दैन, न त विश्वासै फेर्दछ । उसले देशलाई बिर्संदैन भने स्वाभिमानलाई कदापि बेच्तैन तथा बन्धक राख्तैन । जस्तोसुकै अवस्थामा पनि ऊ सतीसालझैँ उभिएर विश्वलाई नियालिरहन्छ भनेर कविले यहाँ साँच्चैको मान्छेको परिचय दिएका छन् । यो कविता जम्मा तीनवटा श्लोकमा रहेको छ । अन्त्यानुप्रास रहेको अनुष्टुप छन्दमा संरचित यस कवितामा 'मेरो मान्छे' भनेर आस्थाले पूर्ण, अविचल र अटल चरित्रलाई सङ्केत गरिएको छ । त्यसैले त्यस्तो चरित्र आफ्ना लागि होइन, दुनियाँका लाागि बाँच्तछ भने आफ्ना लागि होइन अरूका लागि साँच्तछ । ऊ आफू दरवारमा बसेर मुक्तिबोध गर्न सक्तैन, कारण झुपडीभित्र बस्नेहरूका मुहारको पीडा हेरेर आफू चैनले कसरी रमाउन सक्छ र एउटा सच्चा मान्छे ! ऊ सदैव सत्य कुरा बोल्छ, कुनै कुरा ढाँट्तैन, गन्तव्यका टाकुरा चुम्दै अविचल ऊ हिडिँरहन्छ, तर छलछाम र खुराफाती कहिल्यै गर्दैन । यस्तो अजेय शक्तिको धनी मान्छे, जसले दरवारलाई होइन, झुपडीाई रोज्दछ अर्थात् जनताका मुक्तिका लागि आफ्नो निरन्तर यात्रा जारी राख्तछ, त्यही मान्छेलाई कविले 'मेरो मान्छे' भनेर चिनारी दिएका छन् ।

'मेरो मान्छे' पदावली सिङ्गै विम्बका रूपमा आएको छ । जनताप्रति इमान्दार रहने व्यक्ति नै कविको 'मेरो मान्छे' हो । शान्त रसलाई आधार बनाएको यो कविता सरल र सुबोध छ ।

### ५.३.५ यस्तो देखियो

कवि जगत् प्रेक्षितको 'यस्तो देखियो' कविताले मान्छेले आफूभित्रको मानवतालाई विस्तारै छोड्दै गएको कुरा देखाएको छ । कविता अनुष्टुप छन्दको चार श्लोकमा संरचित छ । तीन श्लोकमा मान्छेमा देखिएको बेथिति, मानवीयताको ह्रास, मान्छेले मान्छेलाई दिने पीडा र शोषण आदिको उल्लेख गरिएको छ भने अन्तिम श्लोकमा कवि आशावादी देखिएका छन् । कविका दृष्टिले कस्तो देखेको छ भने वर्तमान समयमा मान्छेको मासु स्वयं मान्छेले खाइरहेको छ, मान्छेको आँसु लाइरहेछ, मान्छेको पेट मान्छेले नै फोरिरहेको छ भने मान्छेको सृष्टि स्वयं मान्छेले नै चोरिरहेको छ । मान्छेका लागि मान्छे नै सबैभन्दा ठूलो वैरी भएको छ । तसर्थ उसले मान्छेको रगत पिइरहेको छ, मान्छेलाई चुसेर ऊ जिइरहेको छ । पीडितहरू आँसु बगाएर रोइरहेका छन् भने दुष्टहरू मान्छेकै रगतले धर्ती धोइरहेका छन् । मान्छे नै अँध्याराभित्र लुकेर असत्यमा सत्य फुकिरहेको छ तथा आफ्नै बन्धु मान्छेको गला पनि

मान्छे स्वयं रेटिरहेको छ । आफ्नो पाइला ऊ स्वयं मेटिरहेको छ अर्थात् मानवीयताका सम्पूर्ण उच्छ्वालहरूलाई स्वयं मान्छेले नै धराशयी पारिरहेको तथ्य कविताले औँल्याएको छ ।

अर्कातिर कविले मान्छेभित्रका सकारात्मक पक्षलाई पनि देखेका छन् । मान्छेको चेतनाभित्र आगो बलेर त्यो झन प्रकाशमान बनेको छ । पुराना अन्धविश्वास र रुढिप्रतिको आस्था ढल्दै छ भने कोपिला फक्रिएर सिर्जनाका फूल बनिरहेका छन् । सुनौलो भविष्यका नवीन सपना मान्छेले आफूभित्र बुनिरहेको छ । कविताले मानिसभित्रका यी सकारात्मक पक्षलाई आशावादी रूपमा हेरेको छ ।

## ५.४ मित्रलाल पंज्ञानी

कवि मित्रलाल पंज्ञानीका पाँचवटा कविता ‘मरेकाहरू’, ‘राष्ट्रका शत्रु’, ‘आयो जमाना नयाँ’, ‘टुकी सल्काइरहनु सुन्तली’, ‘पैसा– मानव’ को सङ्क्षिप्त विश्लेषण यहाँ गरिएको छ ।

### ५.४.१ मरेकाहरू

कवि मित्रलाल पंज्ञानीका कविताको मूल स्वर प्रगतिवादी रहेको छ । समसामयिक विकृति-विसङ्गतिप्रति कटाक्ष गर्दै सरल र बोधगम्य छन्दोबद्ध कविता लेखन उनको वैशिष्ट्य हो । उनको ‘मरेकाहरू’ कविताले आफ्नो अस्तित्व मेटिँदै जाँदा पनि केही गर्न नसक्नेहरूलाई मरेको संज्ञा दिएको छ । अहिले गाउँवस्ती सबैतिर रुवाबासी भइरहेको छ भने डरलाग्दो हाहाकार मच्चिएको छ । विनाकसुर मान्छे मारिइरहेका छन् र आफ्नै गाउँघरमा उनीहरू अलपत्र भएका छन् । देशको साँध मिचिँदै छ, जनता र राष्ट्रले जताततै अपमान बेहोर्नुपरेको छ । यस्तो अवस्थामा पनि त्यसको विरुद्धमा कोही बोल्न सक्तैन । यस्तो स्थिति देखेर कवि चिन्तित बनेका देखिन्छन् । विद्यमान अवस्थामा देश बेवारिसे बनेको छ भने जनता असुरक्षित बनेका छन् । जताततै दिनदिनै लुट, हत्या र बलात्कार मच्चिएको छ । शासकहरू लाछी भएर पापी मुखमात्र देखाउँछन्, केही गर्न सक्तैनन् । यस्तो अवस्थामा कवि चिन्तित हुनु स्वाभाविक छ । यति हुँदाहुँदै पनि कवि निरास बनेका छैनन् । जसले आफूलाई सच्चा नेपाली भन्छ, उसलाई कवि पंज्ञानी आग्रह गर्छन्– स्वाभिमानका साथ अब कसरी बाँच्ने हो, त्यतातिर सोच्ने बेला भएको छ । न्यायपूर्वक बाँच्नका लागि न्याय बोल्न मुख खोल्नै पर्दछ । त्यसैले ज्यूँदाहरूले नै बोल्नु र उठ्नुपर्दछ । मरेकाहरू कसै गरे पनि बोल्न सक्तैनन् । आफ्नो हकका निम्ति बोल्न नसक्नेहरू हुतिहारा हुन् । त्यसैले त्यस्ताहरूलाई कविताले झक्झकाउने जमर्को गरेको छ ।

कविता अनुष्टुप छन्दमा लेखिएको छ । साढे तीन श्लोक अर्थात् चौध पाउमा आबद्ध यस कवितामा न्यायका निम्ति बोल्नु र उठ्नुपर्ने, बेथितिको अन्त्य गर्न जुर्मुराउनुपर्ने प्रगतिवादी भाव व्यक्त भएको छ । विभत्स र वीर रसले युक्त कविता अन्त्यानुप्रासले सजिएको छ भने विम्ब–प्रतीकको उचित प्रयोग देखिन्छ ।

५.४.२ राष्ट्रका शत्रु

'राष्ट्रका शत्रु' कवितामा कवि पंज्ञानीले देशलाई बिगार्ने शत्रुको पहिचान गरेका छन् । कोको राष्ट्रका शत्रु हुन् भन्नेबारेमा कविको विचार छ– घुस खाने र दिने राष्ट्रका शत्रु हुन् भने न्यायको घाँटी निमोठेर मज्जा लिनेहरू पनि त्यसै कोटीमा पर्दछन् । युद्धको बीज रोप्नेहरू, ध्वंस गर्नेहरूजस्ता लाज र घिनका चीजहरू नै राष्ट्रका शत्रु भएको कुरा कविले औँल्याएका छन् । अन्त्यानुप्रासयुक्त यो कविता अनुष्टुप छन्दको छ श्लोकमा आबद्ध छ । प्रकृतिले धर्तीका सबै मानिसलाई बराबरी पुग्ने गरी सबै चीजको रचना गरेको छ तर त्यसबाट जसले आफ्ना लागि मात्रै भनेर थुपार्दछ, अरूको आँत मार्दछ, त्यो नै चोरडाका हो भन्ने कविको विचार देखिन्छ । बाँचुन्जेली पसिना बगाएर दुःख गर्ने जनतालाई माथि जान नदिई तल्तिर झार्नेहरू, जनघातीहरू, छल गरेर जनताका परिश्रमको फल लुट्नेहरू नै राष्ट्रका सबभन्दा ठूला शत्रु भएको ठहर कविको छ । यस्तो अवस्थामा ती अन्यायीहरूलाई पाता कस्नुका साथै मुटु थर्काउनुपर्दछ । तर झन खुल्लमखुला घुस्याहा प्रवृत्ति बढिरहेको छ । तिनलाई कसले रोक्ने ? कारण दण्ड दिनेहरूमै यो प्रवृत्ति मौलाएको पाइन्छ । विश्वासको पाइला टेक्ने ठाउँ हराइरहेका छन् भने सदियौँदेखि हामी लुटिइरहेका छौँ । यस्तो स्थिति सिर्जना गर्ने जो कोही होस्, त्यही नै राष्ट्रको शत्रु हो भन्ने कुरा कवितामा ठम्याइएको छ ।

त्यत्तिकै चुप लागेर बस्यो भने राष्ट्रको उन्नति कदापि हुन सक्तैन । मुडुला लेकमा वसन्त नआएसम्म हरियाली छाउन सक्तैन, सिर्जना र विवेकमा एकता नभएसम्म देश र जनताको उन्नति कहिल्यै हुन सक्तैन भन्दै कविले क्रान्तिमार्फत विषबृक्षको समूल अन्त्य गर्नुपर्ने स्पष्ट अभिव्यक्ति दिएका छन् । तसर्थ कविको आग्रह छ– मार्ग छेक्ने ठूला ढुङ्गाहरूलाई एक जुट भएर फोडौँ, पथलाई नयाँ दिशातिर मोडौँ, अन्धता र बेथितिको जीर्णतालाई तोडौँ र एक्लो जिजीविषालाई छोडी सामूहिक भावनाको विकास गरौँ । कवितामा देशभक्तिको भावना ओतप्रोत भएको छ । कोमल शब्दहरूको चयन, शैलीमा माधुर्य, विम्ब–प्रतीकको उचित प्रयोग, रूपक अलङ्कार आदिले कवितालाई कलात्मकता प्रदान गरेका छन् ।

५.४.३ आयो जमाना नयाँ

कवि पंज्ञानीको 'आयो जमाना नयाँ' कवितामा नयाँ जमानामा पुरातन रुग्णतालाई समाप्त पारी नवनिर्माणमा लाग्नुपर्ने कुराको चर्चा गरिएको छ । राणाशासन सात सालको क्रान्तिले समाप्त पारिए पनि जनता कङ्गालको कङ्गालै रहे, पञ्चायतको अवशानपछि पनि जनता थला परेको पऱ्यै रहे । मनको मैलो भित्रबाट पखालिएन । तसर्थ युगले ती मैला फ्याँक्ने क्रान्तिको आवश्यकता औँल्याएको कुरा कवितामा व्यक्त गरिएको छ । जसरीसुकै भए पनि कमाएको पैसा नै ठूलो मान्ने मानसिकता, मानिस मारेर लासमाथि टेकेरै पदमा पुग्नका लागि गरिने तुच्छ प्रवृत्ति रहुन्जेल नयाँ पाना कदापि

लेखिँदैन तसर्थ राम्रो मूल्य र मान्यताको रचना गर्न युगले आग्रह गरिरहेको कुरा कविले यस कवितामा औँल्याएका छन् । दुष्ट छलीहरू आफू माथि बसेर जनतालाई गोडामुनि राखी आफ्नो गुणगान गाउन लगाउन चाहन्छन्, तर कवि भन्छन्– अब भाट भएर भजन गाउने जमाना सकियो । बरु अब भ्रष्टहरूले सम्मान पाउनु हुँदैन, त्यस्तो दुष्प्रवृत्तिलाई डढ्ने गरी आगो लगाउनुपर्छ । चोर बाटाबाट भित्र पस्नेहरूका बाटाको आधार बाढीले बगाइदिनुपर्छ । यसरी बल्ल समाजमा सद्भावको नचुहिने नयाँ छाना बनाउन सकिन्छ । हामीलाई नयाँ जमानाले यही सन्देश सुनाउँदै छ भन्ने भाव कविताले देखाएको छ । कवितामा यो सिङ्गो धरती सारा मान्छेको साझा हो, यसमा आफ्ने अधिकार माग्दा उनीहरू किन मारिन्छन् भन्ने प्रश्न गर्दै कवि पंज्ञानीले यस्तो बेलामा कविहरूले सत्य र न्ययको नयाँ गाना गाउनै पर्दछ भन्दै निद्राबाट ब्युँझिएर निर्भयताका साथ अगाडि लम्कन युगले आह्वान गरेको कुरा व्यक्त गरेका छन् ।

यो कविता वर्णमात्रिक छन्दअन्तर्गत शार्दूलविक्रीडित छन्दको पाँच श्लोकमा संरचित छ । विषम तथा अन्त्यानुप्रास अलङ्कार रहेको कविता वीररसप्रधान रहेको छ ।

### ५.४.४ टुकी सल्काइरहनु सुन्तली

कवि पंज्ञानीको 'टुकी सल्काइरहनु सुन्तली' कविता साढे दुई श्लोक अर्थात् दस पाउमा पूरा गरिएको छ । अन्त्यानुप्रासयुक्त शादूलविक्रीडित छन्दमा संरचित यो कविता आफैँमा प्रतीक बनेको छ । कविताले सुन्तलीलाई आस्थाको टुकी जलाइरहन आग्रह गरेको छ । राष्ट्रनिर्माणको महायज्ञमा सहिद बनेका महान् सपूतले आफ्नी जीवनसँगिनीलाई आफूले छोडेको आस्थाको सानो टुकीलाई मनको मायाको चिनु सम्झेर समालिराख्न भनिएको छ । कालो अँध्यारोले सिङ्गै रातमा साम्राज्य फैलाएकाले र न्याय हराएर सम्पूर्ण सद्दे मानिसहरू ओझेलमा छेकिएको देखेर विरक्त भई नरुन, बरु उज्यालाको टुकी ननिभाई जोगाइराख्न सुन्तलीलाई आग्रह गरिएको छ । कवितामा मृत्युभेदबारे पनि चर्चा गरिएको छ । बाँझो र उर्वर मृत्यु भनेर कविले वीरले रणमा हाँसीहाँसी वरण गरेको मृत्यु उर्वर हो भने रोएर मर्ने काँतरहरूको मृत्यु बाँझो मृत्यु हो भनेका छन् । बलिरहेका साना दियालाहरू पनि अँध्यारासँग लड्न र जुध्न सक्तछन् भने ठूला राँकाहरू पनि निभेपछि अँध्यारामा विलीन हुन्छन् । कवि भन्छन्– मधुरो सानो एउटा टुकीले सारा विश्वलाई उज्यालो पार्न त सक्तैन तथापि त्यसलाई बालिराखे थोरै ठाउँले भए पनि उज्यालो प्राप्त गर्न सक्तछ र यहीँबाट विस्तारै विश्व उज्यालिन सक्तछ । त्यसैले सानो भनेर टुकीलाई अपमान नगरी निरन्तर बालिरहन कवितामा सुन्तलीलाई आग्रह गरिएको छ । कविता छोटो भए पनि मार्मिक र गम्भीर छ । करुण रसका साथ माधुर्य गुण रहेको यो कविता अत्यन्त सारगर्भित छ ।

५.४.५ पैसा– मानव

कवि पंज्ञानीको कविता 'पैसा–मानव' जम्मा चार श्लोकमा रहेको छ । कवितामा पूर्ण रूपले मानवतावादको खोजी गरिएको छ । शार्दूलविक्रीडित छन्दमा रचिएको कवितामा पैसाका कारणले मान्छेभित्रको मानवताको ह्रास भएको कुरा औँल्याइएको छ । मान्छेले पैसा र सम्पत्ति भएपछि, ठूलो पद र महल भएपछि, मस्तीमा जीवन रमाउन पाएपछि अरूलाई मान्छे नै ठान्न छोडेको छ । भौतिक सम्पत्तिका अगाडि मानवता निरिह हुन पुगेको छ । ऊ धनको मोहमा यति नराम्रोसित जकडिएको छ– धन कमाउनका लागि आफ्नी आमालाई समेत बेच्न हिच्किचाउँदैन । यो निर्ममता र अन्धपन धनकै कारणले मान्छेमा झाङ्गिइरहेको छ भन्ने यथार्थता कविताले देखाउन खोजेको छ । मान्छेलाई पशुबाट माथि उठाई मानव बनाउने आधार भनेकै निस्वार्थता, प्रेम, सद्भाव, सहृदयता आदि हुन् । यी कुराहरूको जतिजति ह्रास हुँदै जान्छ, त्यति नै मान्छेभित्रको मानवता मर्दै जान्छ र ऊ धनको अन्धमदमा पौडिन पुग्छ । धनका लोभबलले मान्छेलाई घाँटी अँठ्याएर मारिरहेको छ भने रसरागमा डुबेर चेतहीन मूढ–बलले लाखौँ यौवन लुटिरहेको छ । यही धनको मदमा मस्त भएर मान्छे दुष्टतातिर ढल्किरहेको छ भने मनमा द्वेषयुक्त भावना बढाउँदै बेसुरमा अरू मान्छेतिर झम्टिरहेको छ । कविताले निर्क्यौल निकालेको छ–मान्छे आफैँसित अब संयमित मन रहेन । उसभित्र केवल क्रुरता र दुष्टता बढिरहेछ । यस्ता प्रवृत्ति मान्छेमा रहेसम्म कसरी मान्छे मान्छे बन्न सक्तछ ? कवितामा चिन्ताभाव व्यक्त गरिएको छ । मान्छेका मनमा रहने माया मनको मन्दिरको देवता हो तर त्यसलाई मारेर मान्छे निचतामा झरी पत्थरलाई पो पुज्न थाल्दछ । मान्छे भन्ने जातलाई ऊ सबैभन्दा ठूलो भनेर धाक लगाउँछ तर आफ्नै बन्धुबान्धवको हत्या गर्ने रात रच्दछ । मान्छे भोगको लिप्सामा कहिल्यै अघाउँदैन, उसको त्यो भोक अझ बढ्दछ । ऊ हृदयहीन बन्दै भोग नै सबैथोक हो भन्ने पक्षमा पुगेको छ । मान्छेका रूपमा रहेको उसभित्रको मानवता मरिरहेको छ । यो आधुनिकताको निष्ठुर उपज हो कि भन्ने कविको प्रश्न छ ?

करुण रस प्रधान रहेको कवि पंज्ञानीको यस कवितामा अन्त्यानुप्रास, वृत्यनुप्रास अलङ्कार रहेका छन् । कविता सम्पूर्णतः मानवतावादी रहेको छ ।

५.५ जगन्नाथ आचार्य

कवि जगन्नाथ आचार्यका पाँचवटा कविता 'किसान हूँ', 'आह्वान', 'यो देश चम्काउन', 'नारीप्रति', 'चेली बेचबिखनको पीडा' को सङ्क्षिप्त विश्लेषण यहाँ गरिएको छ ।

५.५.१ किसान हूँ

कवि जगन्नाथ आचार्य प्रगतिवादी धारलाई मूल स्वर बनाई शास्त्रीय छन्दमा सशक्त रूपमा कविता लेख्ने कवि हुन् । उनको 'किसान हूँ' कवितामा एउटा किसानको स्वाभिमानी र स्वतन्त्र चरित्रको बखान गरिएको छ । निरङ्कुश तानाशाही पञ्चायती शासनकालमा जनताका हकअधिकार कुण्ठित भएका बेलामा शासकका पाउ चाटेर जागिर खानुभन्दा स्वतन्त्र रूपमा खेतीकिसानी गरेर खानु नै उत्तम हो भन्ने कुरा कवितामा देखाइएको छ । विहान सखारै उठेर मेलामा गयो, हलो–कोदालो चलाएर पसिना पखाली बाँझो धर्ती खनीखोस्री गरेर श्रमले आफू बाँच्ने र अरूलाई समेत बचाउने आत्मनिर्भर किसानको गाथा कविताले बोकेको छ । दुई श्लोक उपजाति र दुई श्लोक शार्दूलविक्रीडित गरी जम्मा चार श्लोकमा आबद्ध यस कवितामा बाउबाजेको उपार्जन सानो खेतबारीमा निर्भयतापूर्वक कोदोमकै फलाएर प्यारीले साँधेको गुन्द्रुकसित आमाले पस्केको ढिँडो खान पाउनु कति आनन्ददायक हुन्छ– कविले अनुभव गरेका छन् । घुम्ने कुर्सीबाट सुख र सम्मान पाइने भ्रममा कवि आचार्य छैनन् । कोइलीको मीठो गानमा लाली र कालीमाटीमा लडीबडी गर्न पाउनुजस्तो आनन्द अन्त कतैबाट प्राप्त हुँदैन । कवि आचार्यले प्रतीकात्मक रूपमा निरङ्कुश पञ्चायती तानाशाही शासनको अन्त्य नभएसम्म नेपालीहरूको भविष्य कहिल्यै उज्यालो हुन नसक्ने कुरा व्यक्त गर्दै स्वतन्त्रतापछि मात्र आफ्नो पौरखको पसिना बगाउन सकिन्छ र खेती फलाउन सकिन्छ भन्ने कुरा देखाएका छन् । समग्रमा कविताले इतिहासको एउटा कालो कालखण्डलाई बिम्ब–प्रतीकका रूपमा अगाडि सार्दै स्वयं किसान नै स्वतन्त्रताको प्रतीक हो भन्ने आशय देखाएको छ । अन्त्यानुप्रास तथा समासोक्ति अलङ्कार रहेको यस कविताको मूल आधार करुण रस रहेको छ ।

५.५.२ आह्वान

कवि आचार्यको 'आह्वान' कविता प्रगतिवादी भावधारामा आधारित कविता हो । कविले समाजमा भएका अन्याय–अत्याचारको अन्त्यका लागि जनतालाई जुर्मुराएर उठ्न कवितामा आह्वान गरेका छन् । आठ श्लोकमा शार्दूलविक्रीडित छन्दमा संरचित यस कवितामा राष्ट्रमाथि विदेशी हस्तक्षेपको तीव्र विरोध गरिएको छ भने गोलाबारुदले जनतालाई आतङ्कित पारिरहेकाप्रति रोष छ । मान्छेको किनबेच भइरहेको छ, किसानले पसिना बगाएर उब्जाएको अन्नको भाउ बजारमा छैन, विकासको लहर केवल खोक्रो धोक्राजस्तो छ, शान्तिको पाठ जपेर पनि गोला र बारुदको आवाज रोकिएको छैन । शोषकहरूले निमुखा जनतालाई सकेसम्म चुसिरहेका छन्, शिक्षा स्वयं दास भएर रोइरहेछ, इलमप्रतिको आस्था हराएर गएको छ, फूलको वास्ना लिन माहुरी घुम्न छोडेको छ । यस्तो बेलामा गाउँवस्ती गएर जनतामा चेतना जगाउनुपर्छ भन्ने कविको आग्रह छ । कवितामा सचेत मानवलाई इन्क्लाबका पाखुरा उचाल्न आह्वान गर्दै लाल पुष्पलाई फुलाएर संरक्षण गर्नुपर्ने औँल्याइएको

छ । सिर्जनाका खातिर युवाहरूले मुट्ठी उचालेर माटाको ममतारूपी वास्ना लिँदै अग्रज र सहिदको महिमा र कीर्तिको जगेर्ना गर्नुपर्दछ, यात्रालाई लक्षमा पुऱ्याउनुपर्दछ भन्ने प्रगतिशील सोच कवितामा रहेको छ ।

कविता वीररसपूर्ण छ भने रूपक र अन्त्यानुप्रास अलङ्कारले सजिएको छ । सरल भाषाशैली, कलात्मक शिल्प र विम्ब-प्रतीकको समुचित प्रयोगले कविताले कलात्मकता र उच्चता प्राप्त गरेको छ ।

५.५.३ यो देश चम्काउन

कवि आचार्यको 'यो देश चम्काउन' कविता नेपालमा २००६ सालमा कम्युनिस्ट पार्टीको स्थापनाको सन्दर्भलाई लिएर लेखिएको हो । वर्णमात्रिक छन्दअन्तर्गत शार्दूलविक्रीडित छन्दको आठ श्लोकमा संरचित कवितामा राणा शासनको जहाँनिया निरङ्कुशताको अन्त्यका लागि लखन थापाको विद्रोह, चार सहिदहरूको वलिदान, नेपाल कम्युनिस्ट पार्टीको स्थापना, २००७ सालको जनक्रान्ति र धोखापूर्ण दिल्ली सम्झौता आदिको चर्चा गरिएको छ । सामन्ती शासनमा काला कानुनको निरङ्कुश प्रथा, लेखपढ गर्ने जनअधिकारमाथिको प्रतिबन्ध, सारा आकाशभरि डम्म कालो बादल र सुख्खा धर्तीको चर्चा गर्दै कवितामा त्यही बेलादेखि प्रगतिको बाटो खोजी हुँदै गरेको कुरा उल्लेख छ । विश्वमै साम्राज्यवादविरोधी क्रान्ति चल्दै थिए भने मार्क्सवादी नौलो दर्शनको विस्तार भैरहेको थियो । यस्तो अवस्थामा नेपालमा पनि युवाहरू जुर्मुराउँदै थिए, सामन्ती कुशासन च्यातेर फाल्न सङ्गठित हुनुपर्ने कुरा बुझ्दै थिए । यही सन्दर्भमा २००६ सालमा पुष्पलालको अगुवाइमा नेपाल कम्युनिस्ट पार्टीको स्थापना गरियो । कवितामा यिनै ऐतिहासिक तथ्यहरूको चर्चा गर्दै सात सालको क्रान्तिका बीच धोखापूर्ण दिल्ली सम्झौतापछि पुनः निरङ्कुशता हुर्किंदै गयो भने पञ्चायती निरङ्कुशताले रामलक्ष्मण, रत्नकुमार बान्तवाजस्ता देशभक्तहरूको रगत बगायो । कवितामा अगाडि भनिएको छ– यस्तो विषम परिस्थितिमा मदन-आश्रित दुई फूलको उदय भयो, जसको उद्देश्य गाँस-वास-कपास नभएकाहरूका लागि सोको व्यवस्था गर्न र नौलो चलन ल्याउनका लागि जनतालाई लिएर सङ्घर्षको मैदानमा उत्रिनु थियो । यी उद्देश्य प्राप्तिका लागि सबै जनताले आवाज घन्काउनै पर्दछ, यो देश चम्काउनका लागि सबैले कम्मर कस्नै पर्दछ भन्ने क्रान्तिकारी भाव यस कवितामा रहेको छ ।

कवि आचार्यले यस कवितालाई वीररसप्रधान बनाएका छन् । प्रगतिवादी स्वर बोकेको कवितालाई विषम, संशय, अन्त्यानुप्रास अलङ्कारले कलात्मकता प्रदान गरिएको छ भने प्रसाद गुणले सरलता प्रदान गरेको छ ।

५.५.४ नारीप्रति

कवि आचार्यको 'नारीप्रति' कविता नारीवादी कविता हो । नारीहरूलाई अवला बनाउने चलनप्रति कविताले विरोध गर्दै नारीहरूलाई सशक्त भएर अघि बढ्न आग्रह गरेको छ । आमा, दिदी, बहिनीहरूलाई योद्धा भएर उठ्तै सङ्गठनमा बाँधिएर एक ढिक्का भई बलियो बन्न कविताले भनेको छ । नारीका पसिनाको कमाइलाई शोषणका भेलले बगाइदिन्छ भने नारीका लागि कानुन गतिलो छैन, नारीका लागि तराजु कोल्टे छ, त्यसैले आफ्नो अधिकारले पोल्टो भर्न सङ्घर्ष गर्नै पर्ने कुरा कविले व्यक्त गरेका छन् । कविले नारी अधिकार प्राप्ति र संरक्षणका लागि सङ्गठित हुनुपर्नेमा जोड दिएका छन् । बोक्सीको आरोपले अपमानित हुनुपर्ने, शिक्षा-स्वास्थ्यजस्ता आधारभूत र नैसर्गिक अधिकार गुमाएर अवलाका रूपमा अलपत्र पर्न वाध्य पारिएका नारीहरूलाई आफैं नौलो विचारको बिउ रोप्न सक्षम हुनुपर्ने कुरा देखाइएको छ । कवि सचेत गराउँछन्– पक्षपाती सम्बन्धका बन्धन तोडेर निर्णायक ठाउँमा चुनिएर पुग्नुपर्ने र नारीहितमा कानुन निर्माण गर्नतिर लाग्नुपर्दछ । पीडितहरूले निसाफ पाऊन्, निष्ठा र मूल्य नमारिऊन् भन्दै कवि पाखापखेराबाट आमाहरूलाई उठ्न आह्वान गर्छन् भने उनकै सृष्टि हुर्काउन उनी स्वयं उठ्नुपर्ने आशय व्यक्त गर्दै सारा मानवताको आश्रय रहेकी उनले आदर र सम्मान पाउनुपर्ने कविको धारणा छ । आमा आफैँ आश्रयहीन हुँदा आँसु बगेको कसले देख्ने ? तसर्थ आमा वा नारीहरू स्वयं जाग्रत भई दह्रो मुट्ठी उठाएर आफैँमा भरोसा गरी अघि बढेमात्र मुक्ति पाउन सकिने भाव कवितामा व्यक्त गरिएको छ ।

यो कविता साढे नौ श्लोकमा आबद्ध छ । वर्णमात्रिक छन्दअन्तर्गत वसन्ततिलका, उपजाति र शार्दूलविक्रीडित गरी तीनवटा छन्दमा संरचित यस कवितामा कविले सहज सम्प्रेष्य शैलीमा भाव व्यक्त गरेका छन् । कवितामा छन्द विविधताको वैचित्र्य देखिन्छ भने विविध विम्ब-प्रतीकले कलात्मकता दिएका छन् । 'नारी पार्वती-सिद्धिमाता भएर पनि निरिह बन्नुपरेको' ले यहाँ विषम अलङ्कार रहेको छ भने शब्दालङ्कारका रूपमा अन्त्यानुप्रास रहेको छ । कविता सरल र बोधगम्य छ ।

५.५.५ चेली बेचबिखनको पीडा

कवि आचार्यको कविता 'चेली बेचबिखनको पीडा' ले नेपालमा चेली बेचबिखनको घृणित कार्यलाई उजागर गरेको छ । मान्छे सृष्टिको सुन्दर सिर्जनाको रूपमा सभ्य र विकसित हुँदै गए पनि उसभित्रको अमानवीयता र क्रूरता घटेको छैन, झन बढ्दै गएको छ भन्दै मान्छेबाट मान्छेलाई अभयदान कसले दिने र मान्छेमान्छेबीचको विषमताको खाडललाई कसले पुर्ने भन्ने प्रश्न कवितामा गरिएको छ । आफ्ना दिदीबहिनीलाई बेचेर विदेशी नोट भित्र्याउने प्रवृत्ति बढ्दो छ भने त्यसले गर्दा गाउँवस्ती शून्य भइरहेको छ । विदेशमा नारकीय जीवन बिताउनुपर्दा चेलीहरू रोइरहेका छन् भने गाउँमा बस्ने परिवारजनलाई तिनको केही जानकारी हुँदैन, चिठी आउँदैन र वर्षौंदेखि परिवारजनसँग

भेटघाट भएको छैन । दाल-भात-डुकु जुटाउने स्वप्न बोकेर विदेसिन वाध्य चेलीको जीवनको बाटो गुँडुली परेर बाङ्गो छ, कतिमा एड्स सरेर जीवन अधमरा बनेको छ । छली मान्छे छलछाम गरेर मान्छेलाई नै बेचिरहन्छ । कानुन लुलो छ, यस्तो दुष्कार्य रोक्न सक्तैन भने अड्डा स्वयं घुस्याहा छ, उसले केही गर्दैन । राजनेताहरू भाषणमा मात्र सुधार गर्छन्, व्यवहारमा केही गर्दैनन् । तसर्थ यसो हुनुमा तिनको पनि कवि दोष देख्छन् । कविको अभीष्ट छ– कानुनी राज स्थापना गर्नुपर्छ, कानुनलाई माथि उठाउनुपर्छ । त्यसका लागि आबाल-बृद्धा सम्पूर्ण जनता एकजूट भएर उठ्नुपर्छ र यस्ता अमानवीय कार्यको अन्त्य गर्नुपर्छ ।

कविताको पहिलो श्लोक मन्दाक्रान्ता छन्दमा रहेको छ भने बाँकी पाँच श्लोक इन्द्रबज्रा छन्दमा रहेका छन् । सरल भाषाशैलीमा कविता सरस र बोधगम्य छ ।

अध्याय छ

# आत्मसमीक्षा

सिर्जनात्मक लेखनअन्तर्गत बीसवटा कविताहरूको सङ्ग्रह तयार पारेपछि तिनको सामान्य आत्ममूल्याङ्कन गर्नुपर्ने हुँदा तल ती कविताको सङ्क्षिप्त आत्मसमीक्षा गरिएको छ ।

## ६.१ मेरो देश

'मेरो देश' कवितामा राष्ट्रप्रतिको अटूट माया देखाउँदै राष्ट्रगान गाइएको छ । मेची र कालीका बीच अवस्थित यो देश विचित्र सौन्दर्यले भरिएको छ । स्वतन्त्रतालाई मुटुको रूपमा लिने, हिमाली उच्चता र हिमाली सभ्यताले भरिपूर्ण देशलाई शिरमाथि राख्नुपर्ने आशय कवितामा छ । पन्छीहरूको स्वच्छ चिरबिर गानजस्तै नेपालीहरूको दिल पवित्र र विशाल छ । जसको मनमा द्वेष छ, त्यो विशुद्ध नेपाली हुन नसक्ने कुरा कवितामा व्यक्त गरिएको छ । प्राचीन संस्कृतिले भरिएको मेरो देशले युगको एउटा नौलो सञ्चार उघार्न लागेको सङ्केत कविताले गरेको छ । सिङ्गो विश्वलाई मित्र ठान्ने नेपालमा कुनै शैतान (मानवीय) ले बास गर्न नसक्ने, जगत्मा ज्योति भर्दै नव गानको प्रभात भित्र्याउने जमर्कोमा मेरो देश लागेको चर्चा कविताले गरेको छ । हिमाल, पहाड, तराई, बैँसी, खोला, खोल्सा आदिको माया मुटुभित्र सँगालेर मुटुमा देशको माटो बोक्तै दिलभित्र उज्यालो बोकिरहने प्रण कविताले गरेको छ ।

उपजाति छन्द (इन्द्रबज्रा र उपेन्द्रबज्रा) मा संरचित मेरो देश कवितामा अन्त्यानुप्रासलाई जोड दिइएको छ । अन्नपूर्णा, मैदान, बेँसी, खोली, खोल्साजस्ता शब्दहरू बिम्ब र प्रतीकका रूपमा आएका छन् भने कविता नौवटा श्लोकमा आबद्ध छ ।

## ६.२ शान्तिको मान रुन्छ

यस कवितामा अशान्ति र द्वन्द्वले निम्त्याएको त्रासदी र सन्त्रासको पीडामय चित्रण गरिएको छ । मानिसका शिर र गिँडलाई अलग गराई सारा गाउँ घाटमा परिणत हुन लागेको कटु दृश्यको चित्रण कवितामा छ । भयका तघाराले सारा मानिसहरू थुनिन्छन्, जति प्रयत्न गरे पनि ती यत्नहरू व्यर्थ बन्दै जान्छन्, त्यस अवस्थामा रक्तकुण्डभित्र बस्न बाध्य हुनुपर्ने स्थिति देखिन्छ । कुहिएका लासको खात, दुर्गन्ध आदिले शान्त वातावरणमा बाँच्ने आस्था समाप्त भएको छ । आफन्तहरूको वियोग, आश्रयविहीन अवस्थाजस्ता कुराले मानवता चिरिएको छ । यस स्थितिमा अब शान्ति कायम हुन्छ कि भन्ने झिनो आशा पलाएको छ । यसलाई अनिवार्य आवश्यकता मानेर अघि बढ्नुपर्ने आग्रह गरिएको छ । अतः ऊर्ध्वगामी विचार लिएर सम्पूर्णले अग्रगमनका लागि तयार हुनु आवश्यक छ । यदि यसो नभएमा देश रोइरहनुपर्ने, धमनीबाट रगत बाहिर बगिरहने अवस्था रहिरहन्छ । यसलाई नरोकेमा सिङ्गो

देशलाई विनाशको अग्निले खाग पार्न सक्नेछ भने हाम्रो सृष्टिमा कालो दाग लाग्न सक्नेछ । यस कुरालाई सम्पूर्ण जनताले मनन गर्दै युद्ध अन्त्य गरी देशलाई बचाउनुपर्दछ, तनमन सच्चा पारेर असल मान्छेका खोजीमा लागे निश्चय नै देशलाई विपुल चमकभित्र हँसाइराख्न सकिन्छ ।

यो कविता मालिनी छन्दमा रचिएको छ । दस श्लोकमा आबद्ध कवितामा लास, रक्तकुण्ड, रक्त, सृष्टि आदि बिम्ब/प्रतीकहरू प्रयोग भएका छन् । अन्त्यानुप्रास अलङ्कार यस कवितामा प्रयोग गरिएको छ ।

## ६.३ आँसुमा दुख्छ घाउ

यस कवितामा राष्ट्रको सुनौलो गाथा लेख्ने अभीष्ट राखिएको छ । अन्याय, अत्याचार, उत्पीडन र शोषणले कसिएका पाउ फुक्का गरी स्वतन्त्रता दिलाउनुपर्दछ । त्यसो गर्न नसके माटो रोइरहन्छ, बगेको आँसुले घाउ बल्झिइरहन्छ । मानवीय रगतमा स्वाद मान्दै चोक्टा लुछ्नेहरू जम्जमाइरहेका छन्, जनताका मुटुमा तीखा नङ्ग्रा धस्ने ब्वाँसाहरू सल्बलाइरहेका छन्, आफ्नै जननीलाई लुछ्ने सन्तानरूपी गिद्धहरू हो, नुनिलो आँसुले घाउ कति चहराउने बनाउँछौँ ? चोटिलो प्रश्न कवितामा उठाइएको छ ।

हामी सारा माटाकै सन्तान हौँ । सदैव यही माटामै हामी भेटिनुपर्छ । माटाबाट उत्पन्न मगमग वासनाले मनको तिर्सना मेट्न सक्तछ । यस्तो सिर्जनशील माटामा जन्मिएर पनि आन्द्रामा भरिएको घाउमा उकुच पल्टिँदा त्यस घाउको धाउलाई ध्वस्त पार्न सकिएन भने केवल आँसुमा घाउ दुखिरहन्छ, सबल हृदयहरू टुट्तै जान्छन् । यहाँ आमाबुबाका छाती च्यातेर रगतका धारा बगाइरहेका छन् । ढाँट–छल गरेर, लछारेर, अतिक्रमण गरेर राष्ट्रिय आत्मसम्मानमा आँच पुऱ्याइरहेका छन् । यस्तो दुर्दमनीय अवस्थामा अझ रोएर बस्ने हो भने घाउ झन चहराइरहन्छ, रगत बगिरहन्छ । बरु उकुच पल्टेका ठाउँमा मलम लगाई घाउ सुकाउनुपर्दछ । यसरी समग्र कवितामा राष्ट्ररूपी मातापिताका शरीरलाई च्यातेर रगत बगाउने र चोक्टा लुछ्नेहरूबाट कसरी राष्ट्रलाई बचाउने भन्ने चिन्ता अभिव्यक्त गरिएको छ । प्रगतिशील भावधारा अँगालेको यो कविता स्रग्धरा छन्दको चार श्लोकमा आबद्ध छ । अन्त्यानुप्रासयुक्त यस कवितालाई सुललित पदावलीबाट सुसज्जित पार्ने प्रयास गरिएको छ । कृष्ण, गिद्ध, माटोजस्ता शब्दहरू बिम्ब र प्रतीकका रूपमा प्रयोग गरिएका छन् ।

## ६.४ किन ?

'किन ?' कविताले देशमा देखिएका विसङ्गतिहरूप्रति 'किन' को व्यङ्ग्यवाण प्रहार गरेको छ । कवितामा नेपाल आमाको शरीरलाई च्यातेर किन चोक्टा बनाइएको ? भन्ने प्रश्न छ । नेपालीको आस्था हराएकोमा चिन्ता व्यक्त गरिएको छ । राजनैतिक नेतृत्वले देशको गरिमालाई माथि होइन,

झनझन रसातलतिर पुऱ्याएकोमा कवितामा गम्भीरता देखाइएको छ । देशका लागि वलिदान गर्न सक्ने सबलतामा आँच पुगेकोप्रति पनि कविता गम्भीर छ ।

देश राजनीतिक, आर्थिक, सामाजिक रूपमा जीर्ण बन्दै छ, तैपनि त्यसलाई अझ भत्काउने काम किन गरिँदै छ ? मन्दिरका मूर्तिहरूको चोरी, चेलीको सिन्दुर पुछेर किन सिउँदो रित्तो पारिँदै छ, पैसाका लागि आफ्नै चेलीको बिक्री किन गरिँदै छ ? के यस्ता कुत्सित हात र मानसिकतालाई ठेगान लगाउने कुनै उपाय छैन ? राष्ट्रनिर्माणका साधनहरू घन/कोदालाहरू लुकाइएका छन् । सत्य कुरा लुकाई भ्रमले सोझासिधा जनताका आँखा छोपिएका छन् । अप्रत्यक्ष विदेशी हस्तक्षेपलाई स्वीकार गर्ने तथा पराइको पाउ चाटेर हरबखत बाँचेर मर्ने लाछीहरूप्रति कविताले यसो गर्नुको कारण खोजेको छ । आफ्नो देशलाई लुटेर विदेशमा धन थुपार्नेहरू प्रशस्तै छन् । वनजङ्गल सखाप पार्ने, प्राकृतिक स्रोतको दोहन गर्ने तथा जनताका बीचमा फाटो उत्पन्न गरी आपसमा वैमनस्य निम्त्याएर लडाउने परम्पराप्रति यस कवितामा औंलो ठड्याइएको छ । सगरमाथाजस्तो विश्वशिर रहेको नेपालको अस्तित्व गिर्दै गएको छ । उदार नेपाली हृदयमा अनुदारताको ग्रहण लागेको अवस्था र नेपाल आमाका छातीमा चारैतिरबाट आक्रमण हुँदा पनि केही गर्न नसक्ने अवस्थाको सिर्जना कसरी भएको छ ? सुन्दर फूलबारीको रूपमा रहेको यो देश कसरी विनाश हुँदै छ ? भन्ने प्रश्न उठाउँदै देश चुसेर छोक्रा निकाल्ने र नशामा झैं हिँड्नेहरूप्रति तीक्ष्णवाण प्रहार कवितामा गरिएको छ । मुलुकलाई सास फेर्न नसक्ने गरी घाँटी निमोठेर सारा नेपालीलाई निसास्सिन वाध्य पार्दै तिर्खाले छट्पटिँदा पानी सुकाउने तथा जनताले आफ्नो देशको सुरक्षा आफैं गर्छौं भन्दा देशै लुकाउने कुत्सित प्रवृत्ति औंल्याइएको छ । शीर्षकका रूपमा रहेको 'किन ?' शब्दलाई अन्त्यानुप्रास गराइएको सात श्लोकमा बद्ध यो कविता शार्दूलविक्रीडित छन्दमा संरचित छ । देश बिगार्नेहरूको चरित्रको यथार्थ चित्रण गरिएको यस कवितामा बिम्ब–प्रतीकको पनि यथोचित प्रयोग गरिएको छ ।

### ६.५ राष्ट्र नै बाङ्गिएछ

यस कवितामा राष्ट्रमा औंसीको कालो रातले छोपेको, सिङ्गो धर्ती छुराले रोपिएर रगत चुहुँदै गरेको र यस अवस्थाले कम्पायमान भएर राष्ट्र रोइरहेको चित्रण छ । हाम्रो देश प्राकृतिक रूपमा अत्यन्त सुन्दर छ । धर्तीको शिरोभाग हिमालय पर्वतदेखि तराईसम्मको सुन्दर भूभाग जो विहानी घामको सुनौला झुल्काले स्वर्गको आकाशसँग स्वच्छ निर्झरका रूपमा जोडिएको छ, इन्द्रेनीका रङ्गीन पटुकीले सुसज्जित बारुली कम्मरका नदनदी र वनमा बास बस्ने चाहना व्यक्त भएको छ । यहाँ प्रकृतिका साथसाथै मानवीय कला पनि त्यत्तिकै अवर्णनीय छ तर त्यही कलाले जबर्जस्ती बाङ्गिएर राष्ट्रका सुनौला जलप खस्तैखस्तै वाध्यतावश नाङ्गिनुपर्ने अवस्थामा पुगेको छ । झर्नाका स्वच्छ निर्झरीसित मनका सुखदुःख साट्ने सपना पनि खेर गइरहेछन् । स्वच्छन्द पन्छीले आफ्नो

गानालाई स्थगित गरेका छन् । तलाउ या रहमा डुबुल्की मारेर विचरण गर्ने मत्स्यका बान्की परेका चालढाल पनि दृष्टिगोचर हुँदैनन् । सारा देशको शान्ति गायब भएको छ । यो अवस्थाले नमज्जाको स्थिति उत्पन्न भएको छ ।

यो कविता चार श्लोकमा स्रग्धरा छन्दमा संरचित छ । कवितालाई प्राकृतिक बिम्ब र प्रतीकले कलात्मक र सुललित बनाउने प्रयास गरिएको छ । अन्त्यानुप्रास अलङ्कारलाई जोड दिइएको छ ।

६.६ पीडा व्याप्त

यस कवितामा केही आध्यात्मिक-दार्शनिक भाव समाहित गरिएको छ । जताततै पीडैपीडाले भरिएको यस संसारमा पीडाविहीन अवस्था हत्पत्ति हुन नसक्ने कुरा औँल्याइएको छ । आगाले पोल्छ , माटाले पोल्छ, जङ्गलले पीडा दिन्छ, भिरपाखाले पीडा दिन्छ, पहाड, तराई, बेँसी, खाँदखोला, कछाड जहीँतहीँ पीडाले भरिएको छ । हावा, पानी, हुरी, वर्षा, असिना, हिउँ, गृष्म–गर्मी सर्वत्र पीडैपीडा छ । गाउँमा पीडा छ भने सहरमा पनि पीडै छ । मोल र अमोलमा पनि पीडा छ भने अभावमा पनि पीडा र कष्ट छ, प्राप्तिमा पनि कष्ट छ । भोको पेटमा खान नपाएर कष्ट छ भने कहीँ बढी खाएर अपचले पनि कष्ट छ । यसरी हेर्दा खान नपाएर तथा धेरै खाएर पनि कष्ट नै बेहोर्नुपर्दछ । त्यस्तै कतै दृश्य हेऱ्यो, लोभ बढ्न थाल्छ र पीडा प्राप्त हुन थाल्छ भने नहेर्दामा सबैतिर अँध्यारो देखिन्छ, त्यो पनि पीडै हुन्छ । गरे पनि दुःख, नगरे पनि दुःख, यो हुँदा र नहुँदाको दुवै अवस्थामा दुःखले नछोड्ने अवस्था रहिरहन्छ । धनसम्पत्ति नहुँदा कसरी आर्जन गर्ने भन्ने चिन्ता छ भने धनसम्पत्ति भएको अवस्थामा त्यसको सुरक्षा र सदुपयोगको चिन्ता पनि त्यत्तिकै छ । थोर भएका कारणले अभावानुभूतिको चिन्ता, अर्कातिर धेर भएका कारणले त्रासको सिर्जना गर्दछ । यसरी हेर्दा हुँदा र नहुँदाको अवस्थामा चिन्ताको स्थिति समान रूपमा रहिरहने देखिन्छ । यसर्थमा मान्छेको मन चिन्तैचिन्ताको खानी हो, चिन्तित मान्छेले विगत लामो समय चिन्तैचिन्ताले बिताएको छ भने भविष्य पनि चिन्ताहीन अवस्थामा बित्नेछैन । र पनि मान्छे ढुक्क छ, कहिले काम गर्छ, कहिले विनाकाम समय बिताउँछ र जीवन गुजार्छ । यति सारा कुरा भएर पनि शरीरभित्रको मान्छे एक दिन सर्लक्क छोडेर बाहिर निस्कन्छ, शरीरलाई जर्जर पारेर । त्यो भित्रको मान्छे कहाँ विलीन हुन्छ, उसको अवसानमा बाँच्नेले अनुहार खिन्न पार्दछ, पुनः आफ्नो पालो त्यसैगरी आउँछ । बरु यस्ता अनावश्यक चिन्ता छोड्नु उत्तम हुन्छ, भैरहेकैमा चित्त बुझाई सन्तोष प्राप्त गर्नु नै मानसिक पीडा र चिन्ताबाट मुक्त हुनु हो भन्ने आध्यात्मिक-दार्शनिकता कविताले व्यक्त गरेको छ ।

यो कविता अनुष्टुप छन्दमा रचिएको छ । अठार श्लेकमा आबद्ध कवितामा अन्त्यानुप्रास अलङ्कार छ ।

६.७ सफलताको कडी

यस कवितालाई व्यङ्ग्यप्रधान रूपमा रचना गरिएको छ । विसङ्गत प्रवृत्ति अँगाल्नेहरू नै नायक बन्न सफल भइरहने विडम्बनापूर्ण वर्तमानमा ढाँटेर, झगडा उठाएर, अरूलाई ठोकेर वा अर्काको गला दबाएर आफू माथि उठ्न सकिने व्यङ्ग्य कविताले बोकेको छ । हाकिमलाई चाकडीको चिप्लो घस्नेहरू काम केही नगरे पनि इनाम पाउनेमा अगाडि पर्दछन् । त्यसैगरी अरूलाई लडाएर र जुधाएर आफ्नो स्वार्थ पूरा गर्नेहरू, घर डढाउने पौरख गर्नेहरू, चुक्ली, चियोचर्चो र चाप्लुसीको चतुऱ्याइँका भरले खुइले तालुमा आलु फलाउन सक्नेहरू नै अहिले जतातते हालीमुहाली गर्न सफल भएका देखिन्छन् । भएनभएका कुरा लगाएर समाजमा वैमनस्य उत्पन्न गराउनेहरूको पनि कमी छैन । सिधा कुरालाई घुमाएर भ्रम सिर्जना गर्ने वा मतलब मोडेर अर्थको अनर्थ बनाई 'हो' लाई 'होइन' र 'होइन' लाई 'हो' बनाउन सक्ने बहादुरहरूले मौकामा नअल्मलिईकन आफ्नो स्वार्थ पूर्ति गरिहाल्छन् । यस्ता दुष्प्रवृत्तिप्रति तीखो व्यङ्ग्य गर्ने प्रयास यस कवितामा गरिएको छ ।

अन्त्यानुप्रासयुक्त चार श्लोकमा आबद्ध वसन्ततिलका छन्दमा संरचित यस कवितालाई यथार्थ व्यङ्ग्य प्रदान गर्दै कलात्मकता दिने प्रयत्न गरिएको छ ।

६.८ फाटेको दिल जुटाऊँ

यस कविताले विकृति–विसङ्गतियुक्त अवस्था रहिरहेमा मान्छेमा नैराश्य उत्पन्न हुन सक्नेतिर सङ्केत गरेको छ । आफ्नो घर जलाएर रमाउन नसकिने यथार्थ औँल्याइएको छ । आफूलाई मारेर कसरी आफ्नो जन्मोत्सव मनाउन सकिन्छ ? नदीमा पानी नबहने अवस्थामा सौन्दर्यको अवसान हुँदै जाँदा चिसा हिउँका चुचुरा जल्न सक्ने स्थितिमा गन्धले सुगन्धलाई मिचेर सुशान्तिको मार्ग अवरुद्ध भइरहेको अवस्थामा बादलमाथिमाथि रमाउनेहरूसमेत निष्प्राण भएर शवतुल्य भएको स्थितिमा विवेकका पङ्ख गुमाउँदै रमाएर कसरी बस्न सकिन्छ ? मानवतालाई पिँजडामा जकडेर सुन्दर कविता लेखिँदैन, दृश्य हेर्ने दुईटै आँखा थुनिएर बस्नुपर्ने, साँचो कुरा व्यक्त गर्दा शिर ठोकीठोकी मारिनुपर्ने अवस्थामा फूल फुल्दैन, क्वैली गाउँदैन, गतिहीन भएर हावासमेत रोकिन्छ भने मानवताले निर्जीव मौनतामा बस्नुपर्ने वाध्यता देखिन्छ । यस्तो अवस्थामा चैन र सुखशान्ति हराएको छ, सच्चाइ बुझ्न सक्ने हृदय आफैँभित्र मरेतुल्य भएको हुन्छ । यसले गर्दा आस्थामा विचलन आई काँडाले घोचिएको हुन्छ भने जिउँदो मुर्दा बनेका मानिसहरूले कुनै सिर्जनात्मक कार्य सम्पन्न गर्न सक्तैनन् । अतः नैराश्य हटाई सिर्जनशील जीवन निर्माण गर्नका लागि खोला, नदी र समुद्रमा पानी बहाउनुपर्छ, निर्मल विचारको समुद्र निर्माण गर्नुपर्छ ,मृत्युको प्यास हटाएर आपसमा टुटेफुटेका दिल जुटाउनतिर लाग्नुपर्छ भन्ने भाव यस कवितामा देखाइएको छ । निमुखा जनताको मुख टाल्ने र निरिह अवस्थामा

दबिएर बस्नुपर्ने वाध्यताको अन्त्य गर्न विचारमा परिमार्जन गरी जनएकताको आवश्यकता खट्किएको कुरा कविताले बोकेको छ ।

कवितामा उपजाति छन्द (इन्द्रबज्रा र उपेन्द्रबज्रा) प्रयोग भएको छ । दस श्लोकमा संरचित यस कवितामा अन्त्यानुप्रास अलङ्कार प्रयुक्त छ ।

### ६.९ अचम्मै छ गाँठे !

यस कविताले व्यङ्ग्यभाव बोकेको छ । नेपाली समाजमा देखिएको विसङ्गत अवस्थालाई सरल ढङ्गमा व्यक्त गर्ने प्रयास गरिएको छ । हिउँद लागेपछि गर्मी बढ्नु वा खसीले रूख चढ्नु प्रतीकात्मक व्यङ्ग्य हुन् । बोल्न सक्ने मान्छे अबोला/लाटो बन्नु, लाटो (साँच्चैको) बोल्न सक्नु, सिंहले घाँस चर्न थाल्नु भनेको नहुनुपर्ने कुराहरू हुन थालेको सङ्केत हो । 'सिंहले घाँस चर्न थालेछ' ले राजनीतिक नेतृत्वले राजनीतिका दुर्बल पक्षहरूलाई अँगालेको बिम्ब बोकेको छ । त्यसैगरी आगलागीले समुद्र सुक्नु, बुद्धले छुरी–ढाल–तरवार बोकेर युद्धमा उत्रनु हामीभित्रकै असङ्गत स्थितिका स्वरूपहरू हुन् । आफूलाई गुरु कहलाउनेहरू परीक्षामा अनुत्तीर्ण हन्छन् तर मूर्खहरू अगाडि देखिन्छन् र आडम्बरी विद्वान् बनेर समाजमा धाक जमाउँछन् । प्राकृतिक वस्तुहरूले आफ्नो गुण छोड्दै छन् र त सख्खर नुनिलो हुन्छ, अम्बा अमिलो हुन्छ, मरिच गुलियो हुन्छ भने आँप तीतो हुन्छ । साधु र पुरेतहरू भट्टीमा भेटिन्छन्, नदीहरू माथितिर बग्छन्, डढेलो माथिबाट तलतिर सर्दछ, तातोपानीले घर जल्न सक्छ । बाटाघाटाबेगरै रेलगाडीहरू चल्छन्, धर्म छोडेर सबै पापमा लिप्त हुन्छन् । घाम झुल्किँदा पनि अँध्यारै बाँकी रहन्छ भने शुद्ध पानी ढलभित्र भेटिन्छ । बालुवाबाट भव्य महल ठडिन्छ भने चराचुरुङ्गीहरू उड्न सक्तैनन् तथा बतास नबहेर अडिरहन्छ । यस्तो अचम्म लाग्दो विकृत अवस्थाले सबैलाई हतास बनाएको छ भन्ने भाव यस कवितामा समेटिएको छ । यी विसङ्गत गतिविधि र परिस्थितिले अचम्मको अवस्था सिर्जिएको छ । हामी तिनै अचम्मभित्र अचम्मसित रमिरहेका छौँ । यस्तै रहिरहने हो भने हामी भोलि कहाँ पुगौँला ? प्रश्न अनुत्तरित छ । यस कवितामा यस्तै भाव र विचार पस्किइएको छ ।

भुजङ्गप्रयात छन्दको आठ श्लोकमा यो कविता संरचित छ । अन्त्यानुप्रास अलङ्कार स्थापित गरिएको छ भने बिम्ब र प्रतीकका रूपमा प्रयुक्त शब्दहरूले व्यङ्ग्यभाव बोकेका छन् ।

### ६.१० स्वदेश-गान

यो कविता देशभक्तिमा आधारित छ । यहाँको अनुपम प्राकृतिक सौन्दर्य, नेपालीहरूको शूरता/वीरता, सर्वोच्च शिखर सगरमाथा आदिले नेपालको शिर साँच्चै नै माथि उठाएको छ । समुद्र भेट्ने होडमा नदीनालाको सलल दौडाइ, हरियो वनबाट सुगन्ध बोकेर बहने बतास गाउँबेँसी डुलिहिँड्दा साँच्चै स्वर्गको भान हुन्छ । यहाँका पहाड, खोँच , खोल्सा चारधामका रूपमा रहेका छन् ।

चरीको चिरबिर मधुर गानले सबैलाई लठ्याउँछ । नौरङ्गी डाँफे र सुन्दर फूलहरूको रङ्गीन कलाले यहाँ सृष्टिको गान बोलिरहेको भान हुन्छ । मेरो देश अन्न–ऐश्वर्यको भकारी हो, झरनाहरू कम्मर मर्काएर नाचिरहेका हुन्छन् । यस प्राकृतिक छटाामा रमाउने धीरहरू आफ्नो लक्ष्य प्राप्त गर्न सक्रिय छन् । अर्कातिर सारा किसानहरू पसिनाको धारा बगाएर धानका बालामा सम्पूर्ण सृष्टि रचिरहेका हुन्छन् । यहीँ ऋषिमुनिहरूले ज्ञनविज्ञानको रचना गरेका थिए, जहाँ सभ्यताको प्रारम्भ भएको हो । कोकिलकण्ठबाट कटु वचन निस्कँदैन, सुललित काव्यरचनाबाट मातृधर्तीलाई सबल बनाइएको छ । छवटा ऋतुको विविधतामय प्राकृतिक वातावरण विश्वमा अन्त कतै पाइँदैन जो मेरो देशमा विद्यमान छ । यस कुराले राष्ट्रको गौरवलाई अझ गरिमामय बानएको छ, महत्ता थपिएको छ भन्ने देशभक्तिपूर्ण भावलाई कवितामा अभिव्यक्त गर्न खोजिएको छ ।

नौ श्लोकमा संरचित यो कविता मालिनी छन्दमा रचिएको छ । सुललित/कोमल शब्दको प्रयोग गर्ने प्रयास गरिएको छ भने अन्त्यानुप्रास अलङ्कार रहेको छ ।

### ६.११ उठून् सारा मान्छे

यस कवितामा तल्लो तहका निमुखा मानिसको दीनताप्रति सहानुभूति प्रकट गरिएको छ । निरङ्कुशताका बेला जनताका बोल्ने जिब्राहरू च्यापिएका हुन्छन् भने भजनको भाका गाउनेहरूको बोलबाला रहेको हुन्छ । शासकहरू जनाधार खोज्न निर्जन बस्तीमा डुलिरहेका हुन्छन् । तुसाराको ठिहीले जमिन कक्रिएको हुन्छ, फुल्दै गरेको फूलको कोपिला शिशिरको ठिहीको झापट परेर मृत भएको हुन्छ । शोषण र दमनले देशको माटो गन्धा बनेको, जति पसिना बगाए पनि शोषणमा डुब्नुपर्दा गरिब–दुःखीहरूले आफ्नो अस्तित्व नै हराइरहेको अवस्था छ । निरङ्कुशताले बोल्ने बाटाहरू थुनिदिएको छ, शरीरमा चिसो शीतबाहेक न्यानो घाम लाग्न पाएको छैन, स्वतन्त्रतापूर्वक गोडा चाल्नसम्म पाउने अवस्था छैन, जलन र पीडामा जनताले बाँच्नुपरिरहेको छ । यसरी कथित ठूला मान्छेले गरिब मान्छेको रगत चुसेको अवस्था छ । धनी र सम्भ्रान्तका अगाडि सदैव शिर निहुराउनुपरेको छ, केवल बाँचिएको छ, तर शोषितहरू हरेकपल मर्दै बाँच्न बाध्य छन् । यस्तो अवस्थामा जति सह्यो उति पेलिन बाध्य हुनुपर्छ । तसर्थ कविताले आग्रह गरेको छ– सारा शोषित-पीडित मान्छेहरू एक जुट भएर उठ्नुपर्छ । निर्बलहरू पनि मिलेर लडे निश्चय नै मुक्ति प्राप्त गर्न सकिन्छ, उचाइमा पुग्न सकिन्छ । तसर्थ मन–हृदयमा चेतना लिएर उठ्नुपर्दछ । उचाइमा पुग्ने बटाका काँढाहरू पन्साउँदै सबलीकृत भएर मानवबन्धुहरू एकजुट भएर अगाडि बढ्न कवितामा आग्रह गरिएको छ । वीररस प्रधान यस कवितामा समग्रमा निम्नवर्गका, शोषण र पीडामा बाँच्न बाध्य मान्छेहरू एकजुट भएर नउठेसम्म नयाँ संसारको सृष्टि गर्न नसकिने हुँदा नयाँ सृष्टि निर्माणका लागि तयार हुन आह्वान गरिएको छ ।

शिखरिणी छन्दको दस श्लोकमा संरचित यस कवितामा अन्त्यानुप्रास अलङ्कार रहेको छ ।

६.१२ पानी

'पानी' कविताले धर्तीका सम्पूर्ण प्राणीको बाँच्ने आधारका रूपमा रहेको पानीको महत्त्व देखाएको छ । पानी त्यस्तो दिव्य धारा हो जसले सम्पूर्ण सिर्जनालाई बचाउँछ । सुख्खाबाट उब्जिने सारा सन्ताप हरण गर्दै आकाश र धर्तीमा पानीले शीतलता भर्दछ । घाम लाग्दा सुन्दर इन्द्रधनुष सिर्जना गर्ने वर्षा सौन्दर्यका कणकण धरतीमा छरिरहेको हुन्छ । आफूले अनेक पीडा सहँदै खोला-नदीका रूपमा बहेर फोहोर पखाल्दै अरूलाई शुद्ध पार्ने पानी, अरूलाई जिताउनमा व्यस्त रहन्छ, यो गरेवापत ऊ आफू पनि हारेको हुँदैन । तिर्खाले गलेका मान्छेको पियास मेटाउने पानी माटामा सुगन्ध उमार्दै अन्नबालीरूपी नवीनताको सुन सृष्टि गरिरहन्छ । धर्तीबाट आकाशमा पुगेर फेरि धर्तीमा नै बर्सिदिन्छ, सम्पूर्ण वनस्पतिमा सञ्जीवनी छर्केर शुष्कतालाई समाप्त पार्ने क्षमता पानीमा रहेको हुन्छ । पानी गृष्मवर्षामा आकाशबाट बर्सिएर आफू तरलतामा बदलिएको हुन्छ भने जाडो र हिउँदमा जमेर हिउँ बनिदिन्छ । यसरी पानी कहिले हिमालको रूपमा अग्लिरहेको हुन्छ भने कहिले समुद्रको रूपमा पग्लिरहेको हुन्छ । तर जुनसुकै अवस्था र रूपमा भए पनि यो प्राणी र वनस्पति जगत्को भरणपोषणमै निमग्न रहन्छ ।

आफ्नो गतिलाई रोक्न खोज्ने पहाडलाई पनि फोरेर यो अगाडि बढ्न सक्छ भने छेक्ने पहरालाई पनि तोड्न सक्छ । जसले उसका मार्गमा अवरोध पुऱ्याँछ, त्यसलाई टुटाएर आफैँभित्र समाहित गर्न सक्तछ पानी ।

'पानी' ले एउटा प्रतीकका रूपमा अर्थ बुझाउन खोजेको छ । सबैका लागि अत्यावश्यक पानी परहितमा रम्दछ तर बाधा पुऱ्याउने छेकबारलाई विनाश गर्न पनि सक्तछ । सुकार्यमा बाधा पुऱ्याउनेहरूलाई जनताले धुलो पारेझैँ पानी आफ्नो कार्यमा अड्चन ल्याउनेलाई तहसनहस पार्दछ भन्ने प्रतीकात्मक भाव यसमा देखाउन खोजिएको छ ।

सात श्लोकमा उपजाति छन्दमा संरचित यो कविता आफैँ एउटा बिम्ब हो जसले निम्न वर्गका जनताको सहृदयता, परोपकारी भाव र अन्याय र बाधा-विरोध नसहने दरिलो बानीको चित्र बोकेको छ । अन्त्यानुप्रास अलङ्कारले कवितालाई सुललित पार्ने प्रयास गरिएको छ ।

६.१३ लोकको आत्मरक्षा

यस कविताले शोषणका विरुद्ध उठ्न प्रेरित गरेको छ । बलजफ्ती हाम्रो भाका मेट्दिने, सुन्दर दृश्य हेर्ने आँखा छलकपटका जालले थुनिदिने, अग्रगमनमा लम्किएका खुट्टालाई रोकिदिने तथा न्याना घामका किरणलाई छेकिदिने को हुन् ? यसबाट हाम्रो सारा जीवन अन्धकार र अपाङ्ग बनेको छ । अँध्याराले उज्यालोलाई सहँदैन, कालो स्वार्थ बोक्नेहरूका मनमा सत्य बस्न सक्तैन, तसर्थ सामन्तहरूका कुरूप मनभित्र सदैव पापका दागमात्र बस्तछन् । यस्ता शोषकहरूले

जनतालाई चुसेर छियाछिया पार्दछन् र उनीहरू नै गोहीका आँसु चुहाउँछन् । यस्ता शोषक र सामन्तहरू छलकपटको घेराभित्र बसेका हुन्छन् भने खोक्रो आडम्बरले आफ्ना काला करतुतहरू छोप्न खोज्दछन् । कालो विषालु सर्पका चालमा न्यायप्रेमी जनताको माथ ठोक्न सधैँ यिनीहरू उद्यत रहन्छन् । यस्तो अवस्थामा हामीले आफ्नो भाका निर्भयतापूर्वक गाउन नपाए बाँच्नुको कुनै अर्थ रहँदैन । आँखाले स्वतन्त्रतापूर्वक देख्न नपाए आँखा खुल्नुको अर्थ छैन, तसर्थ पहाडसरीका हाम्रा सबल पाउलाई जसले रोक्न खोज्छ, त्यसलाई नतोडी अघि बढ्न सकिँदैन, घामका किरण छेक्ने झार नगोडी न्यानो प्रकाशले आङ ढाक्न सकिँदैन । त्यसकारण आफूलाई मै हुँ भन्दै जनतालाई चुस्ने शठ–शोषकहरूका पेट चिर्नुपर्छ, मानवतालाई निल्नेको कण्ठ निचोर्नुपर्छ, हाम्रा नैसर्गिक हक जो सामन्तले विलीन गराएका छन्, त्यसको रक्षाका लागि हामी स्वयं सबल बनेर लोकको रक्षा गर्न जुट्नुपर्दछ । यसो गर्न नसके हामी कहिल्यै अगाडि आउन सक्तैनौँ ।

यस कविताले प्रगतिवादी धार पक्रने प्रयास गरेको छ । नयाँ जीवनका लागि बाधाका रूपमा देखा पर्ने सामन्ती व्यवस्थाको अन्त्य नभएसम्म जनताले बाँच्नुको सार्थकता पाउन सक्तैनन् भन्ने मूल भाव कवितामा देखाउन खोजिएको छ । कविता मन्दाक्रान्ता छन्दको पाँच श्लोकमा आबद्ध छ भने अन्त्यानुप्रास अलङ्कार रहेको छ ।

६.१४ भोको बाघ नमारी हुन्न

यस कवितामा निरङ्कुश राजतन्त्रले सिर्जित त्रास र त्यसको अन्त्यका लागि अपनाउनुपर्ने सतर्कताप्रति सचेतभाव दर्साइएको छ । लोकतन्त्र प्राप्तिका लागि भएका अनेकौँ लडाइँ र सङ्घर्षबाट भएको उपलब्धीलाई पुनः फणा उठाएको सर्पले झैँ विस्तारै निरङ्कुश राजतन्त्रले घाँटी निमोठ्न थालेपछि लोकतन्त्र र सिर्जनाको नौलो विहानको संरक्षणका लागि जनता ढुक्कले बस्न सक्ने अवस्था छैन, निरङ्कुशताको पूर्ण अवसान भै नसक्तासम्म त्यो लुकेर ढुकिरहेको हुन्छ भोको बाघका रूपमा । त्यसले मान्छेको मासु (जनताको) नखाईकन आफू तृप्त भएको अनुभव गर्नै सक्तैन । यस कविताले हामी लामो तानाशाहीको साङ्लामा जकडिएर आएका तथा यसरी चुप लागेरै बसिरहने हो भने अझ कहिलेसम्म बन्धनमै रहिरहनुपर्ने हो ? तसर्थ भोको बाघलाई थुन्ने दरिलो खोर बनाउनु जरुरी छ । लाखौँ करोडौँ जनता भोकै बस्न बाध्य छन् तथापि तिनै जनताले अनावश्यक सेतो हात्तीका रूपमा रहेको दरवार र त्यसका सञ्चालक/सम्बर्धकहरूलाई सित्तै खुवाएर कति पाल्ने ? तसर्थ उसले दुनियाँ मारी लुटेको धन नखोसी हुँदैन भन्ने भाव कविताले बोकेको छ । गणतन्त्रको नयाँ दिशाको सुरुवात भरखर भएको छ, स्वतन्त्रतापूर्वक जनतारूपी मुनियाहरू खेल्न पाइने आशामा रहेका छन् तथापि निरङ्कुशताले टाउको बौराउने जमर्को गर्दै छ, कहिल्यै उठ्न नसक्ने गरी त्यसको खुट्टा भाँच्न, दाँत फुकाल्न र नङ्ग्रहरू काट्न कविताले जनतालाई आह्वान गरेको छ । देश नयाँ बनाएर सारा गाँउ–

सहरमा हाँसोले भर्नका लागि र नेपालको मङ्गलका लागि पनि भोको बाघलाई नमारी हुँदैन । अतः निरङ्कुशतारूपी बाघको अवसान नै नेपालको सुनौलो भविष्य हो भन्ने प्रतीकात्मक भाव यस कवितामा प्रस्तुत गर्न खोजिएको छ। अन्त्यानुप्रासयुक्त शादूलविक्रीडित छन्दको पाँच श्लोकमा यो कविता संरचित छ। बाघलाई निरङ्कुश राजतन्त्र वा कुनै पनि निरङ्कुश तानाशाहीका रूपमा बिम्ब प्रदान गरिएको छ।

### ६.१५ कुर्सी महिमा

यस कवितालाई व्यङ्ग्यप्रधान बनाउने प्रयास गरिएको छ । समाजमा विविध रूपका विसङ्गतिहरू देखिने गर्छन् । त्यस्ता विसङ्गतिमध्ये 'कुर्सी' वा 'पद' प्राप्तिको लोभ र त्यसप्रति गरिने मरिहत्ते नै यस कविताको विषयवस्तु रहेको छ। तसर्थ कुर्सीको महत्त्व कतिसम्म छ वा यसले केसम्म गरेको छ वा केसम्म गर्न सक्तछ भन्ने व्यङ्ग्यभाव प्रस्तुत गर्ने जमर्को कवितामा छ। कुर्सीका लागि मरिमेट्नेहरूका लागि कुर्सी नै उसको जिन्दगी हो, तारणहार पनि कुर्सी नै हो, कुर्सी नहुने हो भने उसको जिन्दगी व्यर्थ हुन्छ । कुर्सीप्रियहरूका लागि आफू कुर्सीकै लागि जन्मिएको र कुर्सीकै लागि मर्ने तथा कुर्सीमै बसेरमात्रै केही गर्न सकिने, नत्र जिन्दगी सार्थक नहुने भाव यहाँ छ। बृद्ध अवस्थामा पुगेको व्यक्तिसमेत कुर्सी प्राप्तिकै लागि संसद धाउँछ भने कुर्सीको वास्नालाई कसले छोड्न सक्छ र ? कुर्सीका रूप विभिन्न हुन सक्छन्, तर काठको मात्रै वा मणिमाणिक्य जडित नै होस्, तर आखिर कुर्सी कुर्सी नै हो। त्यसको महत्ता बेग्लै छ। कुर्सीमै धाकरवाफ छ भने प्रश्न र जवाफ पनि यसमै छ। तसर्थ इतिहासमा हेर्दाखेरि कुर्सीप्राप्तिका लागि कतिकति युद्ध भए तथा यसका मोहले लाखौं-करोडौं धनजनको क्षति भएको पनि पाइन्छ । कुर्सीकै कारणले मान्छे मानवताबाट गिरिरहेको छ भने ईश्वर दानवतामा झरेको हुन्छ । कुर्सी छोड्नुपर्दा मानिसहरू हीनताले मरेसरह हुने गर्दछन् । तसर्थ कुर्सीको महिमा अपार छ, कुर्सी नपाइने वा छोड्नुपर्ने भयो भने संसारै अँध्यारो भएको भान हुन्छ । कुर्सी रामनाम हो जसलाई सुन्नेबित्तिकै मरेका पनि ब्युँझेर उठ्न थाल्दछन् भने यही कुर्सीकै मोहले 'राम' को रूपमा रहने मान्छे 'हराम' भएको छ। यसरी, कुर्सी त्यस्तो चीज हो जसले धेरैलाई आकर्षित गर्दछ भने यसैका लागि मान्छेले मानवता र नैतिकता समाप्त पारिरहेको छ भन्ने मूल व्यङ्ग्यभाव कवितामा छ।

अनुष्टुप छन्दको दस श्लोकमा रचित यस कवितामा अन्त्यानुप्रास अलङ्कार रहेको छ।

### ६.१६ बत्तीमा तेल हालौं

यस कवितामा हाम्रो सामाजिक/राजनीतिक असङ्गतिलाई औंल्याइएको छ । जताततै देखिने काटमार, हिंसाले व्याप्त हाम्रो समाजमा पानीको अभाव छ तर रगतको धारा सस्तो छ। सरल जिन्दगी बाँच्ने बाटाहरू तगाराले बन्द गरिएका छन् । राजनीतिक दलहरूको द्विविधा र अलमलले जनतामाथि

दिनदिनै घात बढिरहेको छ । एक नेपालीले अर्कामाथि प्रहार गरेको गऱ्यै छन् भने हाम्रा सीमानाहरू धमाधम सङ्कुचित बन्दै छन्, जसले गर्दा बारम्बार कालापानीजस्ता ठाउँहरूका मुटुमा जलन भएको छ । निस्वार्थ फुल्ने फूलहरूबाट मान्छेले निस्वार्थता सिकेन, झन स्वार्थमा चित्त गाडिरहन्छ । अरूका लागि ऊ केही गर्दैन, आफ्नै स्वार्थका लागि ऊ हरेक ठाउँमा भान्छे बन्न खोजिरहेछ ।

कवितामा सोझा मान्छेलाई बाँच्न गाह्रो भइरहेको कुरा देखाइएको छ । रगत-पसिना बगाएर पनि बाँच्न कठिन छ । अझ राजनीतिक खिचातानीले जनताबीचमा अपूरणीय खाडल पारिरहेछ, तसर्थ सहमति र सहकार्य जति खोजे पनि टुङ्गामा पुग्न नसकेको अवस्था छ । स्वार्थकै कारण असहमति चुलिँदै गएको छ । हामी सङ्कीर्ण बनेर मन सानो पार्दै जाँदा स्वार्थ पनि सूक्ष्म रूपमा झन भित्र गड्दै छ । यसबाट हामीले देशलाई बुझ्न र अगाडि बढाउन अबेर भैसकेको छ । हाम्रो स्वार्थ देशको स्वार्थमा केन्द्रित हुनुपर्ने हो । तसर्थ सम्पूर्ण जनतामा चेतना जागृत गरेर राष्ट्रलाई उजिल्याउने हो भने संचेतनाको बिजुली बत्तीमा सबै मिलेर तेल हाल्नुपर्दछ । समग्रमा कवितामा प्रगतिशील धारलाई केन्द्रीकृत गर्दै राष्ट्रनिर्माणमा एकताबद्ध प्रयासको खाँचो देखाउने प्रयास गरिएको छ ।

कविता मालिनी छन्दमा संरचित छ । पाँच श्लोकमा आबद्ध कवितामा अन्त्यानुप्रास अलङ्कार छ । 'बिजुलीको बत्तीमा तेल हालौँ' जस्ता पदावली प्रतीकात्मक रूपमा प्रयुक्त छन् ।

## ६.१७ फूल

'फूल' कविता प्रकृतिप्रेममा आधारित छ तापनि कविता सिङ्गै प्रतीकको रूपमा मानवीय जीवनको सुन्दरतामा विश्वास गर्दै जीवन फूलजस्तो हुनुपर्छ भन्ने भाव व्यक्त गर्दछ । बगैँचाभरि वासना छर्ने फूलको कोमलताले सासना सहन सक्तैन । तसर्थ फूलमा नवीनता खोज्न आग्रह गरिएको छ । मौरीका झुन्ड मधुर प्रेम-अमृतका खोजीमा तप्त घाममा पनि झुम्मिरहेका देखिन्छन् । वेदना र पीडालाई भुलेर काममा व्यस्त मौरी जो फूलको रसमा निमग्न छन्, फूलले सारा वेदना र पीडालाई भुलाइदिन्छन् । मान्छे मूर्ख भएर ऐँस आराममात्र खोज्दछ भने बुढ्याइँको अपेक्षा बैँसमात्र रोज्दछ तर समयले उसलाई कदापि पर्खँदैन । जसरी फुलेको सुन्दर फूल क्रमशः वैलाउँदै जान्छ, मानवजीवन पनि त्यस्तै हो । फूलले जीवन शाश्वत होइन, यो वैलाउन सक्छ भन्ने सन्देश दिएको छ । यति हुँदा पनि मान्छे लोभ र मोहमा भुलिरहेको हुन्छ, ऊ आफूभित्रको कल्मष व्यवहारबाट प्रकट गरिरहेको हुन्छ ।

जिन्दगी गतिशील छ । अतः जिन्दगीको सार्थकता सललल बग्नुमा छ । वितथ वा मिथ्यावादले आफैँलाई पोल्दछ । वितथ र असत्यलाई परित्याग गरी शारदीय फूल फक्रेर सौन्दर्य-स्नेहले हृदयभित्र पक्रिएझैँ सत्य र इमान्दारीले अरूको मन पक्रिन सक्नुपर्ने कुरा फूलबाट सिक्नुपर्छ । अनावश्यक जोशले गन्तव्य हासिल गर्न सकिँदैन । तसर्थ फूलको कोमलताझैँ बनेर सरल र शुद्ध भावनालाई

माला उन्न सके मान्छेको मानवता उँचो रहने निश्चित छ भन्ने कुरा कवितामा व्यक्त गर्ने प्रयास गरिएको छ ।

समग्रमा मानवजीवन फूलजस्तो सुन्दर, कोमल र सरल हुने बिम्ब कवितामा प्रस्तुत गर्न खोजिएको छ भने सुन्दर जीवन-निर्माणको आग्रह गरिएको छ । पाँच श्लोकमा इन्दिरा छन्दमा आबद्ध यस कवितामा अन्त्यानुप्रास अलङ्कार रहेको छ ।

### ६.१८ नयाँ नेपाल

यस कविताले 'नयाँ नेपाल' को अपेक्षा गरेको छ । हाम्रो इतिहासमा गर्व गर्दै कहिले पुर्खाका पौरखी हात खोज्ने अनि कहिलेचाहिँ आफैंभित्रको भड्किलो भावले सुदृढ नेपाली संसारलाई कमजोर र व्यर्थ बनाउने गतिविधि गर्दा गौरव र गर्वका सुकिला महलहरूसमेत हल्लिन थालेको आभास भएको कुरा यस कविताले सुरुमा देखाउन खोजेको छ । नयाँ नेपाल निर्माणको मार्गमा हामी हिँडेका छौँ तर यहाँ त हावामा जहर भरिएको छ, रातो रगतमा तीखा जिब्राहरू लप्लपाइरहेका छन् । क्रोधले मुटुमा नङ्ग्रा धस्नेहरूको त्यत्तकै बिगबिगी छ भने फूलले रसमयकलायुक्त वासना कहिले देला ? प्रश्न छ । डाँडापाखा सबैलाई अँध्याराले ढाकेको छ, कतै उज्यालो र खुला छैन, करुणा-प्रेम र सद्भावको पालो पाएको आएको छैन, सेता हिमालका शिखरहरू कालो रङ्गले रङ्गिएका छन्, कलुषित भाव र विचारहरूले प्रश्रय पाइरहका छन् भने यस्तो अवस्थामा कसरी नयाँ नेपाल बन्न सक्ला ?

हामी घामको नयाँ झुल्काको खोजीमा छौँ तर हाम्रो आस्थामाथि कुठाराघात भइरहेछ, एउटा राम्रो कुरा खोज्दा झन धेरै अरू कुराहरू गुमाउनुपर्ने वाध्यता छ, सुन्दर फूलहरूसमेत जरैबाट जीर्ण बन्न गइरहेका छन् । 'नयाँ नेपाल' को निर्माण केवल नारामा सीमित छ ।

हाम्रो चाहना नवीन युगनिर्माणको हो, नौलो देश बनाउने अभीष्ठ हो । यसलाई माथि उठाउन शिरमा बोक्ता बाटामा खौलाहरू भेटिए तिनलाइ पुर्नसक्ने क्षमता हामीभित्र छ, खालि दृढतापूर्वक लाग्नुपर्छ । देशलाई अग्लो पार्ने, खुसी पार्ने र फूलजस्तो सुन्दर पार्ने हाम्रो उद्देश्य हो । सम्पूर्ण नेपालीले देशलाई छातीभित्र सिँगारेर राख्न सके निश्चय नै देशलाई माथि उठाउन सकिने विश्वास यस कवितामा व्यक्त गरिएको छ ।

मन्दाक्रान्ता छन्दको पाँच श्लोकमा संरचित यस कवितामा अन्त्यानुप्रास रहेको छ भने हिमगिरि, पहाड, मधेस, खौलोजस्ता शब्दहरू बिम्बप्रतीकका रूपमा प्रयुक्त छन् ।

### ६.१९ छिमेकी

'छिमेकी' कवितामा विम्बात्मक रूपमा कालो विचार भएको छिमेकीको कालो करतुतको चित्रण गरिएको छ । त्यो छिमेकी, जो सधैँ हामीलाई दुःख दिइरहन्छ, हाम्रो घरको खम्बमा धमिरा लगाइदिन्छ

भने हाम्रा घरको जगको ढुङ्गो नै झिकेर लैजान्छ । उसको कर्म र विचार कालो भएकाले उसको साँध उत्तरतिर सारेर हाम्रो सिमाना मिचिरहेको छ । साँधका कान्ला खन्दै आफ्नातिर मिसाउँछ भने हामी पौरखले चौतारी बनाउँछौं आफ्ना लागि, ऊ थपक्क आएर त्यसमा भारी बिसाउँछ अनि हाम्रा खेतबारीमा उसका गाईवस्तुले बाली चराउँछ र त्यसको विरोध गर्दा उल्टै हामीलाई पो कराउँछ । छिमेकी बडो अनौठो छ । ऊ कहिले सुस्तामा आएर हामीलाई घोच्छ, कहिले कालापानी लुट्छ र कहिले हाम्रो क्वैलावासको आँगन उजाड्छ । ऊ भित्रभित्र एकदमै धूर्त्याइँ गर्छ र बाहिर भने सात्त्विक-साधु बन्न खोज्छ । मुखमा रामरामको मधुरता देखाएर पिठ्युँमा छुरा धस्ने दुष्प्रवृत्ति उसको पुरानै बानी हो । यस्तो प्रवृत्तिले उसका अरू छिमेकीहरूबाट समेत माया गुमाउँदै छ ।

भोकतिर्खा लाग्दा पनि यो छिमेकी किच्किच् गर्दछ भने लिनदिन दुवैमा पनि किच्किचै गर्दछ । उसको यो प्रवृत्ति सहेर हामी कतिन्जेल पीडामा बाँचिरहने ? यस्तो अवस्थामा हाम्रो स्वाधीनता र सार्वभौमिकताको रक्षा गर्दै यसमा कदापि खिया लाग्न दिनुहुन्न । हामीले यस कर्तव्यलाई भुल्नु हुँदैन ।

यस कवितालाई बिम्बप्रधान बनाउने प्रयास गरिएको छ । अनुष्टुप छन्दको दस श्लोकमा संरचित यस कवितामा अन्त्यानुप्रास अलङ्कार छ ।

६.२० मन

यस कविताले दार्शनिक भाव व्यक्त गर्ने प्रयास गरेको छ । मान्छेका मनको अपारतालाई कविताले सङ्केत गरेको छ । जे गर्छ, सम्पूर्ण कुरा मनले नै गर्छ । 'काँचो' लाई पकाउने 'साँचो' यही मन हो, जसले विस्मातको छायाँ फ्याँकेर प्रकाश ल्याउँछ । मनको उडानको तीव्रता कसै गरे पनि रोक्न सकिँदैन । यही मन पीडा र विरहको चिन्तामा छट्पटिइरहेको हुन्छ भने कहिले समुद्रमा खुसीले पौडिरहेको हुन्छ । यो मन आफैँभित्र घुँघुरा बजाउँदै षड्यन्त्रको जाल बुन्न तल्लीन रहन्छ । फेरि कालोमैलो पखालेर सिङ्गै धर्तीलाई उज्यालाको ज्योतिले जगमग पार्ने पनि यही मन नै हो ।

मन सूक्ष्म रूपमा परमाणुजत्तिकै सानो बन्न सक्तछ । अर्कातिर यो असीमित विस्तार हुन सक्तछ जसले सिङ्गै ब्रह्माण्ड छोपिदिने सामर्थ्य राख्तछ । यो मन कहीँकतै दृष्टिगोचर हुँदैन, यसलाई विज्ञानले बुझ्न सक्तैन । यो अक्षय छ, काटे, घोचे र छिनाले पनि यसको क्षति हुँदैन । मनको अवस्था अपार भएकाले यो अगम्य, अगोचर र अवर्णनीय छ भन्ने कुरा यस कविताले देखाउन खोजेको छ ।

अनुष्टुप छन्दको सात श्लोकमा आबद्ध यस कवितामा अन्त्यानुप्रास, विषम अलङ्कार रहेका छन् । विम्ब-प्रतीकको प्रयोगले कलात्मकता बढाउन सहयोग गरेको छ भने सरल भाषाशैलीले कविता सुबोध छ ।

अध्याय सात

# 'माटाको सुगन्ध' कविता-सङ्ग्रहभित्रका कविताको प्रवृत्तिगत विश्लेषण

कविता विधा आफैँमा गतिशील विधा हो । अरू विधाभन्दा जेठो विधाका रूपमा जन्मिएर अनेकौँ घुम्ती पार गर्दै नवनव प्रवृत्तिका साथ यो अगाडि बढ्दै आइरहेको पाइन्छ । नेपाली कविताले पनि थालनीदेखि कवर्तमानसम्म आइपुग्दा अनेकौँ प्रवृत्ति आफूमा समाहित गरेको छ । नेपाली विषयको स्नातकोत्तर तहको दसौँ पत्रको प्रयोजनका लागि तयार पारिएको सिर्जनापत्रअन्तर्गत 'माटाको सुगन्ध' कविता-सङ्ग्रहमा बीसवटा कविताहरू सङ्गृहीत छन् । यी कविताको विषयवस्तु तथा शैलीका आधारमा केही प्रवृत्तिगत विशेषताहरूको सङ्क्षिप्त विश्लेषण गरिएको छ ।

## ७.१ विषयवस्तुका आधारमा

प्रस्तुत कविताहरूको विषयवस्तुमा विविधता पाइन्छ ।

### ७.१.१ राष्ट्रियता

कवितामा देशभक्तिको भावना तीव्र छ । राष्ट्रिय गौरवका उच्चतम पक्षहरू कवितामा औँलयाइएका छन् । अर्कातिर विकृति र विसङ्गतिले राष्ट्रलाई मरणासन्न पार्दै लगेकोप्रति पनि कवितामा चिन्ता व्यक्त गरिएको छ । 'मेरो देश म बोक्छु माथि शिरमा भन्दा लुकायौ किन ?' जस्ता पङ्क्तिबाट सच्चा देशभक्त बनेर देशलाई माथि उचाल्न खोज्ने सपूतहरूलाई राष्ट्रवादी कार्य गर्नबाट बञ्चित गराएको/गराउने परिस्थितिप्रति कवितामा चिन्ता व्यक्त गरिएको छ । 'मेरो देश', 'किन ?', 'आँसुमा दुख्छ घाउ', 'स्वदेश-गान', 'उठून् सारा मान्छे' आदि कविताहरूमा देशको बिग्रँदो अवस्थाप्रति चिन्ता व्यक्त गरिएको छ । त्यस्तै 'छिमेकी', 'बत्तीमा तेल हालौँ' जस्ता कवितामा नेपाली राष्ट्रियता र सार्वभौमिकतामाथिको बाह्य हस्तक्षेपको चर्चा र निन्दा गरिएको छ । गणतन्त्रको अपेक्षा र त्यसको सम्बर्धन, लोकतन्त्रको सुरक्षा, जनताको आत्मगौरव आदि विषयहरू कविताले समेटेका छन् भने हाम्रा सीमा र भूभागहरूमाथिको विदेशी अतिक्रमणजस्ता विषयलाई पनि कवितामा समेटिएको छ ।

### ७.१.२ द्वन्द्व र शान्ति

कविताहरूले द्वन्द्व र द्वन्द्वोत्पन्न पीडालाई पनि विषयवस्तु बनाएका छन् । जनताको शान्तिको चाहना पूरा गर्न नसक्ता त्रासमा जीवन बिताइरहनुपर्ने वाध्यताले शान्तिको अपमान भइरहेको कुरा कविताभित्र पाइन्छ । 'शान्तिको मान रुन्छ', 'फाटेको दिल जुटाऊँ', 'नयाँ नेपाल' लगायतका कवितामा

राजनीतिक द्वन्द्वले सामाजिक द्वन्द्वसमेत उत्पन्न गरेर जनता र समाजलाई निरास बनाएको तथा जनताले शान्तिको अपेक्षा गरिरहेको कुरा औंल्याइएको छ ।

### ७.१.३ प्रकृति-चित्रण

कवितामा प्राकृतिक सौन्दर्य पनि विषयवस्तुका रूपमा आएको छ । ‘फूल’ कवितामा फूलको वर्णन गर्दै प्रतीकात्मक रूपमा जीवनको सुन्दरतालाई औंल्याइएको छ । त्यस्तै ‘पानी’ कविताले पानीको महत्ता दर्साएको छ भने कसैको बाधाविरोधलाई नसहने बानीको चित्रण गरेको छ । ‘मेरो देश’, ‘स्वदेश-गान’, जस्ता कविताभित्र हिमाल, डाँफे, पन्छी, अन्नपूर्ण, मैदान, फाँट, हरिया वन-जङ्गल, समुद्र, ऋतुहरू आदिको चर्चा छ । यस आधारमा कविताहरू प्रकृतिपरक पनि बनेका छन् । प्रकृतिचित्रणको माध्यमबाट प्रकृतिका सुन्दरतम पक्षहरूको चर्चा कवितामा गरिएको छ ।

### ७.१.४ सामाजिकता

कतिपय कवितामा सामाजिकतालाई विषयवस्तु बनाइएको छ । सामाजिक अनाचार, भ्रष्टाचार, चाकडी-चाप्लुसी, चुक्लीजस्ता विकृत प्रवृत्तिहरूको विरोध गरिएको छ । त्यस्तै पद-प्रतिष्ठा र कुर्सीमोहले समाजमा पार्ने दुष्प्रभाव पनि कवितामा देखाइएको छ । सामाजिकलगायतका शोषणबाट जनताको मुक्तिको चाहना पनि कविताको विषयवस्तु बनेको छ । कविताहरूले नेपाली सामाजिक परिवेशलाई स्पष्ट चित्रण गरेका छन् ।

### ७.१.५ आध्यात्मिक चेत

केही कवितामा आध्यात्मिक चेत पाउन सकिन्छ । ‘पीडा व्याप्त’ कवितामा मान्छेलाई कहिल्यै शान्ति हुँदैन र ऊ जहिले पनि पीडाले पिल्सिएको हुन्छ भन्ने कुरा देखाइएको छ । मान्छेको जीवन नै दुःख र कष्टको पुञ्ज भएकाले हुँदा र नहुँदा वा कथित राम्रो र नराम्रो दुवै प्रकारका कुराबाट ऊ आनन्द होइन, पीडामात्र महसुस गरिरहेको हुन्छ भन्ने आध्यात्मिक चिन्तन यो कवितामा छ । त्यस्तै ‘मन’ कवितामा मनको अपारता, अगम्यता र अगोचरताको चर्चा छ । पूर्वीय दर्शनको लौकिक जीवन दुःख र पीडाको सागर हो भन्ने आशयलाई तथा मनको अदृश्य शक्तिलाई दार्शनिक आधारमा कवितामा प्रस्तुत गरिएको छ ।

### ७.१.६ स्वर

परिष्कारवादी शैलीमा मूल स्वरको रूपमा प्रगतिवादी भावधारा अँगालेका कविताहरू यहाँ रहेका छन् । मार्क्सवादी सौन्दर्यात्मक चिन्तनलाई आत्मसात गर्दै मान्छेबाट मान्छेमाथि गरिने सबै

प्रकारका शोषणबाट मानवसमुदायलाई मुक्त गर्नु र जाति, वर्ग, वर्ण आदिका रूपमा विभक्त सामाजिक परम्पराको अन्त्य गरी समतामूलक मानवतावादको स्थापना गर्ने उद्देश्य कविताले बोकेका छन् । यसरी हेर्दा कवितामा तल्लो वर्गप्रति सहानुभूति देखाइएको छ । यसका साथै आंशिक प्रवृत्तिका रूपमा कवितामा स्वच्छन्दतावादी दृष्टिकोण पनि रहेको छ ।

### ७.२ शैलीका आधारमा

शैलीगत विशेषताका आधारमा कविताका प्रवृत्ति यस प्रकार देखिन्छन् ।

#### ७.२.१ व्यङ्ग्य

कतिपय कवितामा व्यङ्ग्यात्मकता छ । व्यक्तिगत रूपमा मान्छेमा देखिने लोभ (पद, कुर्सी आदि), चकरीप्रवृत्ति, सामाजिक-राजनीतिक विसङ्गतिजस्ता कुराहरूमा तीव्र व्यङ्ग्य पाइन्छ । समाजलाई अधोगतितिर लैजाने विकृतिहरूको समूल अन्त्यका लागि व्यङ्ग्यात्मक शैलीमा कविताले आग्रह गरेको छ । 'चुक्ली, चियो र चतुऱ्याइँ चुली बनाऊ, तालुविषे हलल आलु सधैँ फलाऊ ।' जस्ता पङ्क्तिले सफलता पाउने धूर्त-शैलीको सङ्केत गर्दै त्यसप्रति व्यङ्ग्य छ भने '.....छुरी, ढाल, तर्वार समाएर बुद्ध, गरी युद्ध हिँड्छन् झिकी तीक्ष्ण दाह्रा, अचम्मै छ गाँठे ! अनौठो छ पारा' जस्ता पङ्क्तिबाट युद्धोन्मुख प्रवृत्तिको चित्रण र व्यङ्ग्य पाइन्छ । त्यस्तैगरी 'कुर्सीकै मोहले मान्छे 'राम' बाट 'हराम' भो' जस्ता पङ्क्तिबाट पदका लागि मान्छे 'राम' बाट 'हराम' मा समेत गिर्न सक्छ भन्ने तीखो व्यङ्ग्य पाइन्छ । यसरी व्यङ्ग्यभावलाई राम्ररी संयोजन गरिएको छ ।

#### ७.२.२ छन्द/लय

कविताको एउटा तत्त्व छन्द वा लयविधान हो भने लय आन्तरिक र बाह्य हुन्छन् । गद्य कविताले पनि आन्तरिक लय ग्रहण गरेकै हुन्छ भने पद्य कवितामा वाह्य लय पनि त्यत्तिकै प्रखर हुन्छ । प्रस्तुत कविताहरू वर्णमात्रिक शास्त्रीय छन्दमा आधारित छन् । बीसवटा कविता दसवटा छन्दमा बाँधिएका छन् । 'मेरो देश', 'फाटेको दिल जुटाऊँ', 'पानी' कविता उपजाति छन्दमा, 'शान्तिको मान रुन्छ', 'स्वदेश-गान', 'बत्तीमा तेल हालौं' मालिनी छन्दमा, 'आँसुमा दुख्छ घाउ', 'राष्ट्र नै नाङ्गिएछ' स्रग्धरा छन्दमा, 'किन ?', 'भोको बाघ नमारी हुन्न' शार्दूलविक्रीडित छन्दमा, 'पीडा व्याप्त', 'कुर्सी-महिमा', 'छिमेकी', 'मन' अनुष्टुप छन्दमा, 'सफलताको कडी' वसन्ततिलका छन्दमा, 'अचम्मै छ गाँठे !' भुजङ्गप्रयात छन्दमा, 'उठून् सारा मान्छे' शिखरिणी छन्दमा, 'लोकको आत्मरक्षा', 'नयाँ' नेपाल मन्दाक्रान्ता छन्दमा र 'फूल' इन्दिरा छन्दमा रचिएका छन् । नेपाली कविताले बढी उपयोग गरेका चर्चित छन्दहरू नै यहाँ प्रयोग गरिएका छन् ।

७.२.३ शैली

कविताहरू परिष्कारवादी शैलीमा शास्त्रीय वर्णमात्रिक विविध छन्दहरूको उपयोग गरी लेखिएका छन् । गद्य शैलीलाई नअपनाएर पद्य शैलीलाई कवितालेखनको माध्यम बनाइएको छ । कवितालाई बढी लयात्मक र संवेद्य-सम्प्रेष्य बनाउन पनि छन्दको प्रयोग गरिन्छ । संस्कृत वाङ्मयले आर्जन गरेको छन्द परम्परालाई नेपाली साहित्यमा जति अरू कुनै साहित्यमा पनि प्रयोग गरिएको पाइँदैन । यो नेपाली कविताको आफ्नै महत्त्वपूर्ण विशेषता बनेर रहेको छ । त्यसैगरी कवितामा आत्मकथन तथा तृतीय पुरुष शैली अपनाइएको छ ।

७.२.४ बिम्ब-प्रतीक

बिम्ब-प्रतीक कविताको प्राण हो । कवितालाई कलात्मक सौन्दर्य प्रदान गर्नमा बिम्ब-प्रतीकको भूमिका महत्त्वपूर्ण रहन्छ । यी कविताहरूमा पनि बिम्ब-प्रतीकको उचित संयोजन गर्ने प्रयास गरिएको छ । 'छिमेकी' कविता आफैँमा बिम्ब-प्रधान बनेको छ । विभिन्न कवितामा हिमशिखर, पहाड, मधेस, खौलो, फूल, भोको बाघ, पानी, मन, कृष्ण, गिद्ध, माटो, लास, सृष्टि, रक्तकुण्ड आदि कुराहरूका साथै 'विजुलीको वत्तीमा तेल हालौँ' जस्ता पङ्क्ति बिम्ब-प्रतीकका रूपमा प्रयोग भएका छन् । यस्ता प्रतीकको प्रयोगले कविताको सौन्दर्यलाई उचाइमा पुर्‍याउन सहयोग पुगेको देखिन्छ ।

७.२.५ रस तथा अलङ्कार

कवितामा रस तथा अलङ्कारको भूमिका पनि महत्त्वपूर्ण रहने देखिन्छ । रसले विभिन्न स्थायीभाव बोकेका हुन्छन् । यहाँ प्रस्तुत गरिएका कविताहरूले पनि कुनै न कुनै रस अङ्गीकार गरेका छन् । वीर, करुण, विभत्स, शान्त, हास्य, रौद्रलगायतका रसमा कविताहरू प्रवाहित छन् ।

अलङ्कार कविताको गहना मानिन्छ । यसले पनि कवितालाई कलात्मकता प्रदान गर्दछ । सङ्गृहीत कविताहरू पूर्ण रूपमा अन्त्यानुप्रासयुक्त छन् । यसका साथै वृत्यनुप्रासको प्रयोग गरिएको छ भने अर्थालङ्कारमा उपमा, रूपक, दृष्टान्त, विषम आदि अलङ्कारको यथोचित प्रयोग गरिएको छ ।

अध्याय आठ

# माटाको सुगन्ध

## कविता–सङ्ग्रह

# मेरो देश

हिमालको सुन्दर काखभित्र
छ देश मेरो धवला विचित्र
मेची र कालीहरूको सुसेली
आमा सधैँ हाँसिरहू उजेली
॥१॥

स्वतन्त्र माटो मुटुको कहानी
यी स्वर्ण फल्ने हिमका विहानी
सदैव हाँसी रहने मुहार
विश्वास गाढा धनको जुहार
॥२॥

म देशलाई शिरमाथि राखूँ
मधेस पाहाड हिमाल डाकूँ
म बोकुँ धर्ती कित शिरमाथि
उदाउँ भास्कर कि त साँझ–राति
॥३॥

अतीव अग्लो छ हिमाल हाम्रो
सुगन्धी सौन्दर्यले पूर्ण राम्रो
यो पूर्णतामा अझ पूर्ण पारी
उठाऊँ म सुन्दर बोझ भारी
॥४॥

पन्छीहरुको चिरबीर गान
नेपालको सुन्दर गान ठान
जो द्वेषले भर्दछ भित्र–भित्र
नेपाली त्यो हैन सखे पवित्र
॥५॥

प्राचीन संस्कृतिको छ भँडार
मभित्र यौटा युगको सँघार
म देख्छु विश्वैकन एक मित्र
बस्तैन सैतान कसै मभित्र
॥६॥

छ रक्त सञ्चारित ढुक्ढुकी यो
बल्दो छ नित्यै दिलको टुकी यो
बलेर सारा जगज्योति भर्दै
नवीनतामा नवगान छर्दै
॥७॥

छ अन्नपूर्णा धनको भकारी
मैदानका फाँट परोपकारी
बेँसी र भण्डारभरी छ माया
खोली र खोल्सी दिलभित्र छायाँ
॥८॥

आगो र पानी दुइटै मिलाई
नवीन संचेतनता खुलाई
म माटो बोक्छु मुटुमा भरेको
म अग्नि बाल्छु दिलमा झरेको
॥९॥

# शान्तिको मान रुन्छ

वरपर सब घुम्छन् गिद्ध दाह्रा उद्याई
टुकटुक गरी टोक्छन् हाड छाला टुटाई
तपतप बुँद रातो रक्तको झर्छ खास
शिर–गिँड दुइ टुक्रा घाट भो गाउँ बास
॥१॥

जबजब अनुहार्मा रक्तको बन्छ धारो
सब जन भयभित्रै बन्द हुन्छन् तगारो
बल गरि अझ ह्वाङ्गै खोल्नलाई प्रयत्न
जति गर त्यति सानू बन्दछन् व्यर्थ यत्न
॥२॥

युगल नयन चिम्ली कान दोटै थुनेर
मन र वचन मारी, दाँत–जिब्रो उनेर
कति दिन सहि बस्ने रक्तका कुण्डभित्र
मन हृदय छ मुर्छा स्वप्न देख्तै विचित्र
॥३॥

भसभस कुहिएका लासका खातखात
समसम पद टेक्ता ह्वास्स दुर्गन्ध वास
न त अलिकति आस्था बाँच्न पायो सुशान्त
असल दिन सकिएझैँ छ धर्ती दुखान्त
॥४॥

धरधर मन फाट्यो टाल्न गाह्रो भएझैँ
सब जन घरबारैहीन, पैरो गएझैँ
परिजनहरु कोही पूर्व, पश्चीम कोही
छरछर छरिएका बास काहीँ नपाई
॥५॥

जति मन कमलिन्छन् बुद्धि गाँठो नपारे
पछिपछि पछुताई व्यर्थ आँसू नझारे
अब अलिकति शान्ति हुन्छ झैँ भान हुन्छ
गर न गर न यद्वा शान्तिको मान रुन्छ
॥६॥

सजल छ जलविन्दु नेत्र विस्फारिए झैँ
धुलिधुसर धुवाँमा मानवी मारिए झैँ
अब सब यहीँ छाडी ऊर्ध्वगामी विचार
लिइकन अघि हिँड्ने अग्रगामी तयार–
॥७॥

जबतक नहुँदामा देश रोई रहन्छ
भलभल धमनीको रक्त फोई रहन्छ
घर–वन सब पाखा अग्निले खाग पार्नन्
तबतक सब हाम्रा सृष्टिमा दाग लाग्नन्
॥८॥

अब बुझ नरनारी देश कस्तो भएछ
अलमल नगरे है राष्ट्र भास्सिरहेछ
जतिजति अझ थिच्छौ आफु नै थिच्चिइन्छौ
अरु सब मर भन्दा आफु नै किच्चिइन्छौ
॥९॥

असल मन गरेको इष्ट खोज्नै छ साह्रो
भवभर अझ राम्रो बान्कि खोज्नै छ गाह्रो
तनमन जब सच्चा पार्दछौँ धर्ति बन्छ
विपुल चमकभित्रै देश हाँसी रहन्छ
॥१०॥

# आँसुमा दुख्छ घाउ

नेपाली माथ अग्लो झलमल रविझैँ देशलाई म देखूँ
यौटा नौलो कथामा अविदित सुरिलो राष्ट्रगाथा म लेखूँ
फोऊँ बन्धन कसेका जनकजननीका कृष्णझैँ धोइ पाउ
यद्वा रोएर माटो सुललित मनको आँसुमा दुख्छ घाउ
॥१॥

चोक्टा लुछ्ने यहीँ छन् भलभल रगतै स्वादमा मख्ख पर्दै
नङ्ग्रा तीखा असाध्यै मुटु सलल चिरी स्वादमा स्वाद भर्दै
माटाको अस्थिपञ्जर अलिकति पनि क्यै खान हेर्दै छ दाउ
लुछ्छौ हे गिद्ध भैया, अझ कति जननी, आँसुमा दुख्छ घाउ
॥२॥

माटाका पुत्र हामी हरबखत यही मट्टिमै भेट्नुपर्छ
माटाकै वासनामा मगमग मनको तिर्सना मेट्नुपर्छ
आन्द्राको घाउजस्तै उकुच भरिभरी ध्वस्त पारेर धाउ
बाँकी क्यै छैन रत्ती सबल हृदयको, आँसुमा दुख्छ घाउ
॥३॥

जस्ले च्यातेर छाती जनकजननीका रक्तका धार खोले
ढाँटे काटे लछारे अतिक्राण गरी मानमा आँच बोले
रोएर हार मानी अझ रगत बगी आँसुमा दुख्छ घाउ
जस्जस्ले लाइदिन्छन् मलम उकुचमा रक्तमा सुक्छ घाउ
॥४॥

# किन ?

आमाको तन च्यातिच्याति कसले चोक्टा बनायौ किन ?
आफन्तैहरु मारि रक्त रहमा हाँस्तै निदायौ किन ?
नेपाली भइ गर्व गर्न सकिने आस्था हरायौ किन ?
हाँस्तै मर्न सिकाउने सबलता स्वात्तै गिरायौ किन ?
॥१॥

भत्केका घरका निदाल अथवा गाह्रो लडायौ किन ?
मूर्ती मन्दिरका लुकाइ कसरी डाँडो कटायौ किन ?
चेलीको शिर रित्तियो सिँदुरले ,रित्तो बनायौ किन ?
पैसा नै सबथोक ठानी विचरा बेश्या बनायौ किन ?
॥२॥

बाटो खन्न सघाउने घनहरू काहाँ लुकायौ किन ?
सच्चा दृश्य लुकाइ छामछलले सारा भुलायौ किन ?
लामो हात नदेखिने मुलुकमा स्वीकार गर्छौ किन ?
चाट्तै पाउ पराइको हरबखत बाँचेर मर्छौ किन ?
॥३॥

आफ्नो राष्ट्र लुटेर भारि धनले पर्देश भर्छौ किन ?
सारा जङ्गल खाइखाइ अहिले गन्धै डकार्छौ किन ?
छोड्दैनौ ढल नाल घाट अथवा बाटो र घाटो किन ?
दिन्नौ मिल्न समस्त आज दुनियाँ पारेर फाटो किन ?
॥४॥

उच्चा माथ समस्त विश्वभरको हाहा ! गिरायौ किन ?
चौडा छाति उदार भाव दिलको सङ्कीर्ण पार्‍यौ किन ?
पुर्खाको पसिना चुकाउन भनी मद्दत् गरेनौ किन ?
आमाको मुटु रोपिँदा हृदयमा, छुरी झिकेनौ किन ?
॥५॥

यो देश् सुन्दर फूलवाग कसरी नासी बिगाऱ्यौ किन ?
त्यागी धैर्य सुकोमलादि मनका भाँची लघाऱ्यौ किन ?
चुस्छौ देश तथापि भक्त हुँ भनी ढाँटेर सारा किन ?
हिँड्छौ मस्त नशाभरी दिनभरी बेढङ्गी पारा किन ?
॥६॥

वैरीका बलले जहान थिचिए साँच्चै रमायौ किन ?
सासै फेर्न कठिन् भयो मुलुकमा घाँटी समायौ किन ?
पानी खान नपाइ व्याकुल हुँदा पानी सुकायौ किन ?
'मेरो देश म बोक्छु माथि शिरमा' भन्दा लुकायौ किन ?
॥७॥

# राष्ट्र नै नाङ्गिएछ

औँसीको रात कालो गगनबिच अहो ! मेघले छोपिएको
धर्ती जम्मै उदाङ्गो हरपल चुहुँदो रक्तझैँ रोपिएको
छातीका माझबाटै चलमल नगरी वारपारै भएझैँ
रुन्थ्यो रे देश हाम्रो अविचल पथमा कम्प ठूलो गएझैँ
॥१॥

पर्वत्का माथदेखि तलतिर खुकुलो दृष्टिमा दृश्य सुन्दर्
धर्तीलाई सखारै सुरपुर नभमा जोडने स्वच्छ निर्झर्
इन्द्रेनीका रँगैको झिलिमिलि पटुकी बारुली कम्मरैमा
मागौँ की बास बस्तै नदनदि वनको सुन्दरीका घरैमा
॥२॥

फक्रेको लाल रङ्को वदन छ हँसिलो मुस्कुराई रहेको
केराका पातजस्तो फरफर नटझैँ नाच नाची रहेको
देख्तैमा लोभ लाग्ने अति सरल कला नागझैँ बाङ्गिएछ
हेर्दाहेर्दै सुनौला जलप सब खसी राष्ट्र नै नाङ्गिएछ
॥३॥

झर्नाको निर्झरीमा सुखदुख मनका साटने स्वप्न मेरा
पन्छीको चिर्बिराहट् स्थगन स्थगन भो भैसक्यो रे अबेरा
छैनन् बान्की परेका रहभरि सुकिला मत्स्यका चालढाल
गायब् भो शान्ति सारा जनमन छिचली क्या-न-मज्जा कमाल
॥४॥

# पीडा व्याप्त

आगाले जति पोल्दो छ माटाले पनि पोल्दछ
तातो पानी अझै पोल्छ पीडाले अति पोल्दछ
॥१॥

पीडा जङ्गलको कैले, कैले भीर पहाडको
बेँसीको र तराईको, खाँद खोला कछाडको
॥२॥

हावाको बेग, झन्झा औ विजुली मेघ गर्जन
भेल, बाढी, हुरी, वर्षा, वज्रको मार बज्रन
॥३॥

असिना, हिमको वर्षा चिसो ठिही तुषारको
पीडाले अति सन्तप्त गर्मी ग्रीष्म असारको
॥४॥

पीडा सहरमा बस्ता, गाउँ बस्ती र टोलमा
मोलमा छ पीडा बग्दो, पीडा बग्दो अमोलमा
॥५॥

पाइँदैन भने-कष्ट, ाइयो अझ कष्ट छ
पायो-पाएन दुइटैमा जिन्दगी अलमस्त छ
॥६॥

भोकले पेटका भित्ता छुत्ती खेलेर कष्ट छ
अपच्ले अरुका निम्ति बाँच्न झन अझ कष्ट छ
॥७॥

खान छैन– पीडा धेरै, पीडा– खाएर झन अति
खायो-खाएन दुइटैमा जिन्दगीको भयो खती
॥८॥

उठ्यो कष्ट, बस्यो कष्ट कुँजाको नियतीसरी
हेर्‍यो–लोभ, नहेरेमा अँध्यारो नयनैभरी
॥९॥

गऱ्यो– दुःख, नगर्दैमा–अझ दुःख बढोत्तरी
हुँदा र नहुदा दुःख, सुख छैन कसै गरी
॥१०॥

छैन सम्पत्ती– चिन्ता छ– आर्जनु कसरी भनी
सम्पत्ती छ– अहो चिन्ता ! खर्चनु कसरी भनी
॥११॥।

थोरले नपुगी चिन्ता, धेरले त्रास थप्तछ
हुनु वा नहुनुभित्र पीडा-दुःख समान छ
॥१२॥

नहुँदा तनमा चिन्ता, हुँदा मष्तिष्क चिन्तित
मान्छेको मन हो चिन्ता, चिन्तैले अझ चिन्तित
॥१३॥

बिते हजार-हज्जारौँ वर्ष चिन्तित मान्छेका
अझै भावी पिँढी बित्छन् चिन्ताले ग्रस्त मान्छेका
॥१४॥

तैपनि नगरी काम ढुक्कै भैकन मानिस
यता काम उता काम घिस्री पिल्सिन्छ मानिस
॥१५॥

एक् दिन् सर्लक्क छाडेर तन, निस्किन्छ बाहिर
भित्रको जुन हो मान्छे, खाली पारेर जर्जर
॥१६॥

त्यो गयो अन्तरिक्षैमा वा वायुमा बिलीन भो
बाँच्नेको मन भो खिन्न, अनुहार मलीन भो
॥१७॥

भो छोड्द्यौ अब यो चिन्ता, पीडा ह्वार्ह्वार खुल्दछ
जे छ, जस्तो छ, जत्रो छ त्यत्तिमै चित्त बुझ्दछ
॥१८॥ □□□

# सफलताको कडी

पिट्पाट पार अथवा झगडा उठाऊ
ठोक्ठाक पार कि त झट्ट गला दबाऊ
बाङ्गो बनाइकन अङ्गुल गाड भित्र
बन्छौ तिमी युग सुनायक लौ विचित्र
॥१॥

चिप्लो घसेर कि त हाकिम स्निग्ध पार
आँखा छलेर ठग जे पनि बारबार
घर्मै गएर उसलाई खुसी बनाऊ
रीझिन्छ हाकिम इनाम सबै कमाऊ
॥२॥

के काम गर्नु ? अरुलाइ लडाउने पो
के हो नि पौरख ? घरै त डढाउने हो
चुक्ली, चियो र चतुर्‍याइँ चुली बनाऊ
तालुविषे हलल आलु सधैँ फलाऊ
॥३॥

कूरा प्रशस्त उधिनी अझ फूल जोडी
सीधा-घुमाइ अझ मत्लब अन्त मोडी
हो–हैन पार अथवा नभए–छ पार
मौका समात, किन अल्मल बारबार
॥४॥

# फाटेका दिल जुटाऊँ

नदीहरूमा बहँदैन पानी
पाइन्न सुन्दर् अब छानिछानी
उठेर आगो चुचुरा जलायो
सुगन्धमा गन्ध कहाँ पलायो
॥१॥

विषादियुक्ता कसरी म खाऊँ
घरै जलाई कसरी रमाऊँ ।
मारेर आफैँ शुभजन्म मैले
मनाउँ कस्तो खुसियालि ऐले
॥२॥

त्यो चम्किलो घाम कहाँ बिलायो
सुशान्तिको मार्ग त्यसै हिलाये
रमाउने बादल माथि-माथि
निष्प्राण झैँ भो शवतुल्य छाती
॥३॥

ढुङ्गो भएको मन मृत्यु हुन्छ
सुक्तै गएको मन भृत्य हुन्छ
विवेकका पङ्ख सबै गुमाई
सकिन्छ बस्नै कसरी रमाई
॥४॥

न फुल्छ सुन्दर् फूल वागभित्र
ठिही नबढ्दो पुसमाघभित्र
न धानको झुल्दछ बोट हल्ली
सुस्ताई वैलाउँछ पुष्प वल्ली
॥५॥

लेखिन्न सुन्दर् कविता सचित्र
थुनिन्छ आँखा दुइटै विचित्र
ओकल्छ साँचो वह पोखी पोखी
मारिन्छ व्यर्थै शिर ठोकीठोकी
॥६॥

के फुल्छ हा ! फूल सुगन्ध छर्दै
गाउन्न क्वैली नवराग भर्दै
रोकिन्छ हावा गतिहीनतमा
निर्जीव झैं छन् सब मौनतामा
॥७॥

उडी गयो चैन गुमाइ होस
छन् दृश्य हेरी सब ती बिहोस
सच्चाइ बुझ्ने नहुँदा, पवित्र
आँखा-फुटे झैं म मरें मभित्र
॥८॥

कता-कता भित्र दुखी रहन्छ
काँडा बिझेझैं सब ऊ सहन्छ
सम्पूर्ण आस्था हुन थाल्छ भारी
के काम मूर्दाहरु लौ थुपारी
॥९॥

बहाउँ खोला-सरिता-समुद्र
विचार निर्मल जलधी पवित्र
पियास मृत्युहरुका हटाऊँ
टुटेफुटेका दिलको जुटाऊँ
॥१०॥

# अचम्मै छ गाँठे !

बित्यो ग्रीष्म वर्षा उदायो हिमानी
तुषारो जमेको ठिहीको बिहानी
एकारात गर्मी असाध्यै बढेछ
अचम्मै छ गाँठे ! खसी रूख् चढेछ
॥१॥

निकाल्दैन बोली-सबोला छ लाटो
पटापट् कुरा गर्दछन् बक्क लाटो
अहो ! सिंहले चर्न थालेछ घाँस
अचम्मै छ गाँठे ! खसी रूख् चढेछ
॥२॥

भयो आगलागी, सुकेछन् समुद्र
छुरी-ढाल-तर्वार् समाएर बुद्ध
गरी युद्ध हिँड्छन् झिकी तीक्ष्ण दाह्रा
अचम्मै छ गाँठे ! अनौठो छ पारा
॥३॥

महापण्डितैले परीक्षा बिगारे
महामूर्ख लन्ठूहरूले सपारे
तिनै आज विद्वान् भनी नाम राख्ने
अचम्मै छ गाँठे ! विना अग्नि पाक्ने
॥४॥

नुनीलो छ सक्खर अमीलो छ अम्बा
गुलीयो मरिच् रे तितो आँप जम्मा
यहाँ साधु भट्टी जँड्याहा पुरेत
महाऽचम्म गाँठे ! न बाधा विरोध
॥५॥

नदी बग्छ माथी, डढेलो झरिन्छ
विनाघात-ठक्कर सुतेरै मरिन्छ
तताएर पानी घरै जल्न सक्छ
अचम्मै छ गाँठे ! अबोला 'नि बक्छ
॥६॥

विनामार्ग चल्छन् अहो ! रेल गाडी
सबै पाप गर्छन्, सबै धर्म छाडी
जसै घाम झुल्क्यो तथापी अँध्यारो
अचम्मै छ गाँठे ! बुझीसक्न गाह्रो
॥७॥

यहाँ शुद्ध पानी ढलैभित्र बग्छ
बलौटो ठड्याई महल् भव्य बन्छ
न उड्छन् चुरुङ्गी न चल्ने बतास
अचम्मै छ गाँठे ! सबै छन् हतास
॥८॥

# स्वदेश-गान

झिलिमिलि हिम हाँस्ने माथ ठाडो गराई
झटपट सब भाग्थे शत्रु आफैँ डराई
कति पटक त छेवै चुम्नलाई तयार
गगन निलिम झुक्थ्यो धर्तिमा बारबार
॥१॥

सललल जल बग्थे भेट्नलाई समुद्र
हरित वन सुसेली, स्निग्ध गाम्भीर्य भद्र
मधुरित मधुयुक्ता वास बोकी बतास
सरसर डुलिहिँड्ने गामबेँसी हठात
॥२॥

अरुण किरण बोकी झुल्कियो प्रात घाम
समतल, गिरि, खोल्सा, खोँच छन् चार धाम
विविध मधुर गाना बोल्दछन् कण्ठ खोली
चिरबिर चुँचुँ पन्छी तानमा गान घोली
॥३॥

नव रङ शिर हाली हेर डाँफे रमायो
शिखर सरस खोजी बास नौलो रचायो
हरहरहर बास्ना फूलले ओठ खोल्दा
श्रुति सुमधुर सारा सृष्टिको गान बोल्दा
॥४॥

लहलह हरियाली अन्न-ऐश्वर्य भारी
झरझर झरनाले नृत्यको भाव पारी
अघिपछि बटुवाले गोधुली चुम्न लागे
झटपट मन खोली धीरले लक्ष्य दागे
॥५॥

सकल कृषक आफ्ना खेतमा धाईधाई
धरधर पसिनाको धार सारा बगाई
परिश्रम अति गर्दा धानका वल्लरीमा
झलमल रुपभित्रै खुल्दछन् झल्लरीमा
॥६॥

कति वन मुरलीका बाँसजस्तो निगालो
विगत विगत सारा काव्यको यो सँगालो
ऋषिमुनिजन रच्थे ज्ञानविज्ञान धारा
झटपट मनबाटै सभ्यता खुल्छ सारा
॥७॥

अति सुललित कण्ठी गीतको खोलीखोली
कटु वचन इ तोडी कोकिला कण्ठ बोली
जतिजति रचना भो काव्यको गीत गेडा
उतिउति सबला छिन् मातृधर्ती जगेडा
॥८॥

शरद-हिउँद-वर्षा-ग्रीष्म-गर्मी-वसन्त
शिशिर विविध हावा, वाष्प पानी अनन्त
अरुतिर जति खोजे छैन रे यो सुप्राप्य
धवल अचल मेरै राष्ट्रमा यो छ प्राप्य
॥९॥

# उठून् सारा मान्छे

सबैले हेर्दै छन् नजर पृथिवीमा धरिधरी
सधैँ बाँचू, हाँसू अविचल भनी, बेर नगरी
तथापी खानू के उदर गहिरो रुन्छ विचरा
न ता छाकै टार्ने तरुल वनका भ्याकुर गिठा
॥१॥

अहो ! बोल्ने जिब्रा हरतरहले च्यापिन गए
भजन्का भाकाले तुमुल ध्वनिका स्तम्भ ठडिए
पछाडि फर्केका पददलित बाटो भुलिभुली
जनाधार्को खोजी जनरहित बस्ती डुलिडुली
॥२॥

कहाँ त्यो पाइन्थ्यो विजन नभए धर्तिभरमा
न ता गारो, भित्ता, दलिन अथवा भ्याल घरमा
खुला नाङ्गो बाङ्गो धुलिधुसरले ढाकिन गई
तुवाँलो झैँ कालो मन हृदयभित्रै घन भई
॥३॥

तलाउमा हल्का जलसतहमा ठक्कर हुँदा
परेझैँ मान्छेका मनसमूहमा स्थीर नहुँदा
उडेको पन्छीले गगनबिचको मार्ग नभुले
अहो ! जाती हुन्थ्यो सुगम पथ छामीकन डुले
॥४॥

तुषाराले ढाक्दा जमिन ठिहिमा कक्रिन गयो
बिहानी छायाँले सुकुसुम कली फक्रिन गयो
ठिही कैले ठन्डा शिशिर ऋतुको झापट परी
गुमाएको आस्था मृतकजनको जीवन सरी
॥५॥

हवाको झोक्काले प्रदुषित गरेको नभसरी
भयो माटो हाम्रो मनमलिन गन्धा तनसरी
पसीनाको मात्रा जतिजति बढ्यो शोषित भयो
बडाको छायाँले निरिहजनको स्वत्व हरियो
॥६॥

न बोल्ने बाटा छन् मनहृदयका स्वच्छ कविता
न खोल्ने पाटा छन्, शित शरिरमा उष्ण सविता
न लाग्छन्, चाहेको खुस हृदयले गर्न नहुने
परेका छन् मान्छे जलनबिचमा, चल्न नहुने
॥७॥

जहाँ मान्छे चुस्छन् गरिबहरुका रक्तकणिका
जहाँ मान्छे झुक्छन् धनिकहरुका सामु गणिका–
झुकेझैँ, बाँचेका फगत मनका जीवितहरू
सधैँ मूर्छा पर्छन् पलपल गिरी शोषितहरू
॥८॥

सहे झन् पेलिन्छन् अतिशय कडा पत्थरबिच
न कैले पुग्दा हुन् मनुजबिचका प्रेम नगिच
सबै आफूजस्ता मिलिकन लडे निर्बलहरू
उचाईमा पुग्लान् सकल भवका दुर्बलहरू
॥९॥

सबैभन्दा चर्को मन-हृदयमा चेतन भरी
उठाई झन् अग्लो, अबुझ मनका अल्झन हरी
खुलाई बाटाका सहजसित ती कण्टकहरू
उठून् सारा मान्छे, सबलिकृत भै बान्धवहरू
॥१०॥

# पानी

पानी म हूँ सुन्दर दिव्य धारा
बचाउने सिर्जनको सहारा
आकाशमा वा धरती म भर्छु
सन्ताप सुख्खा सबको म हर्छु
॥१॥

म सुन्दरी इन्द्रधनुषलाई
रङ्गीन पारी नभमा सजाई
म घाम लाग्दा रवि-रङ्ग भर्छु
सौन्दर्यका कणकणधर्ती छर्छु
॥२॥

खोला-नदीका रुपमा बहन्छु
फोहार धोई म पिडा सहन्छु
धुलो पखाली अरु शुद्ध पार्ने
जिताउने औ म स्वयम् नहार्ने
॥३॥

नाडी गलेका जनको पियास
मेटाउने कल्कल दिव्य आश
सिँचेर माटो म सुगन्ध छर्छु
नवीनताको सुन-सृष्टि गर्छु
॥४॥

उठेर अग्ली नभमा पुगेर
धर्ती भरीमा बुँद छर्किएर
हराभरा वृक्ष-लता-लतामा
सञ्जीवनी छर्दछु शुष्कतामा
॥५॥

म ग्रीष्म-वर्षा जल बर्सिदिन्छु
जमेर जाडो हिम थुप्रिदिन्छु
हिमाल भै अग्लिएरै म बस्छु
समुद्र भै पग्लिएरै म बग्छु
॥६॥

सुमार्ग रोक्ने गिरिराज फोड्छु
अगाडि छेक्ने पहरो म तोड्छु
बाधा पुऱ्याई जुन सामु आओस्
टुटेर आफैं जलभित्र जाओस्
॥७॥

# लोकको आत्मरक्षा

मेरो भाका बलसहितले मेट्दियो आज कल्ले
मेरा आँखा कपट-छलले थुन्दियो आज कल्ले
मेरा खुट्टा गमनपथमा रोक्दियो आज कल्ले
मेरा प्यारा किरण रविका छेक्दियो आज कल्ले
॥१॥

अन्ध्याराले सहज मनले ज्योतिलाई सहन्न
कालो स्वार्थी मनवचनमा सत्य कैले रहन्न
सामन्तीका कुरुप मनमा पापका दाग बस्छन्
चुस्ताचुस्ता कथित करुणा ग्राहका आँसु खस्छन्
॥२॥

बस्छन् जाली कपटहरुका गोल घेरा बनाई
छोप्छन् काला करतुतहरू फूलका रङ्ग लाई
भित्री कालो विषसहितको सर्पको चाल बोकी
मार्छन् सारा मुलुकभरिका न्यायका माथ ठोकी
॥३॥

मेरो भाका सलल नबगे बाँच्नुको अर्थ छैन
मेरो आँखा झलल नखुले देख्नुको अर्थ छैन
जस्ले रोक्छन् गिरिसदृशका पाउ, ती तोड्नुपर्छ
जस्ले छेक्छन् किरण रविका, झार ती गोड्नुपर्छ
॥४॥

मै हूँ भन्ने अबुझ शठ ती मूढका पेट चिर्दै
मान्छे खाने घर र उसका कण्ठ सिङ्गो निचोर्दै
हाम्रा आफ्ना विलिन हकको गर्नलाई सुरक्षा
हामी आफैं सुसबल बनौं हुन्छ रे लोकरक्षा
॥५॥

# भोको बाघ नमारी हुन्न

आयो एक महŒवपूर्ण सुघडी नेपालको आँगन
नौलो सिर्जनको बिहानपखको नौलै छटाको मन
ढुक्कै बस्नु तथापि हुन्न अहिल्यै ढुक्तै छ रे त्यो वन
भोको बाघ अघाउँदैन जनको मासु नखाईकन
॥१॥

हामीले अति तीक्ष्ण बुद्धि नगरे हामी पछी पर्दछौँ
वर्षौंदेखि मर्‍यौं, अझै पनि यहाँ वर्षौं कति मर्दछौँ
थुन्ने खोर अझै भएन गतिलो, उम्किन्छ त्यो छिन्छिन
भोको बाघ अघाउँदैन जनको मासु नखाईकन
॥२॥

हात्ती पाल्न सकिन्न खालि उसको खाने नियत् मात्र छ
भोकै बस्तछ लाखलाख दुनियाँ आँसु पिई बाँच्तछ
खोस्नै पर्दछ लोक-भोक दुनियाँ मारी लुटेको धन
भोको बाघ अघाउँदैन जनको मासु नखाईकन
॥३॥

खोज्दै छन् गणतन्त्रको नवदिशा सारा दुनियाँहरू
खेल्दै साँझविहान, रात, दिउँसो साना मुनियाँहरू
बौरायो यदि टाउको पनि भने झम्टन्छ मान्छेकन
भोको बाघ अघाउँदैन जनको मासु नखाईकन
॥४॥

खुट्टा भाँच, फुकाल दाँत उसका नङ्ग्राहरू काटिद्यौ
नौलो देश बनाउने समरमा बाधा सबै भाँचिद्यौ
हाँसोले भरियून् स्वदेशभरका गाउँ, सहर जङ्गल
भोको बाघ नमारी हुन्न कहिल्यै नेपालको मङ्गल
॥५॥

# कुर्सीमहिमा

कुर्सी नै जिन्दगी हाम्रो कुर्सी तारणहार हो
कुर्सी छैन भने साँच्चै जिन्दगी यो निसार भो
॥१॥

कुर्सीमै जन्मियौँ हामी कुर्सीकै लागि मर्नु छ
कुर्सीमा नबसी हुन्छ ? बसेरै केही गर्नु छ
॥२॥

कुर्सीको भैँ मधुर् वास्ना अरू केबाट आउँछ
कुर्सी पाउनका लागि बूढो संसद धाउँछ ॥३॥

कुर्सीका स्रोत हुन् केके खोज-सन्धान गर्दछु
कुर्सी स्थायित्वका लागि जैले जे पनि गर्दछु
॥४

कुर्सी होस् काठकै किंवा मणिमाणिक्य मण्डित
कुर्सीको महिमा कैल्यै कसै हुँदैन खण्डित
॥५॥

कुर्सी हो शानको भण्डार कुर्सी धाक रवाफ हो
कुर्सी प्रश्न स्वयं आफैँ, कुर्सी त्यस्को जवाफ हो
॥६॥

कुर्सी पाउन मान्छेले ठूला युद्ध रचे कति
कुर्सीकै मोहले लाखौँ, करोडौँ धनको क्षति
॥७॥

कुर्सीले भगवान्-ईश्वर् दानवीवृत्तिमा भरे
कुर्सी छोड्नुपरे साँच्चै हीनताले मरेमरे
॥८॥

हे कुर्सी ! महिमा तेरो साँच्चै कत्ति अपार छ
तँविना सबको जीवन् व्यर्थै वा अन्धकार छ
॥९॥

मरेका बिउँभी उठ्ने कुर्सीको नाम राम भो
कुर्सीकै मोहले मान्छे, 'राम' बाट 'हराम' भो
॥१०॥

# बत्तीमा तेल हालौँ

झलझल रगतैको भेल नै आएजस्तो
जलविहिन छ किन्तु रक्तको धार सस्तो
पथ-विपथ छ उल्टो हिँड्नलाई छ गाह्रो
सुगम छ पथ काहाँ बन्द गर्छन् तगारो
॥१॥

दलहरु दुइजिब्रे फेर्दछन् बात छिन्छिन्
अलमल गरि बस्छन्, घात बढ्दो छ दिन्दिन्
कतिपय जन आफ्नैमाथि गर्छन् प्रहार
मुटु जलन छ कालापानीमा बारबार
॥२॥

फुलहरु फुलिदिन्छन् स्वार्थको भाव छोडी
तर पनि सब मान्छे स्वार्थमै चित्त जोडी
किन किन यसरी नै लिप्त बन्दै छ मान्छे
भएजति सब आफैँ खान बन्दै छ भान्छे
॥३॥

सरल हृदय मान्छे बाँच्नलाई छ गाह्रो
तपतप पसिनामा जिन्दगी बाँच्न साह्रो
सहमति जति खोज्छन् भाग्दछन् दूर झन्झन्
असहमति छ बढ्दो स्वार्थले ग्रस्त तन्मन्
॥४॥

जतिजति मन सानो स्वार्थको बन्छ घेरा
उतिउति गरदै छौँ देश खोज्नै अबेरा
अखिल हृदयभित्रै चेतना बाल्न थालौँ
झिलिमिलि बिजुलीको बत्तिमा तेल हालौँ
॥५॥

# फूल

सकल वागमा फूल-वासना
सहन सक्तिनन् फूल सासना
नविन खोज्दछिन् फूल भूमिका
सुजन सम्झ लौ फूल अम्विका
॥१॥

विरल पाइने प्रेम अमृत
मधुर माहुरी झुन्डमा प्रित
भुनुनु गाउँदै तप्त घाममा
निसृत वेदना भुल्छ काममा
॥२॥

मनुज मूर्खता ऐँस खोज्दछ
समय बिर्साँदै बैँस रोज्दछ
अपितु मोहमा बन्धु भुल्दछ
हृदय कल्मसी झट्ट खुल्दछ
॥३॥

सलल बग्नुमा जिन्दगी छ रे
वितथवादले पोल्दछ भरे
शरद आउँदा फूल फक्रियो
वितत स्नेहले भित्र पक्रियो
॥४॥

रगत पोखिँदा जोस बौरिने
फगत जोसले धर्ति कक्रिने
कमल-कोमला फूलझैँ बनौँ
सरल भावना एक भै उनौँ
॥५॥

# नयाँ नेपाल

कैले हाम्रा विगत दिनका पौरखी हात खोज्छौ
कैले आफ्ना गलत मनका भड्किला भाव रोज्छौ
हेर्दाहेर्दै सबल दुनियाँ भैगयो आज व्यर्थ
अग्लाअग्ला महल सुकिला हल्लिए यत्रतत्र
॥१॥

हावा चल्दा जहर भरिला उड्दछन् सर्सराई
तीखा जिब्रा लपलप गरी रक्तमा लर्बराई
नङ्ग्रा धस्ने हृदयबिचमा क्रोधको फेर पक्री
कैले देला रसमय कला वासना फूल फक्री
॥२॥

डाँडापाखा वरिपरि कतै छैन खुल्ला उज्यालो
न्यानो छायाँ करुण रसको आउनेछैन पालो
सेता अग्ला शिखर हिमका रङ्गिए रङ्ग कालो
मन्का मैला कलुषित कथा चढ्न थाले उकालो
॥३॥

हामी खोज्छौँ जतिजति नयाँ घामको एक झुल्को
आस्था हाम्रो हरण हुन गो शेष क्यै छैन फुल्को
यौटा खोज्दा अझ कति अरू लोप हुन्छन् धरामा
हल्लीहल्ली कुसुमकलिका जीर्ण बन्छन् जरामा
॥४॥

आशा हाम्रो नविन युगको ,चाहना देश नौलो
बोक्ता आए पथ-विपथमा पुर्न सक्छौँ नि खौलो
अग्लो पार्ने अतिशय खुसी फूल जस्तो म देश
छातीभित्रै हिमगिरि–पहाड् बोकुँ लौलौ मधेस
॥५॥

# छिमेकी

यो मेरो घरको खम्बा धमिरो किन लाग्दछ
हल्लाई जगको ढुङ्गा च्यापेर जब भाग्दछ
॥१॥

छिमेकीको मनै कालो, कालो विचार कर्ममा
साँध सार्छ सधैँ उत्तर, न रहन्छ स्वधर्ममा
॥२॥

खनेर खेतका कान्ला आफ्नैमा ऊ मिसाउँछ
हाम्रो पौरखको चौतारीमा भारी बिसाउँछ
॥३॥

मेरै खेत र बारीमा गाईवस्तु चराउँछ
बाली खुवाउने मेरै, मैलाई पो कराउँछ
॥४॥

कैले घोच्तछ सुस्तामा मिर्मिरे नभईकन
लुट्छ पश्चिमको किल्ला कालापानी पसीकन
॥५॥

क्वैलाबास उजाडेर मेरो आँगन खन्दछ
धूर्त्याइँ मनले गर्छ साधु सात्विक बन्दछ
॥६॥

मुखमा छ अहो! राम्राम्, धस्तछ पिठमा छुरा
छिमेकी सबको माया गुमाएको पुरापुरा
॥७॥

तिर्खा लागे पनि किच्चिच्, भोकमा पनि किच्चिच
लिनमा छ सधैँ किच्चिच्, दिनमा पनि किच्चिच
॥८॥

किच्चिचे उसको बानी हामीले सहनु कति
जेजे गर्छ सही बस्नु ? पीडामा रहनु कति
॥९॥

हाम्रो स्वाधीनको आस्था सार्वभौमिकताभरि
दिनु हुन्न खिया लाग्न, गर्छु रक्षा कसैगरी
॥१०॥

# मन

मान्छेको मन हो साँचो काँचोलाई पकाउने
कालो विस्मतको छायाँ फ्याँकी प्रकाश ल्याउने
॥१॥

तीव्र उडानको शक्ति, रोकिन्न मनको गति
रोकिँदैन कसै काहीँ यसको वेग हत्पति
॥२॥

कैले विरहको चिन्ताभित्र डुब्दछ यो मन
पौडन्छ जलमा कैले खुसी बोकेर छिन्‌छिन
॥३॥

जालको घुँघुरा बज्छ यसकै भित्र अन्तर
जाल षड्यन्त्रको बुन्न तल्लीन् हुन्छ निरन्तर
॥४॥

फेरि यै मन हो– सारा कालो मैलो पखालने
सिङ्गै धर्ती उज्यालोमा ज्योति जग्मग पारने
॥५॥

सूक्ष्मभन्दा अझै सूक्ष्म परमाणु सरी हुने
विस्तारित हुँदै जाँदा सारा ब्रह्माण्ड ढाकिने
॥६॥

विज्ञान बुझ्न सक्दैन, ज्ञान बुझ्दैन यो गति
काटे, घोचे, छिनाले 'नि हुँदैन मनको क्षति
॥७॥

# सन्दर्भसामग्री–सूची

क. सन्दर्भ पुस्तक–सूची

१. आचार्य, जगन्नाथ (२०६५), **समय-स्वर**, जुगल मिडिया प्रा.लि. ।

२. घिमिरे, माधवप्रसाद (२०३०), **आफ्नै बाँसुरी आफ्नै गीत**, काठमाडौँ : साझा प्रकाशन ।

३. ज्ञवाली, रामप्रसाद (२०६२), **असुरग्याँस**, काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

४. त्रिपाठी, वासुदेव (२०४८), **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा, पहिलो भाग,** द्वितीय संस्करण, काठमाडौँ : साझा प्रकाशन ।

५. त्रिपाठी, वासुदेव र अन्य (२०४८), (सम्पा), **नेपाली कविता भाग २,** प्रथम संस्करण, काठमाडौँ : साझा प्रकाशन ।

६. –––––– (२०५३), (सम्पा), **नेपाली कविता भाग ४**, द्वितीय संस्करण, काठमाडौँ : साझा प्रकाशन ।

७. थापा, हिमांशु (२०४७), **साहित्य परिचय**, तेस्रो संस्करण, काठमाडौँ : साझा प्रकाशन ।

८. नेपाल, देवी (२०६२), **छन्द-पराग**, काठमाडौँ : भुँडी प्रकाशन ।

९. पोखरेल, बालकृष्ण (२०६२), **पाँच सय वर्ष**, काठमाडौँ : साझा प्रकाशन ।

१०. पौडेल, हेमनाथ (२०६५), **प्रगतिवादी दृष्टिमा कवि र कविता**, काठमाडौँ : पैरवी प्रकाशन ।

११. पंज्ञानी, मित्रलाल (२०६५), **पृथ्वी कसको ?**, लोकप्रसाद न्यौपाने ।

१२. प्रेक्षित, जगत् (२०६०), **समयका छालहरू**, काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन प्रा. लि. ।

१३. शर्मा, तारानाथ (२०५१), **नेपाली साहित्यको इतिहास**, काठमाडौँ : नवीन प्रकाशन ।

१४. शर्मा, बालचन्द्र (२०३९), **नेपाली साहित्यको इतिहास**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

१५. श्रेष्ठ, दयाराम (२०४७), **वीरकालीन कविता**, दोस्रो संस्करण, काठमाडौँ : रत्नपुस्तक भण्डार ।

१६. श्रेष्ठ, दयाराम र मोहनराज शर्मा (२०४०), **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**, द्वितीय संस्करण, काठमाडौँ : साझा प्रकाशन ।

१७. –––– (२०४६), **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**, तृतीय संस्करण, काठमाडौँ : साझा प्रकाशन ।

१८. सिग्द्याल, सोमनाथ, (२०१६), **साहित्य प्रदीप**, काठमाडौँ : नेपाल एकेडेमी ।

ख. सन्दर्भ पत्रिका–सूची

१. नेपाल, देवी (२०६४), जागृति-स्वर, **जनमत** (कविता खण्ड २), बनेपा : जनमत प्रकाशन ।

२. ––––––(२०६६ असार ९),देश हार्दै छ आज, **बुधवार साप्ताहिक**, काठमाडौँ ।

३. ––––––(२०५९), कविता लेख्न सक्दिनँ, **मेची पद्यमाला**, इलाम ।

४. ––––––(२०६०), निडर बन परेवा, **सङ्गम वार्षिक मुखपत्र**, काठमाडौँ : स्ववियु, महेन्द्ररत्न क्याम्पस, ताहाचल ।

५. ––––– (२०६१ मङ्सिर १५), उज्यालाको खोजी, **सेतो कागज** (अङ्क २), काठमाडौँ : शब्दघर प्रकाशन ।